बद्धवचन तिपिटक अन्तर्गत
सुत्तपिटक खुद्दकनिकायको सातौं ग्रन्थ



# पेतवत्थु

# *Petavatthu*

Dhamma Digital

अनुवादक

Downloaded from http://dhamma.digital

भिक्षु बोधिसेन महास्थविर

बुद्धवचन तिपिटक अन्तर्गत
सुत्तपिटक खुद्दकनिकायको सातौं ग्रन्थ

# पेतवत्थु

# *Petavatthu*

Dhamma.Digital

अनुवादक
भिक्षु बोधिसेन महास्थविर

प्रकाशिका
नारायणदेवी महर्जन

Downloaded from http://dhamma.digital

**प्रकाशिका**
**नारायणदेवी महर्जन**

नेपालीमा: १००० प्रति

बुद्ध संवत् : २५५८ विक्रम संवत : २०७१ नेपाल संवत् : ११३४
ईश्वी संवत् २०१४

**यो पुस्तक धम्मदानको निम्ति हो, बिक्रीको निम्ति होइन ।**

**अनुवादकका प्रकाशित कृतिहरू :-**

नेपाल भाषा :-

१. त्रिरत्न वन्दनामाला । २. स्वपू जातक बाखँ । ३. तथागतया उपदेश । ४. पेतवत्थु । ५. थेर-गाथा । ६. त्रिरत्न-वन्दनामाला (दो. सं.) । ७. त्रिरत्न वन्दनामाला (ते. सं.) ।

नेपाली भाषा :-

१. कृष्णायन गोत्रको उत्पत्ति । २. थेरी-गाथा प्रथम भाग । ३. थेरी-गाथा दोस्रो भाग । ४. बोधि कथा । ५. जातक कथा । ६. अङ्गुत्तरनिकाय प्रथम भाग । ७. अङ्गुत्तरनिकाय दोस्रो भाग । ८. थेरी-गाथा दो. सं. । ९. दुरेनिदानकथा । १०. अङ्गुत्तरनिकाय तेस्रो भाग । ११. अङ्गुत्तरनिकाय चौथो भाग । १२. अङ्गुत्तरनिकाय, पाँचौ भाग । अङ्गुत्तरनिकाय प्रथम भाग (दोस्रो-संस्करण) । १३. पेतवत्थु तपाईंकै हातमा । **१४. अङ्गुत्तरनिकाय दोस्रो भाग (दोस्रो-. संस्करण) प्रकाशकको प्रतिक्षामा ।**

कम्प्युटर सेटिङ्ग, भिक्षु बोधिसेन महास्थविर ।

**मुद्रण: शुभकामना प्रिन्टिङ्ग प्रेस,**
**केलटोल, मासंगल्ली, फोन नं. ४२३२१२४**

Downloaded from http://dhamma.digital

# समर्पण

पेतवत्थु पुस्तक प्रकाशनका श्रोत हुनुभएका स्व. सुदर्शन महास्थविरको पुण्यस्मृतिमा समर्पण ।

–भिक्षु बोधिसेन महास्थविर

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# भन्नु पर्ने कुरा

(१/६/२०५७ का दिन नेपाल भाषामा थेरगाथा र पेतवत्थु मैले अनुवाद गर्दा (दिवंगत श्रद्धेय भन्ते सुदर्श महास्थविरज्यूले "**धाये मा:गु खँ**" भनि लेख्नु भएकोलाई नै नेपाली भाषामा वहाँकै स्मरणमा मैले यस पेतवत्थु पुस्तकमा अनुवाद गरेको हुँ।)

१."पालि तिपिटक" बौद्ध वाङ्मयको मूल भण्डागार हो। त्यसैले यसको अनुवाद नेपाली र विभिन्न भाषामा हुनुपर्ने हो भने अझ नेपालका बौद्धहरूको निम्ति विभिन्न भाषामा अनुवाद हुनुपर्नेमा हालसम्म श्री ५को सरकारले होश पुऱ्याउन सकेको छैन। हामीहरू पनि यसतिर अघि बढ्न सकेकाछैनौं।

२. दिवंगत श्रद्धेय आचार्य भिक्षु अमृतानन्द महानायक महास्थविरज्यूले "पालि तिपिटक" लाई बुद्धकालीन २६ वटा ग्रन्थमालासरह नेपाली भाषामा संकलन गर्ने, गाँस्ने र भाषामा परिवर्तन गर्ने अतुलनीयरूपले पुण्य कार्य पूर्ण गर्नुभयो।

३. नेपाल भाषामा नेपाली भाषा भन्दा पहिले धर्मप्राचार गर्नचाहिने अनुसार "पालि तिपिटक" को सुत्तहरू र खुद्दकनिकायको पुस्तकहरू निस्किसकेको छ। श्रीमान् दुण्डबहादुर बज्राचार्यले भाषा परिवर्तन गर्नुभएको "दीघ निकाय" र "मज्झिम निकाय" नयाँ इतिहास शुरुवातको कार्यभयो। साथै "संयुक्त निकाय"को अनुवाद वहाँले गरिरहनु भएको छ भन्ने सुन्न पाउँदा मनमा आयो कमसेकम सुत्तपिटक नेपाल भाषामा पूर्णरूपले चाँडै हुनसक्छ।

४. अनि "सुत्तपिटक" अनुवाद पूर्णगर्न "खुद्दकनिकय"को

Downloaded from http://dhamma.digital

१५ वटा पुस्तक मध्ये अनुवाद भई निस्कि नसकेको ८ वटा पुस्तक निकाल्न एक भेला भयो । अनुवाद र कम्प्यूटर सेटिंग केही न केही सहयोग गर्न हिमालय बौद्ध प्रतिष्ठान अगुवा हुनुभयो । अनुवादकहरूलाई मूल पालि पुस्तक, शब्दकोष र अन्य भाषाबाट अनुदित पुस्तक नगर मण्डप श्रीकीर्ति विहारबाट दिने निश्चय गरें । भेला भएकाहरूले अनुवाद कार्यमा भाग लिने कुरा सम्पन्न भयो ।

५. यही भेलाको कार्य अनुसार आयुष्मान भिक्षु बोधिसेन महास्थविरले "थेरगाथा" र "पेतवत्थु" अनुवाद पूर्ण गर्नुभयो । श्रीमान् भूवनलाल प्रधानज्यूले "बुद्धवंस"को अनुवाद गर्नुभयो । भिक्षु ज्ञानपूर्णिक महास्थविरकहाँ उत्पल्लवर्ण अनागारिकाले जातक अनुवाद लेखन कार्य पनि सम्पन्न हुनै लागेको छ ।

६. श्रद्धालु उपासक ज्ञानज्योति कंसाकारज्यूले मेरो एउटै वचनले "थेरगाथा", "पेतवत्थु", "बुद्धवंस" र "जातक" निकाल्न १,५०,००० रुपियाँ प्रदान गर्नुभयो । श्रीमान् धर्मरत्न शाक्य 'त्रिशुली'ज्यूले पूर्ण गर्नु भएको "विमानवत्थु" नगर मण्डप श्रीकीर्ति विहारबाट निकाल्ने भएं ।

७. "थेरगाथा" र "पेतवत्थु"को विषयमा आँखाको कारणले केही कोट्याउन नसकेकोले मेरो मनमा दुःख लागेको छ । अनुवादक भिक्षु बोधिसेनले नै कम वा नपुगेको पूर्ण गरी भूमिका पनि लेख्नु भएको छ । अनुवाद सललल बढ्दै नेपाल भाषामा सरल र अलग्गै गुण अंगालेर पालिको सठिक अनुवाद वहाँले गर्नु भएको छ । आयुष्मानको नेपाली र नेपाल भाषामा अन्य पुस्तकहरू पनि निस्कि सकेकोउल्लेख गर्न योग्य अनुरूप

Downloaded from http://dhamma.digital

नेपाली भाषामा थेरीगाथा पनि निस्किसकेको हुनाले मैले आयुष्मानको लेखनमा धेरै-धेरै नै आशा गर्दछु ।

८.सद्धर्मप्रेमीहरूसंग धर्मग्रन्थ पढ्ने मन धेरै हुनु पर्‍यो । पढ्नको निम्ति पुस्तकहरू पनि हुनुपर्‍यो भन्ने शुभचित्त लिई धम्मदान गर्नुहुनेहरू श्रद्धालु उपासक ज्ञानज्योति कंसाकार र वहाँकी श्रीमती लक्ष्मीप्रभा कंसाकारका यस पुण्य कार्यमा साधुवाद दिनु पनि पुण्यको भागी हुनु हो । साधुवाद !

९. "पालि तिपिटक" अनुवाद र प्रकाशनमा आफूलाई समर्पित गरिरहनु भएका श्रीमान दुण्डबहादुर बज्राचार्यको प्रेस कार्यमा सहयोग र सल्लाहको निम्ति मेरो शुभेच्छा छ । यति भन्नु पर्ने कुरा हो ।

१०. "पालि तिपिटकको नेपाल भाषामा अनुवाद सम्पन्न गर्न" अपदान, निद्देस र पटिसम्भिदामग्ग अनुवाद सम्पन्न गरिएको र अनुदित भएको पुस्तक प्रकाशक श्रद्धालु दाताहरू पनि हुनेछन् भन्ने आशा र विश्वास भएको कुरा अर्को भन्नुपनर्ने कुरा हो ।

- भिक्षु सुदर्शन महास्थविर

नगर मण्डप श्रीकीर्ति विहार
कीर्तिपुर नगरपालिका –१७कीर्तिपुर १/६/२०५७

Downloaded from http://dhamma.digital

# प्रकाशकको शुभेच्छा

शाक्यमुनि बुद्धको उपदेश अनुसार शरीर, वचन र मन परिशुद्ध गर्नुपर्छ। शरीर वचन र मन अपरिशुद्ध भएमा त्यसको परिणाम दुःखमय वा कष्टमय हुन्छ। शरीर, वचन र मन परिशुद्ध भएमा सुखमय तथा आनन्दमय जीवन हुन्छ। यही सत्य वचनप्रति विश्वास राखेर सद्धर्म गर्नु हाम्रो निम्ति कल्याण हो भन्ने विचार आएको हुनाले यो पुस्तक धर्म दानस्वरूप दान दिने मनमा आयो। यहाँहरूले यो पुस्तकमा रहेको पढ्नु भई यस लोकमा र परलोकमा जीवन सुधार हुने ज्ञान लिनुहुनेछ भन्ने विश्वासका साथै यहाँहरूको जीवन मङ्गलमय होस् भनी मङ्गलकामना गर्दछु।

- नारायणदेवी महर्जन

खुशी बुँ, नयाँ बजार
वडा नं १६, काठमाडौं
नेपाल।

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# नारायणदेवी महर्जन

प्रात:स्मरणीय आमा नारायणदेवी भक्तपुरमा बुबा मोतीलाल महर्जन र आमा नानी महर्जनको प्यारी जेठी सुपुत्रीको रूपमा वि.सं १९७७ मा जन्मिनु भयो । १५ वर्षको हुँदा काठमाडौंस्थित तेउसी टोलमा जितबहादुर महर्जनसँग विवाह भयो ।

प्यारी आमा नारायणदेवीको कोखबाट पाँचजना छोरी र एकजना छोराको जन्म भयो । यी छजना सन्तान मध्येमा साहिँली छोरी बेखामाया र कान्छी छोरी मैंत्रा महर्जन मात्रै जीवित रहिन् । विवाहको ३५ वर्षमा आफ्नो श्रीमान् जितबहादुर महर्जनको निधन भयो । आफ्नो श्रीमान्, छोरा र दुइटी छोरीको निधनमा विचलित नभई मनमा धैर्य लिई बेखामाया र मैंत्राको लालन पालनमा दु:ख-कष्टसहेर हामीलाई समयमै विवाहको बन्धनमा बाँधी दिनुभयो ।

हामीहरूको विवावपछि साहिँली छोरी बेखामायाकहाँ १० वर्षसम्म बस्नुभयो । त्यसपछि म कान्छी छोरी मैत्राकहाँ बसिरहन् भएको छ । आमाको सेवा भाग्यहनेले मात्र गर्नु पाउँछन् भन्ने मनमा लिई सेवा गरिरहेकी छु ।

आफन्तको निधनमा अनित्य बोध गरी प्यारी आमा समय-समयमा विहार-विहारमा जानुभई बुद्धपूजा, धर्मदेशना सुन्ने, श्रद्धानुसार घरमा नै महापरित्राण दुईपटक, तिनपटक शुभमङ्गल विहार थानकोटमा, धम्मावास विहार खशीबुँमा एकपटक गरी जम्मा चारपटक कथिन चीवर दान दिनुभयो घरमा भिक्षुसंघ र अनागारिकाहरूलाई समयसमयमा निमन्त्रण

Downloaded from http://dhamma.digital

गरी दान दिने कार्य भइरहन्छ । आफू ७७ वर्षको हुँदा, ८२ वर्षको हुँदा अनि ९० वर्षको हुँदा जन्कुको उपलक्ष लिई अस्थाई प्रव्रजित पनि हुनुभयो । हाल वहाँ ९४ वर्षको हुनुहुन्छ ।

वहाँकै श्रद्धानुसार श्रद्धेय बोधिसेन भन्तेज्यूले बुद्ध वचन त्रिपिटक अन्तर्गत सुत्रपिटक खुद्दकनिकायको सातौं ग्रन्थ पेतवत्थु नेपालीमा अनुवाद गर्नुभएकोलाई प्रकाशिका हुनुभयो । पेतवत्थु पुस्तक प्रकाशनको निम्ति मौका दिनुभएकोमा हामी वहाँप्रति आभारी छौं । हामी अति नै भाग्यमानी छौं कि पुण्य कार्यमा श्रद्धावान भई पुण्य-कर्म गर्ने आमा पायौं ।

मैंञा महर्जन

खुशी बुँ, नयाँ बजार
वडा नं १६, काठमाडौं
नेपाल ।

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# भूमिका

थेरवाद बुद्धधर्मको ग्रन्थ तिपिटक हो । तिपिटक तीन भागमा विभाजित छन् । सुत्तपिटक, विनयपिटक र अभिधम्मपिटक यी तीन पिटकलाई तिपिटक भनिन्छ । यो पेतवत्थु सुत्त-पिटक अन्तर्गत खुद्दकनिकायको सातौं ग्रन्थमाला हो ।

यो पेतवत्थु कथा विशेष गरी पाप कर्मको फल दुःखदायी, कष्टदायी तथा सन्तापदायी हुन्छ भन्ने बुझाउने कथावस्तु हो । कुन कर्मले गर्दा कस्तो फल भोग्नु पर्छ भन्ने सम्बन्धित गाथाहरू समावेश भएका छन् । गाथामा रहेको पेतवत्थुलाई पाठकहरूले बुझ्नसकोस् भनी पेतवत्थु अत्थकथामा उल्लेखितलाई संकलन गरी गाथा शुरु हुन अगाडि सार-संक्षिप्त रूपमा कथा उल्लेख गरिदिएको छु ।

पेतवत्थु मा जम्मा ५१ जनाको कर्म र कर्म फलका कुराहरू छन् । यसमा आएका गाथाहरू चारप्रकारले विभाजित गर्न सक्छ । (क) आफन्तको मृत्यु हुँदा शोकाकूलमा परेकालाई शोकबाट मुक्त गरिदिएको, (ख) नर्कमा जन्म (ग) विमानक प्रेत विमानिका प्रेतनी (घ) खान, पिउन र वस्त्रादि लाउन नपाएर महादुःख कष्ट पूर्वक जीवन बिताइ रहेका प्रेतहरू । प्रेत दुईप्रकारका छन्– परदत्तूजीवि प्रेत र कर्मानुसार आफ्नै शरीरको मासु आफैले नै खानु पर्ने, घृणित पदार्थहरू पीप, खकार, सिंगान, रगत र दिसा खाएर जीवन यापन गर्ने प्रेत । 'परदत्तूपजीवि' प्रेत भन्नाले उसको आफन्तहरूले वा साथी-भाइहरूले सम्झना गरी उसको उपलक्ष लिएर दानादि पुण्य कर्म गरिदिंदा परदत्तूपजीवि प्रेतले खान पाउने, पिउन पाउने र वस्त्रादि लाउन पाउने तथा देवता समान हुन्छ । तर प्रेतको

Downloaded from http://dhamma.digital

उपलक्ष लिएर दानादि पुण्य कर्म गरी नदिएसम्म खान-पान तथा वस्त्रादिबाट वञ्चित हुन्छ । जस्तै कि– तिरोकुट्ट प्रेतको कथामा फुस्स बुद्धको पालामा दानादि पुण्य कर्म गरिरहेको बेला मन असन्तुष्ट गरी दानीय वस्तु चोरेर खाने र नष्ट गरिदिने पाप कर्म गर्नेहरू नर्कको दुःख भोग गरिसक्दा अर्को कस्सप बुद्धको पालामा ती नर्क भोग गरिरहेकाहरू प्रेत भई जन्मे । त्यस समयमा अन्य प्रेतहरूका आफन्तले उनीहरूको नाउँमा दानादि पुण्य कर्म गरिदिँदा तिनीहरू दुःख-कष्टबाट मुक्त भएको देखेपछि ती प्रेतहरू भोक र प्यासको दुःख-कष्टबाट मुक्त हुन नपाउँदा कस्सप बुद्धकहाँ गई सोधे– **"किनुखो, भन्ते, मयम्पि एवं रूपं सम्पत्तिं लभेय्यामा"** ति ? "भन्ते ! हामीले पनि त्यसरी नै कहिले सम्पत्ति पाउने छौं ?" कस्सप बुद्धले भन्नुभयो– मेरो पालामा पाउने छैन । अनागतमा गौतम बुद्ध हुनुहुनेछ त्यस समयमा तिमीहरूका आफन्त राजा बिम्बिसारले **"सो बुद्धस्स दानं दत्वा तुह्माकं उद्दिसिस्सति, तदा लभेस्सथा"** ति । "वहाँ भगवान बुद्धलाई तिमीहरूको उद्देश्य लिएर दान दिंदा त्यसबेला तिमीहरूले पाउनेछौ । कस्सप बुद्धको समय देखि लिएर गौतम बुद्धको पूर्वकालसम्म खान पाएका थिएन, पिउन पाएका थिएन र लाउन पाएका थिएन । कस्सप बुद्धको समय देखि लिएर गौतम बुद्धको समय भनेको बयानब्बे कल्प हुन्छ । बयानब्बे कल्पसम्म पाप कर्मको फल भोग गर्नु भनेको आश्चर्य हो ।

अब सक्षिप्तरूपले यस पेतवत्थुमा आएको प्रेतको विषय लिएर प्रस्तुत गर्छु– १. "खेत्तुपम" मोग्गल्लान भन्तेलाई आफू पिउन लागेको पानी नपीकन पानी दान गरेको पुण्यको कारणले भूमि देवता भई जन्म लिएको हुँदा भगवान बुद्धले आज्ञा हुनुभएको खेत्तूपम प्रेत कथा हो ।

Downloaded from http://dhamma.digital

उरग वगर्मा २. सूकरमुख प्रेत र ३.पूतिमुख प्रेतसँग नारद भन्तेसँग भेट हुँदा दुवै प्रेतले वचनद्वारा गरेको पाप कर्मलाई उल्लेख गर्दै आफूहरूले जस्तै पाप कर्मको फल भोग्न नपरोस भनी विचार व्यक्त गरेको छ ।।४.पिट्ठधीतलिक प्रेत अनाथपिण्डिक महाजनको सुपुत्री गुरियालाई छोरी समान प्रेम गरी खेली रहँदा त्यो गुरिया फुट्नाले शोकाकूल भई रोइरहँदा भगवान प्रमुख पाँचसय भिक्षुहरूलाई निमन्त्रना गरी भोजन दान पश्चात अनाथपिण्डिकलाई दिनुभएको उपदेश हो । ८. गोण, १२. उरग । उब्बरि वर्गमा– ५ मट्ठकुण्डली, ६. कण्ह र उब्बरि प्रेतका कुरा– मरिसकेको व्यक्तिको माया त्याग्न नसक्नाले शोकाकूलमा परेकालाई शोकबाट मुक्त गरेको विषयवस्तु संगालिएको छ ।

११. सुत्त, ७.(क) मिगलुद्दक, ८.(ख) मिगलुद्दक र ११ पाटलिपुत्त विमानक प्रेतका विषय हुन् । १०. खल्लाटिय, १२. कण्णमुण्ड र ३. रथकार यी विमानिका प्रेतनीका विषय हुन् ।

तिरोकुट्ट, खल्लाटिय, संसारमोचक, सारिपुत्तत्थेरमातु, मत्ता, नन्दा, चूलसेट्ठी, उत्तरमातु, अभिज्जमान, साणवासी, सेरिणी, नन्दक, र अम्बवन परदत्तजीवि प्रेत र प्रेतनीका विषय हुन् ।

सूकर, पूतिमुख, पञ्चपुत्ताखादक, सत्तपुत्तखादक, नाग, धनपाल, भुस, कूटविनिच्छक, धातुविवण्णक, रेवती, उच्छु, कुमार, राजपुत्त, गूथखादक (क-ख) गण, भोगसंहार, सट्ठिकूट, प्रेत र प्रेतनीहरूले मनुष्य हुँदा आफूले गरिआएको कर्मानुसार महादुःख, महाकष्ट र महाभयभीत भई घृणित तथा अशुचि पदार्थ खाएर जीवन बिताइरहेका हुन् ।

Downloaded from http://dhamma.digital

चारजना सेट्ठिपुत्तहरूले लोहकुम्भी नरकमा दुःख भोग-गरिरहेको विषय लिएर राजा प्रेसेनजितलाई सुनाउनु भएको प्रसंग हो ।

अम्बरुक्ख– गाडाको धूर भाँचिएको देखेर बटुवाले रुखको हाँगाबाट धुर बनाई उपासकलाई सहयोग गरिएको हुनाले त्यही जङ्गलमा भूमि-देवता भई उपासकको घरमा गई सुनाएको प्रसंग हो ।

अङ्कुर एकजना महाजनको नाउँ हो । यक्षसँग भएको कुराकानीलाई लिएर उल्लेख गरिएको प्रसंग हो ।

वैशालीका लिच्छवि राजाले निर्वस्त्रका तर भोगवान भएका यक्षसँग भेट गरी कुराकानी गरिएको विषय अम्बसक्करमा उल्लेख छ ।

पायासि राजा मरेपछि मरुभूमिमा रहेको सेरिसक भन्ने विमानमा यक्ष भई जन्मेका थिए । एकदिन व्यापारको निम्ति गएका व्यापारीहरूले बाटो भूलेर मरुभूमिमा रहेको सेरिसक विमाननिर पुगे । त्यहाँ व्यापारी र यक्षसँग गरिएको जुन कुराकानी हो त्यही प्रसंग सेरिसक प्रेतमा उल्लेख छ ।

हिंसा, चोरी, व्यभिचार, झूट, चुकलि, कठोर वचन, बकवाद, लोभ, द्वेष, अभिमान र मिथ्यादृष्टि अनेकौं कुकर्म गर्ने र संलग्नहुनेहरू नर्क र प्रेतलोकमा जन्मिनु, पाप कर्म त गऱ्यो तर सत्पुरुषको उपदेश सुनेर धर्ममा लाग्दा यक्ष वा विमानक प्रेत भई जन्मिनु, सत्पुरुषको उपदेश सुनेर शूलिमा उत्तानो पारेर राखेका चोर पनि पछि भिक्षु भई अर्हत हुनुभएको प्रसंगहरू

Downloaded from http://dhamma.digital

समावेश छन् ।

दुष्कर्मको दुष्फल, सुकर्मको सुफल, सुकर्म र दुष्कर्म मिश्रित हुँदा त्यही अनुरूप नै भोग्नुपर्छ । हामी आँखा भएका मानिस हौं तर हामीमा त्यस्तो आँखा छैन जुन आँखाले कुन समय्मा कहिले कहाँ र कस्तो दुःख, कष्ट भोग्नु पर्ने हो हामीले जान्न वा थाहा पाउन सक्दैनौ । यदि कर्म फल विषयमा हामीसँग ज्ञान वा दिव्यचक्षु भएको भए जगतमा पाप कर्म गर्ने मानिस हुने थिएन । कर्मफल विषय ज्ञान वा दिव्यचक्षु नहुनाले नै मानिसले जुनसुकै कर्म गरी आफ्नो जीविका चलाइरहेका हुन्छन् । मानिसको जीवन भनेको सदा रहिरहने जीवन होइन । जन्म पछि मरण अवश्य हुन्छ । जन्म पछि मरण हुँदा आफूले जीवमान कालमा जुन कर्म गरिएको हो त्यही अनुरूपको सञ्चित निधि नै लिएर जान्छ । निधि भनेको दुइप्रकारका छन् । एकप्रकारको निधि दुःखद अनि अर्को प्रकारको सुखद । दुःख वा सुख भोग गर्न पाउने कारणहरू पाप र पुण्य कर्म हुन् । यसकारण चेतनशील मानिसले सधैंजसो मनमा धारण गरिराख्नु पर्छ कि यो मेरो जन्म अन्तिम जन्म होइन मरण पछि फेरि जन्मिनु पर्छ । जबसम्म जन्म र मरणको चक्रबाट मुक्त हुन सक्दैन तबसम्म पाप र पुण्यको फल भोग्नु पर्छ ।

भगवान बुद्धले दर्शाउनु भएको ज्ञान मार्गमा लागेर जबसम्म निर्वाण लाभ गर्न सक्दैन तबसम्म जन्म-मरणको भवचक्रबाट छुटकारा पाउन सक्दैन । जन्म-मरणबाट मुक्त नहोउञ्जेल पुण्यको फल शरीरको छाया जस्तै सुख पछि लाग्छ अनि पापको फल वयल गाडाको पछाडि पछ्याउँदै आउने चक्का झैं दुःखले पछ्याउँछ । त्यसैले बुद्ध भन्नुहुन्छ– **"सब्ब पापस्स अकरणं कुसलस्स उपसम्पदा"** ति । समस्त पाप

Downloaded from http://dhamma.digital

अकरणीय हुन्, राम्रा-राम्रा विचारहरू उत्पन्न गर्नुपर्छ । हामी जतिसुकै बल सम्पन्न, शक्ति सम्पन्न, धन सम्पन्न र परिवार सम्पन्न भएता पनि पाप कर्मको फलबाट बच्न सक्दैन । पापी व्यक्ति पापबाट मुक्त हुने कुनै ठाउँ पनि छैन ।

**"न अन्तलिक्खे न समुद्द मज्झे न पब्बतानं विवरं पविस्स ।**
**न विज्जति सो जगतिप्पदेसो यत्थट्ठितो मुञ्चेय्य पापकम्मा"ति ।**

"आकाशमा, समुद्रको बीचमा, पर्वतको गुफामा वा जहाँकहीँ गएर बसेता पनि पाप कर्मको (फल) बाट बच्न सक्ने संसारमा त्यस्तो कुनै ठाउँ छैन ।" भगवान बुद्धको उक्त उपदेश स्मरण गरी अप्रमादी भई पाप कर्मबाट मुक्त हुनु नै हाम्रो कल्याण हुने हो ।

श्रद्धेय सुदर्शन भन्तेज्यूले पेतवत्थु नेपाल र नेपाली भाषामा अनुवाद गर्न भन्नु भए अनुसार मैले जाने-बुझे अनुसार पालि पेतवत्थुबाट नेपालीमा अनुवाद गरें । प्रेरणा दिनुहुने स्वर्गीय श्रद्धेय सुदर्शन भन्तेको सुगति र निर्वाण-कामनागर्दछु । प्रकाशिका नारायणदेवी महर्जन र मङ्गलकामनाका साथै समयमै यो पुस्तक निकालि दिएकोमा शुभकामना प्रिन्टिङ्ग प्रेसलाई पनि धन्यवाद ।

भवतु सब्बमङ्गलं
भिक्षु बोधिसेन महास्थविर

बोधिचर्या विहार
बनेपा- ६, काभ्रे, नेपाल । फो नं. ०११-६६६-७८९
मो.नं- ९८४१४८८३३०

Downloaded from http://dhamma.digital



प्रकाशिका

**नारायणदेवी महर्जन**

Downloaded from http://dhamma.digital

## विषय सूची


| | |
|---|---|
| १. उरग वर्ग | १ |
| १. खेत्तूपम प्रेत | १ |
| २. सुकरमुख प्रेत | २ |
| ३. पूतिमुख प्रेत | २ |
| ४.पिट्ठधीतलिक प्रेत | ३ |
| ५. तिरोकुट्ट प्रेत | ४ |
| ६. पञ्चपुत्त खादक प्रेतनी | ६ |
| ७. सत्तपुत्त खादक प्रेतनी | ८ |
| ८. गोण प्रेत | १० |
| ९. महापेसकारी प्रेतनी | ११ |
| १०. खल्लाटिय प्रेतनी | १२ |
| ११. नाग प्रेत | १५ |
| १२. उरग प्रेत | १७ |
| **२. उब्बरि वग्ग** | २० |
| १.संसार मोचक प्रेतनी | २० |
| २. सारिपुत्तत्थेरमातु प्रेतनी | २३ |
| ३. मत्ता प्रेतनी | २६ |
| ४.नन्दा प्रेतनी | ३३ |
| ५. मट्ठकुण्डली प्रेत | ३६ |
| ६. कण्ह प्रेत | ४० |
| ७. धनपालसेट्ठि प्रेत | ४३ |
| ८. चूल्लसेट्ठि प्रेत | ४७ |
| ९. अङ्कुर प्रेत | ४९ |
| १०. उत्तरमातु प्रेतनी | ६२ |
| ११. सुत्त प्रेत | ६४ |
| १२. कण्णमुण्ड प्रेतनी | ६५ |
| १३. उब्बरि प्रेत | ६९ |


Downloaded from http://dhamma.digital

| | |
|---|---|
| ३. चूल वर्ग | ७४ |
| १.अभिज्जमान प्रेत | ७४ |
| २. साणवासी प्रेत | ७८ |
| ३.रथकार प्रेतनी | ८४ |
| ४.भूस प्रेत | ८६ |
| ५. कुमार प्रेत | ८७ |
| ६.सेरिणी प्रेतनी | ९० |
| ७. (क) मिगलुद्दक प्रेत | ९३ |
| ८.(ख) मिगलुद्दक प्रेत | ९५ |
| ९. कूटविनिच्छयिक प्रेत | ९७ |
| १० धातुविवण्ण प्रेत | ९९ |
| ४. महावग्ग | १०२ |
| १. अम्बसक्कर प्रेत | १०२ |
| २. सेरिसक प्रेत | ११९ |
| ३. नन्दक प्रेत | १३० |
| ४. रेवती प्रेतनी | १३८ |
| ५. उच्छु प्रेत | १४३ |
| ६. कुमार प्रेत | १४५ |
| ७. राजपुत्त प्रेत | १४६ |
| ८. (क) गूथखादक प्रेत | १४८ |
| ९.(ख) गूथखादक प्रेतनी | १५० |
| १० गण प्रेत | १५२ |
| ११. पाटलिपुत्त प्रेत | १५४ |
| १२. अम्बवन प्रेत | १५५ |
| १३. अक्खरुक्ख प्रेत | १५७ |
| १४. भोग संहरण प्रेत | १५७ |
| १५. सेट्ठिपुत्त प्रेत | १५८ |
| १६. सट्ठिकूट प्रेत | १५९ |

Downloaded from http://dhamma.digital

**"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स"**

# खुद्दकनिकायको

## पेतवत्थु
(प्रेत कथा)

# १. उरग वर्ग

## १.खेत्तूपम प्रेत

भगवान बुद्धले आज्ञा हुनुभयो–

१."अर्हत भनेको खेतसमान हो, दायक कृषकसमान हो, दिने वस्तु बीज समान हो, यसबाट राम्रो फल पाउँछ।

२."खेत, कृषक र बीज यी तीनद्वारा प्रेत अनि दायक यी दुवैले प्रतिफल पाउँछन्– प्रेतले उपभोग गर्न पाउँछ भने दातालाई पुण्य वृद्धि हुन्छ।

३ यहाँ यस जीवनमा कुशल धर्म गरिंदा प्रेतलाई पूजा गरेको हुन्छ अनि कुशल धर्म गर्ने स्वर्गमा जन्मेर त्यहाँ प्रतिष्ठित हुनपाउँछ।"

Downloaded from http://dhamma.digital

## २. सूकरमुख प्रेत

नारद भन्ते राजगृहमा भिक्षाटन जानुहुँदा बाटोमा प्रेत-लाई देखेर सोध्नुभयो–

४. "तिम्रो सम्पूर्ण शरीर स्वर्णसमान छ, सम्पूर्ण दिशामा ज्योति फैलिरहेको छ। तिम्रो मुख भने सुँगुरको जस्तो छ। तिमीले पूर्व जन्ममा के कर्म गरी आयौ ?

नारद भन्तेले कर्मको बारेमा सोध्नुहुँदा प्रेतले भन्यो–

"भो नादर भन्ते ! पूर्व जन्ममा मैले आफ्नो शरीरलाई संयमित गरिराखेको थिएँ, (शरीरद्वारा गरिने पाप कर्ममा संयमित थिएं)। तर म वचनमा संयमित थिइन (वचनद्वारा हुने पाप कर्ममा संयमित थिइन)। यस अवस्थामा अहिले जुन तपाईंले देख्नु भएको छ, यो त्यही पापले गर्दा मेरो रूपवर्ण यस्तो भएको हो।

पुनः प्रेतले भन्यो–

६. "भो नारद भन्ते ! तपाईंलाई भन्छु कि वचनद्वारा पाप लाग्ने कुरा नगर्नु, जुन गर्दा मेरो जस्तै सुँगुरको मुख नहोस्। तपाईं स्वयम्ले नै मेरो स्वरूप देख्नुभयो।"

## ३. पूतिमुख प्रेत

नारद भन्ते गृद्धकूट पर्वतबाट तलतिर आउँदै गर्नुहुँदा पूतिमुख प्रेतलाई देखेर सोध्नुभयो–

Downloaded from http://dhamma.digital

७. "तिमी दिव्यमय राम्रो वर्णका छौ । आकाशमा ज्योति फैलाई बसिरहेका छौ । तर तिम्रो अनुहार भने कुह्येको हुनाले किराहरूले टोकिरहेको छ । त्यसैले पूर्व जन्ममा तिमीले के कर्म गरी आयौ ?

पूतिमुख प्रेतले भन्यो–

८."पूर्व जन्ममा म श्रमण हुँदा दुष्टमुखको थिएँ । तपस्वी हुँदा मेरो वचन संयमित थिएन । यो मेरो रूपको सौन्दर्यता श्रमण भेषमा रहनाले हो । म चुक्लि गर्ने हुनाले मेरो मुख कुह्येको हुनुपर्‍यो । चुक्लि गर्दै हिंड्नाले मेरो मुख कुह्येको हो ।

९. "भन्ते नारद ! यो मेरो दुर्दशालाई तपाईंले देख्नु भयो । त्यसैले जो कोहीसँग जुन कुरा गर्ने हो त्यो अनुकम्पा राखी मङ्गल हुने कुरा गर्नुपर्छ । चुक्लि गर्दै नहिंड्नु अनि झूटो पनि नबोल्नु । मनोकामना पूर्ण हुने यक्ष तपाईं हुन पाउने छ ।"

## ४. पिट्ठधीतलिक प्रेत

अनाथपिण्डिक महाजनको घरमा भगवान बुद्धसहित पाँचसय भिक्षुहरू भोजको निम्ति जानुभएको थियो । भोजन पश्चात भगवानले अनुमोदनको क्रममा भन्नुभयो–

१०. "कुनै न कुनै उपलक्ष लिएर कन्जुस स्वभाव हटाएर प्रेत र अधिष्ठाता देवताहरूको उपलक्ष लिई (मंगलकामना गर्दै) दान दिने चलन गर्नुपर्छ ।

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

११. “कुवेर, धृतराष्ट्र, विरुपाक्ष र विरुल्हक यी यशस्वी चार लोकपाल देवताहरूलाई पनि पूजा गरेको हुन्छ । दाताले दान दिएको त्यसै खेर जाँदैन ।

१२. “रोएता पनि, शोक लिएता पनि, विलाप गरेता पनि प्रेतहरूलाई उपकार हुने होइन, यसप्रकारले आफन्तहरू (प्रेत) बसोवास गरिरहेका हुन्छन् ।

१३.“जुन यो दान-दक्षिणा दिएको हो, ती वस्तुहरू संघमा सुप्रतिष्ठित भयो । दीर्घकालसम्मको निम्ति हित हुनेभयो । उचित स्थानमा अवस्थित भयो ।”

## ५. तिरोकुट्ट प्रेत

यो तिरोकुट्टसूत्र भगवान बुद्धले राजा बिम्बिसारलाई भोजनोपरान्त सुनाउनु भएको सूत्र हो ।

१४. “महाराज ! प्रेतहरूले यो मेरो घर हो भनी चिनेर पर्खालको पछाडि, दोवाटो, घरको कुनामा र द्वारमा आएर उभी रहन्छन् ।

१५. “ती प्रेतहरू आफ्नो कर्मले गर्दा खाने-पिउने खाद्य पदार्थ धेरै नै छँदा पनि तिनीहरूलाई कसैले पनि स्मरण गर्दैन ।

१६. “जो अनुकम्पक हुन्छ तिनीहरूले आफन्तको उद्देश्य लिएर समय-समयमा शुद्धरूपले उत्तम भोजन र पानी दान दिएर यसो भन्छ– **‘इदं नो ञातीनं होतु सुखिता होन्तु ञातयो’** हामीले गरेको यो पुण्य हाम्रा आफन्तलाई प्राप्त होस्, यो पुण्यको प्र-

भावले उनीहरू सुखी होउन् ।

१७. "आफन्त ती सबै प्रेतहरू त्यहाँ आई आफ्नो निम्ति धेरै नै अन्न-पान दान दिएको देख्दा तिनीहरूले श्रद्धापूर्वक अनुमोदन गर्छ ।

.(प्रेतहरूको हितोपकार हुँदा उनीहरूले यसो भन्ने गर्छन्–)

१८. "हाम्रा आफन्तहरू चिरञ्जीवि होस् । जसबाट हामीले यो प्राप्त गर्‍यौं । यसरी दान दिंदा हामीलाई पनि पूजा गरेको भयो । (यसरी पुण्य गरेको हुनाले) दाताको दान पनि निष्फल हुँदैन ।

१९. "(प्रेत लोकमा) कृषी कार्य गरी खाने ठाउँ छैन, गाई-भैसीआदि पालेर जीविका गर्न पाउँदैन, त्यहाँ व्यापार गरी खाउँला भन्ने पनि छैन, हिरा-मोतिआदि क्रय-विक्रय गरी खाउँला भन्ने पनि छैन । यहाँबाट दिएको दानद्वारा नै मृत्यु पश्चात प्रेतहरूले जीवन यापन गर्न पाउँछन् ।

२०. "आकाशबाट वर्षेको पानी जसरी निम्नतिर बगेर जान्छ, त्यसरी नै यहाँ (उनीहरूको उद्देश्य लिएर) दान दिएको त्यहाँ प्रेतहरूले पाउँछन् ।

२१. "जसरी नदीबाट बगेको पानी सागरलाई परिपूर्ण गर्छ, त्यसरी नै यहाँ दान दिएको त्यहाँ प्रेतहरूले पाउँछन् ।

२२. "मलाई दिएको छ, मेरो काम गरिदिएको छ, ऊ

Downloaded from http://dhamma.digital

मेरो आफन्त हो, साथी हो, मित्र हो भनी (मृत्यु हुनु) अघि गरिराखेको गुणानुस्मरण गरी प्रेतको नाउँमा दान दिनुपर्छ।

२३. "रोइकराइ हिँडे पनि, शोक गरी हिंडे पनि, विलाप गरी हिंडे पनि प्रेतहरूलाई भलो नहुने स्थानमा बसेका हुन्छन्।

२४."जुन यो दान-दक्षिणा दियो त्यो संघमा सुप्रतिष्ठित भयो। दीर्घकालसम्मको निम्ति हितोपकार हुनेभयो। यथोचित स्थानमा नै प्राप्तभयो।

२५. "एकले अर्काप्रति (आफूले आफन्तलाई) गर्नु पर्ने कर्तव्य अनुसार दान दिने कार्य दियो। प्रेतहरूलाई पनि उत्तमरूपले पूजा गरियो। (यो दानले) भिक्षुहरूलाई पनि बल प्रदान गऱ्यो। तिमीले पनि धेरै नै पुण्यकर्म गऱ्यौ।"

## ६. पञ्चपुत्त खादक प्रेतनी

आठजना महास्थविर भन्तेहरू शास्ताको दर्शन गर्नको निम्ति जाँदैगर्दा गाउँ नजिकैको जङ्गलमा बस्ने प्रेतनीले आफ्नो स्वरूप देखाए। त्यसबेला संघका ज्येष्ठ महास्थविर भन्तेले यसरी सोध्नुभयो–

२६. "निर्वस्त्रकी, दुर्वर्णकी, सरेगलेको दुर्गन्धित भई, भिंगाद्वारा भन्काउँदै तिमी यहाँ किन उभिरहेकी ?

२७. "भन्ते ! म यमलोकको दुर्गतिमा परेकि प्रेतनी हुँ।

Downloaded from http://dhamma.digital

(पहिलेको जन्ममा) पाप कर्म गरिआएकोले प्रेतलोकमा प्रेतनी भइरहेकी छु ।

२८. "मैले बिहान पाँचजना छोराहरूलाई जन्माएर खानुपर्छ । सन्ध्याकालमा पाँचजना छोराहरू जन्माएर खानुपर्छ । त्यसरी खाँदा पनि म तृप्ट हुँदिन तथा भोकाएकै हुन्छु ।

२९. भोकाएकि हुनाले मेरो हृदय सन्तप्त भइरहन्छ, तथा आगोले पोले झैं हुन्छ । मेरो निम्ति पिउने पानी अगाडि हुँदैन । मेरो दुर्दशा हेर्नुस् त ।

संघ स्थविर भन्तेले प्रेतनीसँग सोध्नुभयो–

३०. "तिमीले शरीर, वचन र मनद्वारा के दुष्कर्म गरी आयौ ? के कर्मले गर्दा तिमीले यसरी आफूले नै आफ्नै छोराको मासु खानु परेको ?

प्रेतनीले भनीन्–

३१. "मेरी सौता गर्भवती हुँदा मैले उनीप्रति पाप चिताएर द्वेषभाव राखी गर्भमा रहेको बच्चालाई मैले गर्भपतन गरिदिएँ ।

३२. "गर्भमा रहेको दुई महिनाको बच्चा रगतसहित निस्कियो । त्यसो हुँदा ती आइमाईकि आमा क्रोधित भई मलाई आफन्तको सम्मुखमा राखेर तर्साउँदै कसम खान लगायो ।

Downloaded from http://dhamma.digital

३३. "त्यो बेला उनीहरूलाई विश्वास दिलाउनको निम्ति मैले डरलाग्दो गरी झूटो कसम खाँदै भनें– यदि मैले गर्भपतन गराएको हुँ भने मैले आफ्नै छोराको मासु खानपरोस् ।

३४. "गर्भपतन र झूटो बोल्नाले अर्थात यी दुई पाप कर्मले सदैव रगत लागेको छोराको मासु खान पर्‍यो ।"

## ७. सत्तपुत्त खादक प्रेतनी

एकदिन भिक्षुहरू भेलाभई भगवान बुद्धको दर्शन गर्न भनी श्रावस्ती गइरहनु हुँदा बाटोमा पर्ने एउटा गाउँमा वास बस्नुहुँदा राती उहाँ भिक्षुहरूलाई प्रेतनीले आफ्नो स्वरूप देखाइन् । त्यसबेला महास्थविर भन्तेले ती प्रेतनीसँग यसरी सोध्नुभयो–

३५. "निर्वस्त्रकि, दुर्वर्णकि भई सरेगलेको दुर्गन्धित भई, झिंगाद्वारा भन्काइ तिमी यहाँ किन उभीरहेकि ?

प्रेतनीले भनीन्–

३६. "भन्ते ! म-यमलोकको दुर्गतिमा परेकि प्रेतनी हुँ । (पहिलेको जन्ममा) पाप कर्म गरिआएको हुनाले प्रेतलोकमा प्रेतनी भइरहेकि छु ।

३७. "मैले बिहान सातजना छोराहरू जन्माएर खानुपर्छ । सन्ध्याकालमा सातजना छोराहरू जन्माएर खानुपर्छ । त्यसरी खाँदा पनि म तृप्ट हुँदिन तथा भोकाएकै हुन्छु ।

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

३८. भोकाएकी हुनाले मेरो हृदय दग्ध भइरहन्छ, तथा सन्तप्त भइरहन्छ। भोक र प्यास शान्त पार्न नसक्नाले आगोले पोले झैं छटपटिएर बस्नुपर्छ।

संघ स्थविर भन्तेले सोध्नुभयो–

३९. "तिमीले शरीर, वचन र मनद्वारा के दुष्कर्म गरी आयौ ? के कर्मले गर्दा आफ्नै छोराको मासु खानु परेको ?

प्रेतनीले भनीन्–

४०. "पहिलेको जन्ममा मेरो दुई छोरा थिए। ती दुवै छोराहरू युवक थिए। त्यसबेलो मैले ती छोराहरूसित मिलेर आफ्नो श्रीमानलाई अवहेलना गर्थें।

४१. "त्यही कारण लिएर म देखि रिसाएर मेरो श्रीमानले मेरो निम्ति सौता ल्याए। ती आइमाई गर्भवती नहोस् भनी उनीप्रति पापविचार लिएर बस्थें।

४२. "उनीप्रति द्वेषभाव राखी मैले गर्भमा रहेका तीन महिनाको बच्चालाई गर्भपतन गराई दिएँ। तीन महिनाको त्यो बच्चा रगतसहित निस्कियो।

४३. "त्यसो हुँदा ती आइमाईकि आमा क्रोधित भई मलाई आफन्तको सम्मुखमा राखेर तर्साउँदै कसम खान लगायो।



४४. "त्यो बेला उनीहरूलाई विश्वास दिलाउन मैले

डरलाग्दो गरी झूटो कसम खाँदै भनें– यदि मैले गर्भपतन गराएको हुँ भने मैले आफ्नै छोराको मासु खान परोस् ।

४५. "गर्भपतन र झूटो बोल्नाले अर्थात यी दुई पाप कर्मले सदैव रगत लागेको छोराको मासु खान पऱ्यो ।"

## ८.गोण प्रेत

शोकाकूलमा डुबेका आफ्ना पितालाई शोकाकूलबाट मुक्त गर्न छोराले उपाय निकालेर मरेको गोरुलाई घाँस र पानी पिलाउन प्रयत्न गरिरहेका छोरा सुजातलाई पिताले भन्यो–

४६. "मरिसकेको गोरुलाई ख्वाउनको निम्ति हरियो घाँस काटेर ल्याई खानुन-खानु भन्दै विलाप गरिरहेका छौ । तिमी किन बहुला जस्तै बहुलाएको ?

४७. "मरिसकेको गोरुलाई घाँस-पानी दिँदैमा जिउँदो भएर आउँदैन । जसरी मूर्खले विलाप गरेको हुन्छ त्यसरी नै बुद्धि हिन मूर्खसरह भई विलाप गरिरहेका छौ ।

सुजातले आफ्नो पितालाई भन्यो–

४८. "यी खुट्टा हुन्, यो टाउको हो, यो शरीर र पुच्छर हो, यो गोरुको आँखा पनि त्यहीँ छ । यो गोरु अवश्य पनि जिउँदो भई आउने छ ।

४९. "मरिसकेका बाज्येको हात, खुट्टा, शरीर र टाउको

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

देख्न सकेको होइन । तै पनि माटोको चैत्य बनाई रोइरहन्छौ । के तपाईं नै बुद्धि नभएका मूर्ख होइन र ?

सुजातलाई पिताले भने–

५०. "घ्यू हालेर बलेको आगोसमान शोकाग्निले मन जलिरहेकोलाई पानी हालेर निभाए जस्तै मेरो चिन्ता शान्त पार्‍यौ ।

५१. "मनमा शोकको वाणले चूभिरहेकोलाई तिमीले निकालि दियौ ।

जुन कि म पितृ-शोकले सन्तप्त भई बसेको थिएँ त्यो तिमीले शान्त गरिदियौ ।

५२. "त्यसैले आज म वाण निकालिएको भएँ । शोकरहित भई शान्त हुन्छु । माणवक ! तिम्रो कुरा सुनेर शोक गर्दिन अनि रुँदिन पनि ।

५३. "जो व्यक्ति अनुकम्पक हुन्छ, त्यो पण्डितले यस्तै नै गरिदिन्छ । जस्तै कि, शोकमा डुबिएका आफ्ना पितालाई शोक-बाट मुक्त गरिदिए ।"

## ९.महापेसकार प्रेतनी

प्रेतनीको कष्ट पूर्ण जीवन देखेर भिक्षुहरूले देवपुत्रसँग सोधे–

५४. "यी प्रेतनीले मल-मूत्र, रगत र पीप किन खानु परेको ? यी आइमाईले के कर्म गरी आएकी होला जुन कर्मले गर्दा जहिले पनि रगत र पीप खानु पऱ्यो ?

५५. "नयाँ, राम्रो, नरमखालको, परिशुद्ध भुवादार वस्त्र दिंदा पनि काँढैसरह तथा सियोसमान हुन्छ । यी आइमाईले पहिलेको जन्ममा के कर्म गरी आएकी होलान् ?

देवपुत्रले भिक्षुहरूलाई भन्यो–

५६. "भन्ते ! पहिलेको जन्ममा यो आइमाई मेरी श्रीमती हुन् । यसको स्वभाव कसैलाई केही नदिने कन्जुस तथा लोभी स्वभाकी थिइन् । श्रमण-ब्राह्मणहरूलाई मैले दान दिंदा यसले मलाई गाली अनि निन्दा गर्थिन् ।

५७. "तिमीले जुन दान दियौ त्यो तिम्रो निम्ति परलोकमा गू, मूत्र, रगत, पीप तथा अशुचि खान परोस् । वस्त्र पानि तिम्रो निम्ति काँढासरह होस् । यस्तो दुश्चरित्रकी हुनाले यहाँ जन्मेर दीर्घकालसम्म त्यसरी खानु परेको अनि त्यस्तो भोग गर्नुपरेको ।"

## १०. खल्लाटिय प्रेतनी

श्रावस्तीका सातसय व्यापारीहरू स्वर्णभूमिमा व्यापार गर्न जहाजमा बसी महासमुद्रको मार्गबाट गइरहँदा आँधी-बेहरी आउँदा तिनीहरू यताउता उछिटिए । उछिटिँदा खल्लाटिय प्रेतनीकहाँ पुगे । त्यहाँ अचम्मलाग्दो प्रेतनी देख्दा व्यापारीका नाइकेले सोध्यो–

Downloaded from http://dhamma.digital

५८."भो भद्रे ! विमानबाट बाहिर ननिस्कि भीत्रै किन बसिरहेकी ? हामीले तिमी बाहिर आएको हेर्न चाहन्छौं, एकपल्ट बाहिर निस्कनु न !

खल्लाटिय प्रेतनीले भन्यो–

५९. "बाहिर निस्कन मलाई लाज लाग्नुको साथै दुःख लागिरहेको छ । मेरो शरीरमा वस्त्र छैन । लज्जाको कारणले गर्दा आफ्नै केशले छोपेर बसेकी छु । (पहिलेको जन्ममा) मैले थोरैमात्र पुण्यकर्म गरिआएकी हुनाले ।

निर्वस्त्रकि भनी थाहा पाई व्यापारीले आफूसँग भएको खास्तो दिने मनमा लिई भन्यो–

६०. "यो हेर्दै राम्रो खालको खास्तो तिमीलाई दिन्छु । तिमीले यो खास्तो ओढ । यो खास्तो राम्रोसँग ओढेर भित्रबाट निस्केर तिमी हाम्रो अगाडि आउ । हामीले तिमी बाहिर आएको हेर्न चाहेका छौं ।

व्यापारीले खास्तो दिएको देखेर प्रेतनीले भनिन्–

६१. "तिमीले आफ्नो हातले मेरो हातमा दिँदैमा मैले पाउँदिन । यहाँ तिमीहरूसँग आएका सम्यकसम्बुद्धप्रति श्रद्धावान उपासक छ ।

६२. "मेरो उद्देश्य लिई वहाँ उपासकलाई खास्तो ओढाई दान दिनु । उसालाई दान दिंदा म सम्पूर्ण इच्छासम्पन भई सुखि हुनेछु ।

Downloaded from http://dhamma.digital

६३. "त्यसबेला वहाँ उपासकलाई नुहाउन लगाई सुगन्धित चूर्ण जीउमा लगाई दिएपछि प्रेतनीको उद्देश्य लिई खास्तो ओढाएर दान दिए ।

६४. "प्रेतनीको उपलक्ष लिई दान दिंदा तत्क्षणमै उसले त्यहाँ खाना, पेयपदार्थ र वस्त्र प्राप्त गरिन् ।

६५. "यो दानको फलस्वरूप त्यस अवस्थामा उनी परिशुद्ध भई, शुद्ध वस्त्रधारी भई, काशी देशको गुणस्तरिय वस्त्र लगाई हँसिलो मुहार गरी भित्र विमानबाट बाहिर आइन् ।

देवी रूपसमान भएकि देखेर व्यापारिले सोध्यो–

६६. "भो देवी ! तिम्रो रूप लोभ्याउने खालको तथा आकर्षित छ । हामीले तिमीसँग सोद्धैछु, भन्नुस् । के कर्मले गर्दा यस्तो हुन सक्यौ ?

खल्लाटिय प्रेतनीले भनिन्–

६७. "पहिलेको जन्ममा मैले प्रसन्न चित्तले भिक्षाचारमा आउनु भएका, ऋजु स्वभावका भिक्षुज्यूको पात्रमा पूर्ण हुनेगरी घ्यूमा पकाएको रोटी दान दिएको थिएँ ।

६८. "त्यही कुशल कर्मले गर्दा दीर्घकालसम्म यो विमानमा उपभोग गर्न पाएँ ।

६९. "आजको चार महिनापछि म मर्नेछु । मरेपछि म अति नै डरलाग्दो कष्टदायक घोर नरकमा जन्मिनेछु ।

Downloaded from http://dhamma.digital

७०. "त्यो घोर नरक चतुष्कोण, चारै दिशामा एकैसमानको द्वार छ । चारैतिर फलामे बारले घेरिएको छ । फलामकै छानो छ ।

७१. "त्यहाँ फलामकै भूमिमा आगो बलिरहन्छ । त्यहाँ त्यो आगो जहिले पनि बलिरहने अनि त्यो आगो सय योजनसम्म फैलिएको हुन्छ ।

७२. "दीर्घकालसम्म त्यहाँ मैले दुःख भोग्नु पर्नेछ । पाप कर्मको फल भोग्नु पर्नाले म अति नै चिन्तित छु ।"

## ११. नाग प्रेत

आयुष्मान संकिच्चको शिष्य श्रामणेरले आश्चर्यित दृष्य दखेर सोधे–

७३. "दशै दिशामा ज्योति फैलाइ सेतो हात्ती चढेर अगाडि गइरहेको छ । अर्को बीचमा घोडाको रथमा बसी गइरहे-छ अनि पछाडि एउटी कन्यालाई डोलीमा राखी लगिरहेको छ ।

७४. "तिमीहरू दुईजना भने हातमा मुङ्ग्रो लिई रुँदै-रुँदै एकले अर्कामाथि शरीरमा हान्दै, लुछालुछ गर्दै अनि रगत बगाउँदै गइरहेका छौ । तिमीहरू मानिस हुँदा के-कस्तो पाप-कर्म गरी आएकोले एकले अर्का माथि प्रहार गर्दै रगत पिउँदै जानु परेको ?

श्रामणेरले सोधेकोलाई उत्तर दिँदै ती प्रेतहरूले भने–

Downloaded from http://dhamma.digital

७५. "चारखुट्टा टेकेर सेतो हात्तीले क्रौंचनाद गर्दै अघि गइरहेका हाम्रो ठूलो छोरा हो । उसले दानादि पुण्य कर्म गरी आएकोले सुखिहुनुका साथै प्रमुदित भई बस्न पायो ।

७६. "जो चारघोडे बग्गीमा बसी रमाइलो गरी बीचमा गइरहेको छ ऊ हाम्रो माइलो छोरा हो । दानपति भई, कन्जुस नहुनाले ऊ प्रसिद्ध भयो ।

७७. "डोलीमा राखेर जसलाई लगिरहेको छ, ती बुद्धिमान मृगनयन कन्या हाम्रो कान्छी छोरी हुन् । उसले पनि आफ्नो भागको आधा दान दिएर आएकि हुनाले सुखिहुनुका साथै प्रमुदित भई बस्न पाइन् ।

७८. "यिनीहरूले पहिलेको जन्ममा प्रसन्न मनले श्रमण-ब्राह्मणहरूलाई दान दिएर आएका हुन् । हामी (बा-आमा) भने कन्जुस स्वभावका भई तिनीहरूलाई गालि गर्थ्यौं । त्यसैले गर्दा हामी नल घाँस जस्तै सुक्दै गइरहेका छौं । (भोक-प्यासले गर्दा एकले अर्काप्रति दण्डद्वारा प्रहार गर्दै सुखबाट वञ्चित हुनपर्‍यो) । यिनीहरूले दानदिएर आएका हुनाले सुखपूर्वक जीवन व्यतित गरिरहेका छन् ।

तिनीहरूको दुर्दशामा संवेगी भई श्रामणेरले सोधे-

७९. "तिमीहरूले खानु परेमा के खाने ? सुत्ने ठाउँ कस्तो छ ? घोर पापीहो ! तिमीहरूले कसरी जीवन बिताउँछौ ? थोरै मात्र होइन, धेरै नै भोग गर्ने सामग्री भएर पनि सुखबाट वञ्चित भई दुःख भोग गरिरहनु पर्ने कसरी ?

Downloaded from http://dhamma.digital

८०. "एकले अर्काप्रति प्रहार गर्दै पीप र रगत पिउने गरिरहेको छु । हामीले रगत जति नै पीएता पनि पेट भरिँदैन । यसरी पिउने हामीमा इच्छा छैन ।

८१. "जोसँग भोग गर्ने सम्पत्ति हुँदा पनि भोग नगर्ने, पुण्यकर्म पनि नगर्ने, कन्जुस तथा दान नदिँदा अर्को जन्ममा हामी जस्तै यमलोकमा पुगी तिनीहरू पनि दुःख मानेर रुनु पर्ने हुन्छन् ।

८२. "तिनीहरू मृत्यु पश्चात परलोक हुँदा (प्रेतलोकमा) भोक र प्यासले ग्रस्त हुन्छ । पछि दीर्घकालसम्म भोकाग्निले पोलेको समान भई अनुताप लिनु पर्ने हुन्छ । (हामीले पनि) दुःख भोग गर्नु पर्ने कर्म गरी आएको हुनाले दुःखपूर्ण कष्टमय भोग गरिरहनु पर्‍यो ।

८३. "यहाँ सदैव नै धनसम्पत्ति रहिरहने होइन । यहाँ सदैव बाँचीरहन पाउने पनि होइन । यहाँ जीवितरहनु भनेको थोरै समय छ चिरञ्जीवि कोही पनि छैन भन्ने बुझि आफ्नो निम्ति द्वीप (उद्धार हुने) बनाउनु पर्छ ।

८४. "जसले यो बुझ्छ, ती कोविद (पण्डित) नरहरूले अर्हतको वचन श्रवण गरी दान दिनमा बेहोशी हुँदैन ।

## १२. उरग प्रेत

कुनै पीड नलिइकन चितामाथि आफ्नो मृत छोराको देह राखी दाह-संस्कार गरिरहेका थिए । मानौं त्यो मूढा बाले झैं । यसप्रकारको आश्चर्य घटना देवराज इन्द्रले देखेर मनुष्य लोकमा

Downloaded from http://dhamma.digital

ब्राह्मण भेष लिएर पिता धर्मपाललाई सोधे– महागुणवान युवक छोरा मर्दा पनि तिमी किन नरोएको ?

ब्राह्मण भेषधारी देवराज इन्द्रलाई धर्मपालले भन्यो–

८५. "साँपले आफ्नो शरीरको वस्त्र परित्याग गरी गए झैं भोगरहित यो शरीरमा प्राण नरहँदा मरण पश्चात छाडेर जान्छ ।

८६. "दाह-संस्कार भइरहेको त्यो शरीरले आफन्तहरू विलाप गरी रोइरहेको थाहा पाउँदैन । त्यसैले म उसको यादमा नरोएको हुँ । उसको जुन गति हो त्यही अनुसार नै ऊ त्यहाँ गयो ।

ब्राह्मण भेषधारी देवराज इन्द्रलाई आमाले भन्यो–

८७. "मैले नबोलाइ नै ऊ आयो, अहिले मसँग नसोधि यहाँबाट गयो । जहाँबाट आएको हो त्यहाँ गयो । त्यसैले उसलाई सम्झेर किन रुने ?

८८. "दाह-संस्कार गराइरहेको त्यो शरीरले आफन्तहरू विलाप गरी रोइरहेको थाहा पाउँदैन । त्यसैले म उसको यादमा नरोएको हुँ । उसको जुन गति हो त्यही अनुसार नै ऊ त्यहाँ गयो ।

ब्राह्मण भेषधारी देवराज इन्द्रलाई छोरीले भन्यो–

८९. "यदि म रोएँ भने दुब्लाएर जान्छु । त्यसैले रुँदा

Downloaded from http://dhamma.digital

मलाई फाइदा नै के छ र ? (म रोएमा) आफन्त, मित्र तथा
शुभचिन्तकहरूलाई झनै दुःख दिए झैं हुन्छ ।

९०. "दाह-संस्कार गराइरहेको त्यो शरीरले आफन्तहरू विलाप गरी रोइरहेको थाहा पाउँदैन । त्यसैले म उसको यादमा नरोएको हुँ । उसको जुन गति हो त्यही अनुसार नै ऊ त्यहाँ गयो ।

९१. "अघि बढीरहेको चन्द्रमा लिन जसरी बच्चा रोइरहन्छ, उसको स्वभाव पनि त्यस्तै हो जसले मरिसकेकोलाई सम्झेर रोइरहन्छ ।

९२. "दाह-संस्कार गराइरहेको त्यो शरीरले आफन्तहरू विलाप गरी रोइरहेको थाहा पाउँदैन । त्यसैले म उसको यादमा नरोएको हुँ । उसको जुन गति हो त्यही अनुसार नै ऊ त्यहाँ गयो ।

ब्राह्मण भेषधारी देवराज इन्द्रलाई दासीले भन्यो–

९३. "भो ब्राह्मण ! फूटेको गाग्रीलाई फेरि जोडन सक्दैन । उसको स्वभाव पनि त्यस्तै हो जो मरिसकेकोलाई सम्झेर रोइरहन्छ ।

९२. "दाह-संस्कार गराइरहेको त्यो शरीरले आफन्तहरू विलाप गरी रोइरहेको थाहा पाउँदैन । त्यसैले म उसको यादमा नरोएको हुँ । उसको जुन गति हो त्यही अनुसार नै ऊ त्यहाँ गयो ।"

Downloaded from http://dhamma.digital

# २. उब्बरि वर्ग

## १. संसारमोचक प्रेत

रातको समयमा आयुष्मान सारिपुत्तलाई प्रेतनीले आफ्नो रूप देखाउँदै उभिरहिन् । त्यसबेला सारिपुत्तले ती प्रेतनीसँग सोध्नुभयो–

९५. "निर्वस्त्र, दुर्वर्णकि छौ । तिम्रो शरीरमा मासु र रगत नहुनाले पिञ्जरा जस्तै तथा दुब्ली-पातली छौ । अति नै दुब्लाएकीले अस्थिपञ्जर समान छौ । तिमी किन यहाँ आई उभिरहेकि ।

प्रेतनीले सारिपुत्तलाई भन्यो–

९६. "भन्ते ! म यमलोकको दुर्गतिमा परेकि प्रेतनी हुँ । (पहिलेको जन्ममा) पाप कर्म गरिआएकोले यहाँबाट प्रेतलोकमा पुगेकि हुँ ।

प्रेतनीको कुरा सुनेपछि सारिपुत्त भन्तेले सोध्नुभयो–

९७. "तिमीले शरीर, वचन र मनद्वारा कुन दुष्कर्म गऱ्यौ ? कुन कर्मको कारणले विपाक भोग्नु पर्ने प्रेतलोकमा आउनु पऱ्यो ?

प्रेतनीले भनीन्–

Downloaded from http://dhamma.digital

९८. "भन्ते ! मप्रति अनुकम्पा राख्ने आमा-बुबा तथा अन्य कोही आफन्तहरू छैनन् । श्रमण-ब्राह्मणहरूलाई प्रसन्न मनद्वारा मेरो उद्देश्य लिई दान दिलाउने कोही पनि छैन ।

९९. "जुन कारणले गर्दा म यहाँ पाँचसय वर्षसम्म यस-रूपले नै खान नपाएर भोक-प्यास अनि निर्वस्त्रकि भई विचरण गरिरहेकि छु । यसरि दुःख पाइरहनु परेको पहिलेका जन्ममा मैले गरिआएको पाप कर्मको फल हो ।

१००. "भो आर्य ! प्रसन्न चित्तद्वारा मैले तपाईंलाई वन्दना गर्दछु । महानुभावका भो वीर ! मप्रति अनुकम्पा राखी जेभए पनि मेरो उद्देश्य लिई दान गरिदिनुस् । भदन्त ! यस दुर्गतीबाट मलाई मुक्त गरिदिनुस् ।

१०१. (प्रेतनीको प्रार्थनानुसार) "अनुकम्पक सारिपुत्त भन्तेज्यूले हुन्छ ल, मैले तिम्रो इच्छानुसार गरिदिने भएँ भनी वचन दिनुभई भिक्षुहरूलाई एक-एक गाँस भोजन अनि एक-एक हातको कपडा र एक-एक मुट्ठि पानी उसको उद्देश्य लिई दान दिनुभयो ।

१०२. "उसको उद्देश्य गरी दान दिंदा तत्क्षणमै देख्नेगरी उसले त्यहाँ खान, पान वस्त्र प्राप्त गरिन् ।

१०३. "त्यसबेला ती प्रेतनी शुद्ध भई, परिशुद्ध वस्त्रधारी तथा काशी देशको अतिराम्रो वस्त्र लगाएर राम्रो अलङ्कारद्वारा अलंकृत भई सारिपुत्तकहाँ आइन् ।

राम्री रूपवर्ण देखेर सारिपुत्त भन्तेले सोध्नुभयो–

Downloaded from http://dhamma.digital

१०४. "भो देवी ! शुक्रतारा झैं समस्त दिशामा ज्योति फैलाइ अति नै राम्री रूपवर्णकी भई तिमी यहाँ उभिरहेकी छौ ।

१०५. "तिमीले के गरी आयौ, जुन कारणले गर्दा तिम्रो वर्ण यस्तो भयो ? के गरेको हुनाले यहाँ तिमीले यो पाउन सक्यौ ? तिम्रो मनले जे-जे चितायौ ती-ती वस्तुहरू तिमीसँग छ ।

१०६. "महानुभावकि भो देवी ! तिमीसँग प्रश्न गर्दै छु कि मनुष्य हुँदा तिमीले कस्तोप्रकारको पुण्यकर्म गरी आयौ ? तिम्रो वर्णको ज्योति सारादिशामा फैलिरहेको छ । कसरी यो ज्योति फैलिएको ?

सारिपुत्त भन्तेले सोध्नुहुँदा यसरी उत्तर दिइन्–

१०७ "पहेंली, दुब्ली, निर्वस्त्रकि, भोकाएकि र छालाको वर्ण नराम्रीलाई लोकमा करुणावान हुनुभएका तपाईले म दुर्गतीमा परेकिलाई देख्नु भयो ।

१०८. "तपाईंले भिक्षुहरूलाई एक-एक गाँस भोजन, एक-एक हातको कपडा र थालमा पानी राखी मेरो उद्देश्य लिई दान दिनुभयो ।

१०९. "हेर्नुस् त, भन्ते ! भोजन दान दिनुभएको फल कस्तो छ ? मैले इच्छा गरे अनुसार नानाप्रकारका धेरै नै रस र व्यञ्जनयुक्त भोजन मैले हजारौं वर्षसम्ममा पनि खाई नसिद्धिने भयो ।

Downloaded from http://dhamma.digital

११०. "हेर्नुस त, भन्ते ! एकहात कपडा दान दिनुभएको फल कस्तो छ ? मानौं नन्दराजाको सारा राज्यमा भएको वस्त्र यहाँ मसँग छ ।

१११. "साँच्चै भन्नुपरेमा त्यो भन्दा बढी रेशमको, कपासको र ऊनको लगाउने वस्त्र र खास्तो मसँग छ ।

११२. "अति नै मूल्यवान वस्त्रहरू आकाशमा झुण्डिरहेका छन् । अब मैले जुन-जुन चाहेको हो त्यो-त्यो वस्त्र लिएर लगाउन सक्छु ।

११३. "हेर्नुस त, भन्ते ! एक थाल पानी दान दिनुभएको फल कस्तो छ ? सुनिर्मित चतुष्कोणको धेरै नै गहिरिएको पानी पोखरी छ ।

११४. "परिशुद्ध जल, राम्रो तीर्थ (घाट), चीसो पानी र सुवासित पद्म तथा उत्पलादि फूलकोसाथमा केशरादि भरिएको अतुलनीय रूपले फुलिरहेको छ ।

११५. "त्यहाँ म खुशी हुँदै, निर्भयी र रमाइलो गरी खेलिरहनेछु । लोकका कारुणिक हुनुभएका भो मुनि, भो भन्ते ! तपाईंलाई वन्दना गर्न भनी म यहाँ आएकि हुँ ।"

## २. सारिपुत्तत्थेरमातु प्रेतनी

सारिपुत्त भन्तेको पाँच जन्म अघिका आमा प्रेतनी भएकी हुनाले सारिपुत्त बस्नुभएको विहारमा गई आफ्नो दुर्दशाको रूप

Downloaded from http://dhamma.digital

देखाइन् । त्यो रूपवर्ण देख्नुभई सारिपुत्त भन्तेले प्रेतनीसँग सोध्नुभयो–

११६. "तिमी निर्वस्त्र र दुर्वर्णकी छौ । तिम्रो शरीरमा रगत र मासु नहुनाले पिञ्जरा जस्तै तथा दुब्ली-पातली छौ । अति नै दुब्लाएकीले अस्थिपञ्जर समान छौ । तिमी किन यहाँ आई उभिरहेकी ?

सारिपुत्त भन्तेलाई प्रेतनीले यसो भनिन्–

११७. "पहिलेको जन्ममा म तिम्रै आमा हुँ । म प्रेतनी कुलमा परेर भोक र प्यासको जलनले छट्पटिएकी छु ।

११८. "बान्ता गरेको, फ्याँकेको थुक, पीप, खकार, चितामा राखेर बालेको मृतक शरीरबाट बगेको बोसो र बच्चा जन्माउँदा बगेको रगत मैले पीउनु पर्छ ।

११९. घाउबाट निस्केको रगत, नाकबाट निस्केको सिँगान, शीर छेदन गर्दा निस्किने रगत र स्त्री-पुरुषको मासु र छालाआदि भोकलाग्नाले खानुपर्छ ।

१२०. "पशु र मनुष्यका सिँगान, रगत र पीप अनि बेसहारा, घर नभएका मसानमा फालिराखेको मृतकको मासु पनि मैले खानुपर्छ ।

१२१. "पुत्र ! तिमीले मेरो निम्ति दान गरिदेउ । दान दिएपछि मेरो उद्देश्य लिएर पुण्य छारी दिनु । जसले गर्दा म पीप र रगत पीउनबाट मुक्त हुनेछु ।

Downloaded from http://dhamma.digital

१२२. "आमाको कुरा सुनेर अनुकम्पक उपतिस्सले (सारिपुत्त) मोग्गल्लान, अनुरुद्ध, र कप्पिन (भन्तेहरू) लाई आमन्त्रण गर्नभयो।

१२३. "चारवटा कुटी बनाई त्यो कुटीसहित अन्न-पान चारैदिशाबाट पाल्नुहुने संघको निमित्त लिएर आमाको नाउँमा दान दिनुभयो।

१२४. "यसरी उसको उपलक्ष लिएर दान दिँदा तत्क्षणमै देखिने गरी उसको निम्ति खान-पान वस्त्रादि प्रकट भयो।

१२५. "त्यसबेला ती प्रेतनी शुद्ध भई, परिशुद्ध वस्त्रधारी तथा काशी देशको अतिराम्रो वस्त्रलगाई, विचित्र अलङ्कारद्वारा अलंकृत भई (कोलित) मोग्गल्लान भन्तेकहाँ गइन्।

राम्री रूपवर्णाकि देखेर भन्तेले सोध्नुभयो–

१२६. "भो देवी ! शुक्रतारा झैं समस्त दिशामा ज्योति फैलाइ अति नै राम्री रूपवर्णाकि भई तिमी यहाँ उभिरहेकि छौ।

१२७. "तिमीले के गरी आयौ जुन कारणले गर्दा तिम्रो वर्ण यस्तो भयो ? के गरेको हुनाले यहाँ तिमीले यो पाउन सक्यौ ? तिम्रो मनले जे-जे चितायौ ती-ती वस्तुहरू तिमीले पाएकी छौ।

१२८. "महानुभावकि भो देवी ! तिमीसँग प्रश्न गर्दैछु कि मनुष्य हुँदा तिमीले कस्तो पुण्यकर्म गरी आयौ ? तिम्रो वर्णको ज्योति सारादिशामा फैलिरहेको छ। कसरी यो प्रकाश फैलिए ?

Downloaded from http://dhamma.digital

मोग्गल्लान भन्तेले सोध्नुहुँदा उत्तर दिइन्–

१२९."म सारिपुत्रकी आमा हुँ, यो भन्दा पहिले म भोक र प्यासको जलनले सन्तप्त भएकी प्रेतनी थिएँ ।

१३०. "बान्ता गरेको, फ्याँकेको थुक, पीप, खकार, मृत-शरीरलाई चितामा राखेर आगो बाल्दा शरीरबाट बगेको बोसो र बच्चाा जन्माउँदा बगेको रगत मैले पीउनु पर्थ्यो ।

१३१. "घाउबाट निस्केको रगत, नाकबाट निस्केको सिँगान, शीर छेदन गर्दा निस्किने रगत र स्त्री-पुरुषको मासु र छालादि भोकलाग्नाले खानुपर्थ्यो ।

१३२. "पशु र मनुष्यका सिँगान, रगत र पीप अनि बेसहारा, घर नभएका मसानमा फालिराखेको मृतकको मासु पनि मैले खानुपर्थ्यो ।

१३३. "सारिपुत्तले दिनुभएको दानको प्रभावले भयरहित र खुशी छु । लोकका कारुणिक हुनुभएका भो मुनि, भो भन्ते ! तपाईलाई वन्दना गर्न म यहाँ आएकि हुँ ।"

## ३. मत्ता प्रेतनी

१३४. "तिस्सा भन्ने सौताप्रति सौतेनी मत्ताले इर्ष्यालु भई नुहाइसकेकि तिस्साको शीरमा बढालेर थुपारि राखेको धूलो लिएर शरीरमा छरी दिएको थियो । इर्ष्यालु भई पापकर्म गरेकी हुनाले प्रेतनी भई जन्मे । घरको पछाडि नुहाइरहेकि तिस्सालाई एकदिन प्रेतनीले आफ्नो रूप देखाइन् ।

Downloaded from http://dhamma.digital

१३५. "तिमी निर्वस्त्र र दुर्वर्णकी छौ । तिम्रो शरीरमा रगत र मासु नहुनाले पिञ्जरा जस्तै तथा दुब्ली-पातली छौ । अति नै पातली अस्थिपञ्जर जस्तै छौ । तिमी किन यहाँ आई उभिरहेकि ?

मत्ता प्रेतनीले भनिन्–

१३६. "म मत्ता हुँ, तिमी तिस्सा हौ । पहिलेको जन्ममा म तिम्रो सौतेनी हुँ । पापकर्मले गर्दा म प्रेतलोकमा जन्मिएँ ।

तिस्साले सोधिन्–

१३७. "शरीर, वचन र मनद्वारा तिमीले कुन दुष्कर्म गऱ्यौ ? कुन कर्मले गर्दा तिमी प्रेतलोकमा विपाक भोग्नु पर्ने ठाउँमा पुग्यौ ?

मत्ता प्रेतनीले भनिन्–

१३८. "म चण्डाल स्वभावकि, कडा बोली बोल्ने, इर्ष्यालु, कन्जुस र ठग्ने स्वभावकी थिएँ । तिमीलाई विनाकारण नै वचन लगाउने भएकीले यहाँबाट म प्रेतलोकमा पुगें ।

१३९. "जब तिमी यहाँ चण्डाल स्वभावकि थियौ त्यो मैले थाहा पाएकै सत्य कुरा हो । मैले तिमीसँग अर्कोकुरा सोध्छु- तिम्रो शरीरमा कसरी धूलैधूलो लागेको ?

मत्ता प्रेतनीले भनिन्–

Downloaded from http://dhamma.digital

तिमी नुहाई सकेपछि राम्रो वस्त्र र गहनाद्वारा सजिएर बसेकी थियौ । तिमीले भन्दा पनि मैले बढी गहना लगाई सजिएर सुन्दरी भई बसेकी थिएँ ।

१४०. "त्योबेला मलाई उपेक्षित गरी श्रीमानसँग तिमी कुरा गरी बस्यौ । तब ममा धेरै नै इर्ष्यालु भई क्रोधित भएँ ।

१४१. "अनि त मैले थुपारिएको धूलो ल्याएर तिमीमाथि खनाई दिएँ । त्यही कर्मले गर्दा मेरो शरीरमा धूलैधूलो भएको हो ।

तिस्साले मत्ता प्रेतनीसँग सोधिन्–

१४२. "तिमीले ममाथि धूलो खनाई दिएको त्यो सत्य कुरा मैले थाहा पाएकै हो । तिमीसँग अर्को पनि कुरा सोध्छु– कुन कर्मको कारणले छालामा चिलाउने रोग लागेको ?

मत्ता प्रेतनीले भनिन्–

१४३. "औषधी खोज्न भनी हामी दुवै जङ्गलमा गएका थियौं । त्योबेला तिमीले औषधी खोजेर बस्यौ । मैले भने तिमीप्रति नराम्रो विचार लिई औषधी नखोजिकन चिलाउने औषधि खोजिरहें ।

१४४. "तिमी मस्त निंद्रामा बेहोशी भई सुतिरहेकि अवस्थामा चिलाउने औषधी तिम्रो जिउमा छरी दिएकी थिएँ । त्यही कर्मले गर्दा छालामा चिलाउने रोग लागेको हो ।

Downloaded from http://dhamma.digital

फेरि तिस्साले सोधिन्–

१४५. "म सुतिरहँदा तिमीले चिलाउने औषधी छरी दिएको मैले थाहा पाएकै सत्य कुरा हो । मैले तिमीसँग अर्को पनि कुरा सोध्छु– तिमी कसरी निर्वस्त्र हुनुपरेकि ?

मत्ता प्रेतनीले भनिन्–

१४६. "आफन्तसँग भेटघाट गर्न श्रीमान्को साथमा तिमीलाई एकदिन साथीकहाँ बोलायो । मलाई भने बोलाएन ।

१४७. "त्यो पनि मैले सहन नसक्नाले तिमीले थाहा नपाउने गरी तिम्रो खास्तो चोरेर लिएँ । त्यही कर्मले गर्दा म निर्वस्त्रकि हुनुपऱ्यो ।

फेरि तिस्साले सोधिन्–

१४८. "तिमीले मेरो खास्तो चोरेर लिएको मैले थाहा पाएकै सत्य कुरा हो । मैले तिमीसँग अर्को पनि कुरा सोध्छु– तिमी दुर्गन्धित किन हुनुपरेकि ?

मत्ता प्रेतनीले भनीन्–

१४९. "तिम्रो मुल्यवान अत्तर, माला र सुगन्धित चूर्ण शौचालयको खादलमा फ्याँकि दिएको थिएँ । मैले त्यही पाप कर्म गरेकि थिएँ । त्यही कर्मले गर्दा म दुर्गन्धित हुनुपरेकि ।

तिस्साले सोधिन्–

Downloaded from http://dhamma.digital

१५०. "तिमीले त्यस्तो पाप कर्म गरेको सत्य कुरा मैले थाहा पाएकै कुरा हो । मैले तिमीसँग अर्को पनि कुरा सोध्छु– तिमी कसरी दुर्गतीमा पुग्नु परेकि ?

१५१. "हाम्रो घरमा जे जति धनसम्पत्ति थियो दुवैको बराबर थियो । दान दिन धन भएता पनि मैले दान दिइन । आफ्नो कल्याणार्थ द्वीप मैले बनाइन । त्यही कर्मले गर्दा मैले दुर्गतिमा विपाक भोग्नु परेकी ।

१५२. "त्योबेला मैले तिमीलाई भनेकी थिएँ । पाप कर्ममा नलाग्नु, पाप कर्मले गर्दा सुगति सुलभ हुँदैन ।

१५३. "त्यो बेला मेरो कुरा विश्वास नगरि मप्रति इर्ष्या नै गर्‍यौ । त्यसैले अब हेर त पाप कर्मको फल कस्तो हुँदोरहेछ ।

१५४. "तिम्रो घरमा बस्ने दासी तथा अरूले तिम्रो गहनाहरू उपभोग गरिरहेका छन् । भोग गर्ने सामानहरू नित्य होइन ।

१५५. "अब यो समय बच्चाका बुबा दोकानबाट घरमा आउनेछन् । उसले तिमीलाई जेभए पनि दिनेछ । ऊ नआउन्जेल यहीं बसिरहनु कतै नजानु ।

१५६. "निर्वस्त्र, दुर्वर्ण, दुबलो-पाटलो, रगत-मासु नभएकि, पिञ्जरा जस्तै हुं म । मलाई कोही आइमाईहरूले, बच्चाका बबाले अथवा आफन्तले नदेखे पनि हुन्छ । तिनीहरूले मलाई देख्यो भने लाज लाग्छ ।

Downloaded from http://dhamma.digital

तिस्साले सोधिन्–

१५७. "त्यसोभए अब मैले तिमीलाई के दिने ? के गरिदिनु पर्ला ? जुन गर्दा तिमीले चिताए जस्तै पुगेमा सुखी हुन्छ्यौ ?

मत्ता प्रेतनीले भनीन्–

१५८. "चारजना भिक्षुसंघ र चारजना पुद्‌गल भिक्षुहरू आठजना जम्मा गरी मेरो नाउँमा भिक्षुहरूलाई भोजन गराई दान दिनु । त्यसरी दान दिंदा सबै इच्छा पूर्ण भई म सुखी हुनेछु ।

तिस्साले भनिन्–

१५९. "साधु ! तिमीले भने अनुसार मैले गरिदिनेछु भनी आठजना भिक्षुहरूलाई भोजन, खास्तो र वस्त्र मत्ताकि नाउँमा दान दिए ।

१६०. "मत्ताको उद्देश्य लिई दान दिएको फल त्यहाँ तत्क्षणमै देखिने गरी खान-पान र वस्त्रका लाभी भइन् ।

१६१. "त्यसबेला ती प्रेतनी परिशुद्ध भई, सफा वस्त्र-लगाई, तथा काशी देशको गुणस्तरिय वस्त्र लगाई, राम्रो गहना-दिद्वारा सजिएर सौता तिस्साकहाँ गइन् ।

सुन्दर रूपवर्ण देखेर तिस्साले सोधिन्–

Downloaded from http://dhamma.digital

१६२. "भो देवी ! शुक्र ताराले झैं ज्योति फैलाई अति नै सुन्दर वर्णकि भई तिमी यहाँ उभिएकी छौ ।

१६३. "तिमीले के गरी आयौ ? जसको फलस्वरूप तिम्रो वर्ण यस्तो भयो ? तिमीले के गरी आएकी हुनाले तिमीले यो पाउन सक्यौ ? तिमीले जे-जे चाह्यौ ती-ती भोगपदार्थ प्रकट भइरहेको छ ।

१६४. "महानुभावकी भो देवी ! तिमीसँग मैले सोधिरहेछु मनुष्य हुँदा तिमीले कस्तो पुण्य कर्म गर्‍यौ ? तिम्रो वर्णको प्रकाश चारैतिर फैलिरहेको छ । के गरेको हुनाले प्रकाश फैलिरहेको ?

तिस्साले सोद्धा मत्ताले यसरी भनिन्–

१६५. "म मत्ता हुँ, तिमी तिस्सा हौ । पहिलेको जन्ममा म तिम्रो सौतेनी हुँ । पाप कर्मले गर्दा म यहाँबाट प्रेतलोकमा पुगेकि थिएँ ।

१६६. "तिमीले दिएको दानले गर्दा भयरहित भई मैले अनुमोदन गर्दछु । भो बहिनी ! तिमीसहित सबै परिवारहरू दीर्घायु होउन् । शोकरहित भएको, मैल (क्लेश) नभएको वशवर्ती देवलोकमा जन्म लिन सकोस् ।

१६७. "कन्जुस स्वभाव क्लेशरूपीलाई मूल जडो नै उखेलेर निन्दारहित भई, धर्माचरण गर्दा अनि दान दिँदा स्वर्गलोकमा उत्पन्न हुन्छ ।

Downloaded from http://dhamma.digital

## ४. नन्दा प्रेतनी

नन्दिसेन भन्ने उपासक गाउँबाट निस्केर आइरहेको बेला नन्दा उसको अगाडि गई आफ्नो रूप देखाइन् । नन्दा प्रेतनीको रूप देखेर नन्दिसेनले सोध्यो–

१६८. "कोइला जस्तै काली, दुर्वर्णरूपकि, कडा स्वभावकि देखिने, हेर्दै डरलाग्दो, दुवै आँखा पहेंलो अनि दाह्रा पनि निस्केको छ। मैले हेर्दा त तिमी मान्छे जस्तो लाग्दैन ।

नन्दा प्रेतनीले भनिन्–

१६९. "भो नन्दिसेन ! पहिलेको जन्ममा म तिम्री श्रीमति हुँ। पापकर्म गरेकि हुनाले म यहाँ प्रेतलोकमा जन्मिनु पऱ्यो ।

नन्दिसेनले प्रेतनीसँग सोध्यो–

१७०. "शरीर, वचन र मनद्वारा तिमीले कुन दुष्कर्म गऱ्यौ ? के कर्मले प्रेतलोकमा विपाक भोग्नु पर्ने ठाउँमा पुग्यौ ?

नन्दा प्रेतनीले भनिन्–

१७१. "म चण्ड स्वभावकि, कडा वचन बोल्ने अनि तिमीलाई मानसम्मान नगर्ने थिएँ । तिमीप्रति दुर्भाषित हुनाले यहाँ प्रेतलोकमा जन्मिएँ ।

नन्दिसेनले भन्यो–

Downloaded from http://dhamma.digital

१७२. "त्यसोभए ओढ्नको निम्ति मैले तिमीलाई यो एउटा खास्तो दिन्छु । तिमीले यो खास्तो ओढेपछि तिमीलाई घरमा लिएर जान्छु । आऊ ! तिम्रो घरमा जाऔं ।

१७३. "घरमा पुगेपछि तिमीले खान-पान गर्न पाउने छौ । छोरा र बुहारीको मुख पनि हेर्न पाउने छौ ।

नन्दा प्रेतनीले भनिन्–

१७४-१४५. "तिम्रो हातले मेरो हातमा दिंदैमा मैले पाउने छैन । शीलसम्पन्न वीतरागी, बहुश्रुत भिक्षुहरूलाई अन्न र पानद्वारा तर्पण गरी मेरो नाउँमा दान दिनु । त्यसो गरिदिएमा मात्रै म सम्पूर्ण इच्छा पूर्ण भई सुखी हुनेछु ।

नन्दा प्रेतनीको कुरा सुनेपछि नन्दिसेनले भन्यो–

१७६-१७७. "हुन्छ, तिमीले भने जस्तै दान दिनेछु भनी खाने, पिउने, ओछ्यान, सिरक, खात, छाता, जुत्ता, सुगन्धित चूर्ण अनि नानाप्रकारक अनेक दानसामग्रीहरू शीलसम्पन्न, वितरागी, बहुश्रुत भिक्षुहरूलाई उसको नाउँमा दान दिए ।

१७८. "तीनको उद्देश्य लिई यहाँ दान दिएको फल त्यहाँ तत्क्षणमै देखिने गरी खान-पान र वस्त्रका लाभी भइन् ।

१७९. "त्यसबेला ती प्रेतनी परिशुद्ध भई, सफा वस्त्र लगाई, काशी देशको गुणस्तरिय वस्त्र लगाई राम्रो गहनादिद्वारा सजिएर श्रीमानकहाँ गइन् ।


Downloaded from http://dhamma.digital

सुन्दर रूप-वर्ण देखेर नन्दिसेनले सोधे–

१८०. "भो देवी ! शुक्र ताराले झैं ज्योति फैलाई अति सुन्दर वर्णकि भई तिमी यहाँ उभिरहेकी छौ ।

१८१. "तिमीले के गरी आयौ ? जसको फलस्वरूप म्रो वर्ण यस्तो भयो ? तिमीले के गरी आएकी हुनाले तिमीले पाउन सक्यौ ? तिमीले जे-जे चाहेकि छौ ती-ती भोगपदार्थ कट भइरहेको छ ।

१८२. "महानुभावकी भो देवी ! तिमीसँग मैले सोधिरहेछु नुष्य हुँदा तिमीले कस्तो पुण्य कर्म गरी आयौ ? तिम्रो वर्णको काश चारैतिर फैलिरहेको छ । कसरी यसप्रकारले प्रकाश लिरहेको ?

नन्दिसेनले सोद्धा नन्दाले भनिन्–

१८३. "भो नन्दिसेन ! पहिलेको जन्ममा म तिम्री श्रीमती । पाप कर्मले गर्दा म यहाँ प्रेतलोकमा पुगें ।

१८४. "तिमीले दिएको दानले गर्दा भयरहित भई मैले नुमोदन गर्दछु । भो नन्दिसेन ! तिमीसहित सबै परिवार दीर्घायु उन् । शोकरहित भएको, मैल (क्लेश) नभएको वशवर्ती लोकमा जन्म लिन सकोस् ।

१८५. "हे गृहपति ! कन्जुस स्वभाव हुने क्लेशको मूल डो नै उखेलेर निन्दारहित भई, यहाँ धर्माचरण गर्दा अनि दान दा स्वर्गलोकमा उत्पन्न हुन्छ ।"

Downloaded from http://dhamma.digital

## ५. मट्ठकुण्डली प्रेत

अदिन्नपुब्बक ब्राह्मणको छोरा मट्ठकुण्डली मृत्यु पश्चा देवलोकमा मट्ठकुण्डली देवपुत्र भनी जन्मेका थिए । छोराव मृत्युपश्चात सधैं नै मसानमा गएर अदिन्नपुब्बक ब्राह्म रोइरहेको देखेर देवलोकबाट मनुष्यलोकमा आई आफ्नो देवरू लोप गरी दुःखले भरिएको प्रेतको जस्तै रूप देखाई रोइरहे त्यसरी रोइरहेको ब्राह्मणले देखेर मट्ठकुण्डलीसँग यसरी सोध्यो-

१८६. "भो भद्र माणवक ! तिमी अलङ्कृत, मालाधारी, हरिचन्दन लेपलगाई दुईहात समातेर जङ्गलको बीचमा रोइरहेव छौ । तिमीलाई के दुःख भयो ?

मट्ठकुण्डलीले भन्यो–

१८७. "चमकिलो स्वर्णमय रथवाहन मेरो निम्ति उत्प भएको छ । त्यसलाई मिल्ने एकजोडा पाङ्ग्रा छैन । त्यही दुःख गर्दा म रोइरहेको हुँ ।

अदिन्नपुब्बक ब्राह्मणले मट्ठकुण्डलीलाई यसरी भन्यो–

१८८. "भो भद्र माणवक ! तिम्रोलागि मैले मणिम फलाम वा धातु मध्येमा के को पाङ्ग्रा बनाइदिएमा तिमील मन पर्छ मलाई भन, एकजोड पाङ्ग्रा बनाइदिनेछु ।

१८९. "माणवकले उसलाई भन्यो– मेरो स्वर्णमय रथ निम्ति आकाशमा देखिने चन्द्र र सूर्य दुई पाङ्ग्रा राख्न पाए म शोभायमान हुनेछ ।

Downloaded from http://dhamma.digital

माणवकलाई ब्राह्मणे भन्यो–

१९०. "तिमी त साँच्चै नै मूर्खरहेछौ । तिमीले जुन
हिको हो त्यो चाहना गर्न नहुने हो । मेरो विचारमा त तिमी
रेर गएता पनि चन्द्र र सूर्य तिमीले पाउने छैनौ ।

माणवकले भन्यो–

१९१. "आएको र गएको वर्ण-धातु भएको ठाउँ पनि
ख्न सक्छ । मरिसकेको, यहाँ नभएको, देख्न पाउन नसक्नेलाई
द गरी रोइरहने यी दुई मध्येमा को मूर्ख होला ?

ब्राह्मणे भन्यो–

१९२. "भो माणवक ! तिम्रो कुरासत्य हो । हामी दुई
एर बसेका मध्येमा म नै मूर्ख हुँ । चन्द्रमा लिनलाई बच्चा रोए
ँ मरिसकेको अनि यहाँ नभएकोलाई सम्झेर म रोइरहेको छु ।

१९३. "घ्यू हालेर बलेको आगोसमान दग्ध भइरहेको यो
रो मनमा पानी खन्याई आगो निभाई दिएसमान सारापीड
ान्त गरिदियौ ।

१९४. "भित्री हृदयमा चूभिएको यो मेरो शोकको
णलाई निकाली दियौ । जो कि, पुत्रको शोकमा डुबिएर
सेकालाई शोकबाट मुक्त गरिदियौ ।

१९५. "त्यसैले आज म (शोकरूपी) वाण निकाली
केको भएँ । शान्त तथा शीतलको भएँ । भो माणवक ! तिम्रो

Downloaded from http://dhamma.digital

कुरा सुनेर शोक गर्दिन अनि रुँदिन पनि ।

१९६. "भो माणवक ! तिमी देवता हौ कि, गन्धर्व हौ कि
अथवा देवराज इन्द्र हौ ? तिमी को हौ ? तिमी कस्को छोरा हौ
तिमीलाई मैले कसरी चिन्ने ?

माणवकले भन्यो–

१९७. "स्वयम् आफूले नै छोरालाई मसानमा दाहसंस्कार
गरिसकेकोलाई लिएर रोइ-कराइरहेका छौ उही नै हुँ म । कुशल
कर्मले गर्दा म तावतिंस देवलोकमा जन्म लिएको छु ।

ब्राह्मणले सोध्यो–

१९८. "थोरै भए पनि धेरै भए पनि तिमी घरमा छँदा
दान दिएको मैले देखेको छैन । उपोसथव्रत पालन गरेको मैले
कहिले पनि देखेको छैन । कुन कुशल कर्मद्वारा तिमी देवलोकमा
जन्मियौ ?

माणवकले भन्यो–

१९९. "म रोगी, विरामी, दुःखी र पीडित भई बसिरहेको
थिएँ । त्यसबेला रागबाट मुक्त, शंकाबाट मुक्त हुनुभएका अनि
महाप्रज्ञावान सुगतको दर्शन मैले गर्न पाएँ ।

२००. "त्यही अवस्थामा मैले प्रमुदित तथा प्रसन्न
चित्तद्वारा मैले तथागतलाई नमस्कार गरें । मैले त्यही कुशल
कर्म गरेको हुनाले तावतिंस देवलोकवासीसँग बस्न पाएँ ।

Downloaded from http://dhamma.digital

आश्चर्य हुँदै ब्राह्मणले भन्यो–

२०१. "आश्चर्य हो, अद्‌भूत हो ! नमस्कार मात्रै गर्दा पनि यस्तो फल पायो । त्यसैले अब म पनि प्रमुदित तथा चित्त प्रसन्न गरी आजै बुद्धको शरणमा जाने भएँ ।

माणवकले भन्यो–

२०२. "आजै तिमी चित्त प्रसन्न गरी बुद्धको, धर्मको र संघको शरणमा जानु अनि पञ्चशीललाई अखण्डरूपले पालन गर्नु ।

२०३. "चाँडै नै हिंसालाई त्याग्नु, लोकमा नदिएको नलिनु, नशालु पदार्थको सेवन नगर्नु, झूटो नबोल्नु अनि आफ्नो श्रीमतीसँग मात्रै सन्तुष्ट हुनु ।

ब्राह्मणले भन्यो–

२०४. "भो यक्ष ! मेरो भलोचाहने, मलाई उपकार गर्ने भो देव ! तिम्रो वचनानुसार गर्ने भएँ । तिमी नै मेरो निम्ति गुरु हौ ।

२०५. "म बुद्धको शरणमा जान्छुँ, अनुत्तर धर्मको शरणमा जान्छु अनि नरदेव हुनुभएका संघको शरणमा जान्छु ।

२०६. "म चाँडै नै प्राणी हिंसा त्याग्छु, लोकमा नदिएको लिने छैन, नशालु पदार्थ सेवन गर्दिन, झूटो बोल्दिन अनि आफ्नै श्रीमतीसँग मात्रै सन्तोष हुन्छु ।"

Downloaded from http://dhamma.digital

# ६. कण्ह प्रेत

वासुदेव महाराजले अति नै मनपराएका छोरा मरेको हुनाले पीड मात्रै लिएर गर्नुपर्ने काम केही नगरी रोइ-कराई रहने भएकोले कसैले पनि धैर्य दिलाउन सकेन । त्यसबेला वासुदेवको भाइ घटपण्डितले सोच्यो म बाहेक अरू कसैले पनि मेरो दाइको शोक हटाउन सक्दैन । त्यसैले मैले नै उपाय निकाली शोकबाट मुक्त गरिदिनु पर्ला भन्ने मनमा लिएर बहुला जस्तो भई मलाई चन्द्रमा चाहियो, मलाई चन्द्रमाको खरायो चाहियो भन्दै आकाशमा हेर्दै सारा नगरमा यताउता बहुलाउँदै हिँड्नथाले । त्यसरी हिँडिरहेको मन्त्री रोहिणले देखेर वासुदेव महाराजकहाँ गई यसरी भन्यो–

२०७. "भो कण्ह (वासुदेव) ! उठ, तिमी किन सुतिरहेको, सुतिरहेर तिमीले के नै पाउँछौ ? दाइने भागको मुटुसमान, आँखासमान तिम्रो भाइ झन-झन बहुलाउँदै गइरहेको छ । भो केशव ! घट पण्डितले चन्द्रमाको खरायो मलाई चाहियो भन्दै विलाप गर्दै हिँडिरहेको छ ।

२०८."रोहिणबाट कुरा केशवले सुनेपछि शोकाकुल र भयभीत भई चाँडै उठे । राजदर्बारबाट बाहिर निस्की घटपण्डितकहाँ गई यसरी भन्यो–

२०९. "यो सारा द्वारवती नगरमा बहुला झैं चन्द्रमाको खरायो चाहियो, खरायो चाहियो भन्दै किन विलाप गर्दै हिँडेको ? कस्तो प्रकारको खरायो तिमीले लिन विचार गरेको ?

Downloaded from http://dhamma.digital

२१०. "सुनको, मणिको, फलामको, चाँदिको, शंखको, ढुङ्गाको र मुगाको खरायो मैले तिम्रोलागि बनाई दिनेछु।

२११. "जङ्गल भित्र, वन भित्र नानाप्रकारका खरायोहरू छन्। त्यहाँ भएको खरायोहरू मैले ल्याइदिनेछु। कस्तो खरायो तिमीले मन पराएका छौ ?

२१२. "तिमीले भनेको ती खरायोहरू मलाई मन पर्दैन, जुन पृथ्वीमा पाइन्छ। चन्द्रमाको खरायो नै मेरो निम्ति चाहिन्छ। भो केशव ! त्यही नै ल्याइदिनु।

केशवले भन्यो–

२१३."मेरो प्यारो भाइ ! तीम्रो मायालाग्दो जीवन बित्नेछ। तर तिमीले चाहेको पाउने छैन। चन्द्रमाको जुन खरायो तिमीले चाहयौ त्यो तिमीले चाहना नगरे पनि हुन्छ।

घटपण्डितले भन्यो–

२१४. "भो कण्ह ! जुन उपदेश तिमीले अरूलाई दिइर-हेकाछौ त्यो उपदेश थाहा भएकैरहेछ। तर चारमहिना पहिले मृत्यु भइसकेका छोराको यादमा आज पनि तिमी किन शोक गरी हिँडेको ?

२१५. "मान्छे नै भएता पनि, अमनुष्य भएता पनि आफ्नो हुनेछैन कि जन्म लिएका मेरो छोरा नमरोस्। आफ्नो नहुने वस्तुप्रति रोइ-कराई हिँडेर पाउने होइन।

Downloaded from http://dhamma.digital

२१६. "त्यो (नभैसकेको) पुनः आफूलाई चाहियो भनेर लिनलाई न त तन्त्र छ, न त जडीबूटी छ, न त औषधी छ, न त धनद्वारा फर्काइ ल्याउन सक्छ । भो कण्ह ! जुन कि मृत व्यक्तिको यादमा शोक गरिरहन्छ ।

२१७. "महाधनी, महाभोगी, राष्ट्रका क्षेत्रीय राजा भएता पनि, धेरै धनधान्यले सम्पन्न भएता पनि अजर-अमर भन्ने हुँदैन ।

२१८. "क्षेत्री, ब्राह्मण, वैश्य, शुद्र, चण्डाल निम्नस्तर जातका पनि अजर-अमर हुने होइन ।

२१९. "जसले मन्त्र पढ्छ, छ अङ्गद्वारा पूर्ण शास्त्र र ब्रह्म चिन्तनले र मन्त्रविद्याद्वारा पनि तिनीहरू अजर-अमर हुँदैन ।

२२०. "जसले यम-नीयमादि जान्ने सत्पुरुषहरू अनि संयमित तपस्वीहरू पनि समय आएपछि तिनीहरूले पनि शरीर त्याग गरी जान्छन् ।

२२१. "भावित-चित्त हुनुभएका अर्हत, कृतकृत्य हुनभएका अनाश्रवीहरू पनि अनि पुण्य र पाप क्षीण भइसकेकाहरूले पनि शरीर छाडेर जान्छन् ।

घटपण्डितको उपदेश सुनेर वासुदेव राजाले यसो भन्नुभयो–

Downloaded from http://dhamma.digital

२२२. "घ्यू हालेर बालेको आगोसमान दग्ध भइरहेको यो मेरो मनमा पानी खन्याई आगो निभाई दिएसमान मेरो सारा पीड शान्त गरी दियौ ।

२२३. "भित्री हृदयमा चूभिएको यो मेरो शोकको वाण निकाली दियौ । जो कि, पुत्रको शोकमा डुबिएर बसेकालाई शोकबाट मुक्त गरिदियौ ।

२२४. "त्यसैले आज मैले (शोकरूपी) वाण निकाली दिएँ । शान्त तथा शीतलको भएँ । भाइ ! तिम्रो कुरा सुनेर शोक गर्दिन अनि रुँदिन पनि ।

२२५. "जो व्यक्ति अनुकम्पक हुन्छ, त्यो पण्डितले यस्तै नै गरिदिन्छ । जस्तै कि, शोकमा डुबिएका आफ्ना दाइलाई शोकबाट मुक्त गरिदिएको हो ।

२२६. "घटपण्डित समानका जो मन्त्री र परिचारिकाहरू छन् तिनीहरू पनि घटपण्डितले आफ्नो दाइको शोकलाई सुभाषित वचनद्वारा बोध गरिदिए झैं गरिदिन सक्ने हुनुपर्छ ।"

## ७. धनपाल सेट्ठि प्रेत

श्रावस्तीका व्यापारीहरूले पाँचसय वयल गाडामा सामान राखेर व्यापार गरी फर्किंदा एउटा नदीको नजिकै वास बसेका थिए । त्यसबेला धनपाल साहु भन्ने प्रेत त्यस नदीमा पानी पिउन आउँदा एक थोपा पनि पानी पीउन नपाउँदा घाँटी सुकेकोले यताउता दगुरादगुर गर्दागर्दै मृत तालवृक्ष ढले झैं

Downloaded from http://dhamma.digital

भूईंमा लड्‌यो । प्रेत त्यसरी लडेको देखेर ती व्यापारीहरूले यसरी सोधे–

२२७. "निर्वस्त्र र दुर्वर्णका छौ । तिम्रो शरीरमा मासु र रगतनहुनाले पिञ्जरा जस्तै तथा दुब्लो छौ । अति नै दुब्लो हुनाले अस्थिपञ्जर समान छौ । भो मारिष तिमी को हौ ?

प्रेतले भन्यो–

२२८. "भदन्त ! म यमलोकको दुर्गतिमा पुगेको प्रेत हुँ । (पहिलेको जन्ममा) पाप कर्म गरिआएको हुनाले यहाँबाट प्रेतलोकमा पुगें ।

प्रेतको कुरा सुनेपछि व्यापारीले फेरि सोध्यो–

२२९. "तिमीले शरीर, वचन र मनद्वारा कुन दुष्कर्म गर्‍यौ ? कुन कर्मको कारणले यहाँ विपाक भोग्नु पर्ने प्रेतलोकमा आउनु पर्‍यो ?

प्रेतले भन्यो–

२३०. "पण्णन भन्ने राज्यमा एरकच्छ नगर छ । त्यस नगरमा म पहिलेको जन्ममा धनपाल सेँठ थिएँ ।

२३१. "त्यसबेला मसँग अस्सी गाडा सुन थियो । धेरै नै धनसम्पत्ति, मोति र माणिक पनि थियो ।

Downloaded from http://dhamma.digital

२३२. "त्योबेला धनवान भएता पनि मैले कसैलाई दान दिने गरिन । म खाइरहन्दा कसैले नदेखोस् भनी दैलो बन्द गरी खान्थैं ।

२३३. "मसँग श्रद्धा थिएन, कृपण तथा कन्जुस थिएँ । कसैले दान दिइरहेको देख्दा मेरो मन डराउँथ्यो । त्यसैले कसैले दान दिइरहेको देखेमा अनि पुण्य गरिरहेको देखेमा धेरैलाई नै मैले रोक्थें ।

२३४. "दान दिंदा फल पाउने होइन, संयमित भई हिँड्दा कहाँ फल पाउँछ र ? पोखरी, कुवा, वन, उपवन, रुख रोपी राखेको, पानी पिउने ठाउँ, दुर्गम स्थलमा राखेको पुललाई मैले भट्काउँथें ।

२३५. "त्यसैले मेले आफूलाई कल्याण हुने कार्य गरिन, पापं लाग्ने काम मात्रै मैले गरें । त्यस्तो गरिहिँडेको हुनाले त्यहाँबाट च्युत भई भोक र प्यासले मुक्त नहुने प्रेतयोनिमा जन्म लिनपऱ्यो ।

२३६. "मनुष्यलोकबाट च्युट भई प्रेतलोकमा जन्मेको पचपन्न वर्ष पुगीसक्दा पनि खान पाएको छैन अनि पिउन पाएको छैन ।

२३७. "जो 'थुपार्न मात्र जान्दछ ऊ विनाश हुन्छ । जो थुपार्ने मात्रै हुँदैन ऊ विनाश हुँदैन । वास्तवमा मरणशील व्यक्तिले थाहापाएकै हो जो थुपार्ने मात्र हुन्छ ऊ विनाश हुनेछ ।

Downloaded from http://dhamma.digital

२३८. "यहाँ म प्रेत भई अरू चारमहिना बस्नुपर्छ । चारमहिनापछि म मरेर अत्यन्तै डरलाग्दो दुःखले भरिएको घोरनरकमा खस्नेछु ।

२४०. "चतुष्कोण, चारैदिशामा एकैप्रकारको चारद्वार छन् । चारैतिर फलामे पाटाले घेरिएको छ । फलामे पाटाकै छाना छ ।

२४१. "त्यहाँ फलामकै भूमिमा आगो बलिरहनाले ज्वाला निस्किरहेको हुन्छ । त्यो सय योजनसम्म फैलिरहेको हुन्छ ।

२४२. "दीर्घकालसम्म त्यहाँ मैले दुःख भोग्नु पर्नेछ । मैले गरिआएको पाप कर्मको फल भोग्नु परेकोले शोकमा डुबिरहेको छु ।

२४३. "यहाँ भेलाभइरहेका जति पनि छन् उनीहरूलाई म भन्छु कि– भो भद्रपुरुषहो ! गुप्तरूपले अथवा प्रकटरूपले पाप कर्म नगर्नु ।

२४४. "यदि तिमीहरूले पाप-कर्म गर्‍यौ वा गरेमा यताउता जता भागेता पनि दुःखबाट मुक्त हुनेछैन ।

२४५. "घरका आमा-बुबा, ठूलाबडा, श्रमण र ब्राह्मण-लाई सेवा गर्नु । यसो गरेमा स्वर्गलोकमा जाने हुन्छौ ।"

Downloaded from http://dhamma.digital

## ८. चूल्लसेट्ठि प्रेत

अजातशत्रुले। आफ्नो पिता राजा बिम्बिसारको हत्या गरेपछि मनमा भय र त्रासले गर्दा निदाउन नसक्नाले आफ्नो राजदरवारको माथि कौसीमा बसिरहेका थिए । त्यसबेला चूल्लसैंठ प्रेत आकाशमा उडेर गइरहेको देखेर अजातशत्रुले सोध्यो–

२४६. "भो भन्ते ! तपाईं निर्वस्त्रको प्रव्रजित रहेछौ । तपाईं साह्रै दुब्लो हुनुहुन्छ । तपाईं यति राती के कारणले कहाँ जान लाग्नुभएको ? तपाईंले मलाई भन्नुस्, मैले समस्त सम्पत्तिद्वारा तपाईंको इच्छा पुऱ्याई दिनेछु ।

राजा अजातशत्रुको कुरा सुनेर चूल्लसेंठ प्रेतले भन्यो–

२४७. "भो महाराज ! म पहिलेको जन्ममा धनसम्पत्ति-द्वारा सम्पन्न प्रसिद्ध सेंठ थिएँ । तर त्योबेला मेरो चित्त अति नै निम्नस्तरको थियो । आफूमा भएको भौतिक सम्पत्तिमा टाँसिएर बस्ने लोभ चित्तले गर्दा दान दिने मनमा नै आएन । दुःशील हुनाले अहिले म प्रेतलोकमा जन्मिएको छु ।

२४८. "मलाई भोक लागेको हुनाले सियोले घोचे जस्तै गरी दुःख भोग गरिरहेकोछु । त्यसरी भोकको दुःखबाट मुक्त हुने मनमा लिई म आफन्तकहाँ जानलागेको हुँ । दान दिने स्वभाव नहुँदा परलोकमा दानको फल भोग गर्न पाउनेछ भन्ने विश्वास नहुँदो रहेछ ।

२४९. "मेरी छोरीले जहिले पनि आमा-बुबा र बाज्येका

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

नाउँमा दान दिइरहन्छ। मेरी छोरीले मेरो नाउँमा दान दिनलाई ब्राह्मणहरूलाई निमन्त्रण गरेकाछन् । अहिले उसले धेरै नै दानसामग्री र भोजनको प्रबन्ध गरिराखेको छ। त्यसैले अहिले म मेरी छोरीकहाँ अन्धकविन्द भन्ने स्थानमा भोजन गर्न पाउने आश लिएर गइरहेको हुँ।

२५०. "राजाले भन्यो– तिमीले आफ्नी छोरीले दान दिएको भोग गरी चाँडै नै फर्केर आउनु। मैले पनि तिमीलाई पूजा गर्नेछु। यदि तिमीलाई केही चाहेमा मलाई भन। तिमीले भनेकोलाई श्रद्धासहित कुरा मैले सुन्नेछु।

२५१. "प्रेतले भन्यो– हुन्छ मैले त्यसरी नै गर्नेछु भनी ऊ त्यहाँबाट गयो। तर त्यहाँ दान लिएर भोजन गरिरहेका अयोग्य र अनुचित दक्षिणाका पात्र थिए। त्यसैले त्यो प्रेतले पुण्यभाग नपाउँदा पुनः राजगृहमै फर्केर जनाधिपतिको अगाडि प्रकट भए।

२५२. "राजा अजातशत्रुले त्यो प्रेत फर्केर आएको देखेर सोध्यो– मैले अब तिमीलाई के दिनुपर्‍यो ? तिमीलाई केही चाहेमा मलाई भन। जसले गर्दा दीर्घकालसम्म तिमीलाई कल्याण वा सन्तोष हुनेछ।

२५३. "राजा अजातशत्रुको कुरा सुनेर प्रेतले भन्यो– भो महाराज ! बुद्धप्रमुख भिक्षु महासंघलाई मेरो उद्देश्य लिएर अन्न, पान र चीवर परिभोगको निम्ति दान दिनुस्। उक्त दान दिंदा मलाई कल्याण हुन्छ। त्यसरी गरिदिनु भयो भने दीर्घकालसम्म मेरो कल्याण हुन्छ तथा म सन्तुष्ट हुनेछु।

२५४. “प्रेतको कुरा सुनेपछि राजाले बिहानको समयमा विहारमा गई संघलाई आफ्नै हातले अतुलनीय रूपले दान दिएपछि यसरी बिन्ति गरे– यो दानको फल त्यो (चूल्लसेंठ) प्रेतले प्राप्त गरोस् ।

२५५. “उसको नाउँमा त्यसरी दान दिएपछि प्रेत दक्षिणाद्वारा पूजित भई, शोभायमान भई जनाधिपति हुनभएका राजको सामु उभी यसरी भन्यो– अहिले म परम ऋद्धि लाभी यक्ष भएँ । म समान यहाँ अरू कोही मानिस छैन ।

२५६. “अतुलनीय हुनुभएका संघहरूलाई मेरो उद्देश्य लिई दान दिनाले अहिले यो मेरो अपरिमित आनुभावलाई हेर्नुहोस् । म सदासर्वदा सन्तृप्त हुनेभएँ । भो मनुष्यका देव ! अब म सुखी भई जहाँ चाहन्छु त्यहाँ जानसक्छु ।”

## ९. अङ्कुर प्रेत

एकदिन अङ्कुर साहु र अर्को एकजना ब्राह्मण यी दुई व्यापारीहरू आ-आफ्नो पाँचसय-पाँचसय वयल गाडामा सामान राखेर कम्बोज देशमा व्यापार गर्न भनी जाँदा मरुकान्तारमा पुगे । त्यहाँ तिनीहरूले बाटो भूलेकोले बाटोको खोज्दै जाँदा लिएर आएको खाद्यपदार्थ र पेयपदार्थ सबै नै सक्यो । तिनीहरूको दुर्दशा त्यहाँ मरुभूमिस्थित वरवृक्षमा बस्ने कामददो भन्ने वृक्ष देवताले देखेर तिनीहरूप्रति करुणा राखी उपकार गरिदिएको थियो । कामददो वृक्ष देवताको प्रभाव देखेर अङ्कुर साहुलाई ब्राह्मणले भन्यो–

Downloaded from http://dhamma.digital

२५७. "जुन उद्देश्य लिएर अर्थात धन आर्जन गर्न भनी हामी कम्बोज देशमा आएका हौं । अब हामीले कामददो (चिताएको पुऱ्याइदिने) यो यक्ष हो । त्यसैले यो यक्षलाई हामीसँग लानु पर्ला ।

२५८. "हामीले यो यक्षलाई प्रार्थना गरी या त जबर्जस्ति गरेर भएता पनि गाडामा राखेर चाँडैं नै द्वारवती नगरमा फर्किनु पर्ला ।

ब्राह्मणको कुरा सुनेर अङ्कुर साहु सत्पुरुष धर्ममा बसी यसरी भन्यो-

२५९. "जुन वृक्षको छायामा बस्छ वा सुत्छ त्यो वृक्षको हाँगा पनि भाँच्न हुँदैन । मित्रद्रोह भनेको पाप हो ।

नीति शास्त्रमा यसरी भनेको छ भनी ब्राह्मणले भन्यो–

२६०. "जुन वृक्षको छायामा बस्छ वा सुत्छ यदि चाहिएमा त्यो वृक्षको स्कन्धलाई नै काट्नु पर्छ । हाँगा-बिँगाको त के न के ।

अङ्कुर साहुले भन्यो–

२६१ "जुन वृक्षको छायामा बस्छ वा सुत्छ त्यो वृक्षको पाट पनि चुँडाल्न हुँदैन । मित्रद्रोह भनेको पाप हो ।

ब्राह्मणले भन्यो–

Downloaded from http://dhamma.digital

२६२. "जुन वृक्षको छायामा बस्छ वा सुत्छ यदि आफूलाई चाहिएमा त्यो वृक्षको जडो नै उखेल्नु पर्छ । वृक्षको पाट त के न के ।

अङ्कुर साहुले भन्यो–

२६३. "जो व्यक्तिको घरमा एकरात मात्र भएपनि वास बस्छ, जब उसलाई त्यहाँ खान-पान गर्न पाउँछ भने त्यहाँ त्यो व्यक्तिप्रति मनमा पनि पाप चिताउनु हुँदैन । कृतज्ञ हुन जान्ने व्यक्तिलाई सत्पुरुषहरूले प्रशंसा गर्ने चलन छ ।

२६४. "जो व्यक्तिको घरमा एकरात मात्र भएपनि वास बस्छ, जब उसलाई त्यहाँ खान-पान गर्न पाउँछ भने त्यहाँ त्यो व्यक्तिप्रति मनमा पनि पाप चिताउनु हुँदैन । द्रोहरति व्यक्तिप्रति द्रोह गर्दा मित्रद्रोहको कारणले गर्दा उसलाई डाह हुनेछ ।

२६५. "जसले पहिला कल्याण गरिराखेकोलाई पछि पापमतिको भई हिंसा गर्छ, त्यो अकृतज्ञ व्यक्तिले कल्याण हुने देख्न पाउँदैन ।

दुवैको कुरा सुनेर कामददो यक्षले यसरी भन्यो–

२६६. "देवता, मानिस अनि शक्तिशाली इश्वरले पनि मलाई कसैले केही गर्न सक्दैन । म वर्ण र बलले सम्पन्न छु, म ऋद्धिवान हुँ अनि म क्षणभरमै टाढा जानसक्ने यक्ष हुँ ।

यक्षको कुरा सुनेपछि सोध्यो–

Downloaded from http://dhamma.digital

२६७. "तिम्रो दाहिने हात जम्मै स्वर्णमय छ अनि पाँच औंलाबाट नाना रसयुक्त बगिरहेको छ। मैले हेर्दा तपाईं पुरिन्दद (देवराज इन्द्र) जस्तो लाग्छ।

यक्षले भन्यो–

२६८. "म न त देवता हुँ, म न त गन्धर्व हुँ, म न त पुरिन्दद इन्द्र नै हुँ। (पहिलेको जन्ममा) म रोरुव भन्ने देशमा बस्ने हुँ। मृत्यु पश्चात त्यस ठाउँबाट म यहाँ जन्मिएको प्रेत हुँ। त्यसैले भो अङ्कुर! तिमीले मलाई चिन्नु।

अङ्कुर साहुले सोध्यो–

२६९. "पहिलेको जन्ममा रोरुव भन्ने देशमा तिमीले कस्तो शील, कस्तो आचरण गरी आयौ ? तिम्रो ब्रह्मचर्य कस्तोप्रकारको थियो ? कुन पुण्यको प्रभावले तपाईको हातबाट इच्छाएको पदार्थ प्राप्त भएको ?

यक्षले भन्यो–

२७०. "पहिलेको जन्ममा रोरुव भन्ने देशमा म कपडा बुनेर जीविका यापन गर्ने एक दरिद्र तथा दु:खि व्यक्ति थिएँ। त्यसबेला मसँग दान दिने केही पनि थिएन।

२७१. "पहिलेको जन्ममा पुण्य गरिआएका श्रद्धावान दानपति र लज्जालु असह्य साहुको घर नजिकै मेरो घर थियो।

Downloaded from http://dhamma.digital

२७२. "त्यहाँ असह्य साहुको गुण-कीर्तिले गर्दा नानाथरिका याचकहरू दान लिन आउनेले मसँग वहाँको घर कहाँ छ भनी सोध्ने गर्थ्यो ।

२७३. "भो भदन्त ! असह्य साहुको घरमा जाने बाटो कुन हो ? कहाँ दान दिइरहेको छ ? भनी सोद्धा मैले उनीहरूलाई बाटो देखाइ दिन्थें ।

२७४. "भो भदन्त ! यहाँबाट यो बाटो भएर जानु, यो बाटोबाट जाँदा त्यहाँ असह्य साहुको घरमा दान दिइरहेको हुन्छ भनी सयत्नपूर्वक दाहिने हातले मैले बाटो देखाइदिन्थें ।

२७५. "त्यसैले गर्दा मैले आफ्नो हातबाट इच्छानुसारको दिन सकेको हुँ । त्यसैले गर्दा नानारसयुक्त यो मेरो हात भयो । त्यसबेला मैले त्यही ब्रह्मचर्य पालन गरी आएकोले यो मेरो हात इच्छानुसारको वस्तुहरू दिनसक्ने भएको हो ।

कामददो यक्षको कुरा सुनेर अङ्कुर साहुले सोध्यो–

२७६. "आफ्नो हातले तपाईंले कसैलाई केही दान नदिएता पनि अरूले दिएको दानलाई अनुमोदन गर्नुभयो अनि यत्नसहित आफ्नो हातले बाटो देखाउनु भयो ।

२७७. "त्यसो गरेको हुनाले इच्छित वस्तु दिन सके । त्यसो गरेको हुनाले नानाप्रकारका रसयुक्त हातबाट बगेर आयो । त्यस ब्रह्मचर्य पालन गरिआएकोले वा पुण्यको कारणले हातमा इच्छाएको नस्तुहरू भयो । (अहो कस्तो आश्चर्य रहेछ पुण्यको फल) ।

Downloaded from http://dhamma.digital

यक्षप्रति गौरव राख्दै अङ्कुर साहुले सोध्यो–

२७८. "भन्ते ! तपाईंले दानानुमोदन गरेको फल यसप्रकारले पाउनुभयो भने त जसले प्रसन्न मन गरी आफ्नै हातले दान दिए ऊ व्यक्तिले मनुष्य देह त्याग गरी कहाँ कुन दिशामा गई जन्म लिए होला ?

यक्षले भन्यो–

२७९. "तेजवान सत्पुरुषको धर्मवहन गर्ने असह्य साहुको गति वा अगति विषय मलाई थाहा छैन । वैश्रवण (लोकपाल देवता) द्वारा असह्य साहु इन्द्रलोकमा जन्मेको छ भनी मैले सुनेको छु ।

अङ्कुर साहुले भन्यो–

२८०. "यथाशक्ति दान दिनु, आफ्नो कल्याण हुने कार्य गर्नु उत्तम हो । यो कामददोको हात देखेपछि कसले मात्रै पुण्यकर्म नगर्ला ?

२८१. "यहाँबाट म फर्केपछि द्वारवती पुग्नसाथ मैले किन दान दिने कार्यलाई प्रतिष्ठापित नगरुँ ! जुन काम गर्दा मलाई सुखदायक हुनेछ ।

२८२. "मैले खान-पान, वस्त्र, शयनासन, पानीधारा, दुर्गमस्थलमा बाटो र पुल बनाइदिनेछु ।

Downloaded from http://dhamma.digital

२८३. "यसरी कुराकानी गरिसकेपछि द्वारवती जान फर्किरहँदा बाटोमा अर्को प्रेतसँग भेट हुँदा अङ्कुर साहुले सोध्यो–

तिम्रो औंलाहरू कसरी ठूत्तो भएको ? तिम्रो ठूतुनो कसरी बाङ्गेको ? आँखाबाट कसरी कचेरा बगिरहेको ? तिमीले (पहिलेको जन्ममा) के पाप कर्म गरी आयौ ?

प्रेतले भन्यो–

२८५. "तेजस्वी, श्रद्धावान (असह्य साहु) गृहपतिको दानशालामा म नाइके थिएँ।

२८६. "त्यहाँ (दानशाला) मा भोजन गर्न आउने याचकहरूलाई हेरी एकठाउँमा लुकेर मुख बङ्ग्याएर देखाउँथें।

२८७. "मैले त्यसरी देखाएको हुँदा मेरो औंलाहरू ठूत्ता भएको, मूख बाङ्गिएको अनि आँखाबाट कचेरा बगिरहेको हो। मैले त्यही पापकर्म गरेको थिएँ।

अङ्कुर साहुले भन्यो–

२८८. "भो नीच पुरुष ! जब तिमीले अरूले दान दिएको ठाउँमा मुख बङ्ग्याएर देखाउने गर्‍यौ, त्यही कारणले तिम्रो मुख बाङ्गियो अनि आँखाबाट कचेरा बगिरहेको त तिम्रो निमित्त यो उपयुक्त नै हो।

Downloaded from http://dhamma.digital

२८९. "खान-पान, वस्त्र र शयनासन आफूले आफ्नै हातले दिनु पर्नेरहेछ। अरूको हातले कहाँ दिनलगाउने ?

२९०. "यहाँबाट म फर्केर द्वारवती नगरमा पुग्नसाथ मैले किन दान दिने कार्यलाई प्रतिष्ठापित नगरुँ ! जुन काम गर्दा मलाई सुखदायक हुनेछ।

२९१. "खान-पान, वस्त्र, शयनासन, कलधारा, दुर्गम-स्थलमा बाटो र पुल मैले बनाइदिनेछु।

२९२. "यसपछि अङ्कुर साहु फर्केर गई द्वारवती नगरमा पुग्नसाथ (यक्षको सहयोग लिई) आफूलाई सुख हुने दानशाला प्रतिष्ठापित गरी दान दिन थाले।

२९३. "को भोकाएका छन् ? को प्यासी छन् ? को वस्त्रविहिन छन् ? को थाकेका छन् ? रथ वा वाहन कसलाई चाहिन्छ ? जसलाई जे चाहिन्छ उसले यहाँबाट लिएर जानु।

२९५. "कस्लाई छाता चाहिन्छ ? सुगन्धित अत्तरआदि कस्लाई चाहिन्छ ? माला कस्लाई चाहिन्छ ? जुत्ता कस्लाई चाहिन्छ ? भनी यसप्रकारले नापित, बावर्चि र घण्टि बजाउने-हरूबाट बिहान र बेलुका सँधै नै अङ्कुर साहुको घरमा घोषणा गर्न लगाउँथ्यो।

२९६. "मानिसहरूले विचार गर्ला कि, अङ्कुर साहु त सुखपूर्वक निदाइरहेको छ। तर हे सिन्धक ! जब मैले याचक देख्दिन तब म दुःखित भई सुत्दछु।

Downloaded from http://dhamma.digital

अङ्कुर साहुले भनेको कुरा सुनेर सिन्धकले भन्यो–

२९७. "तावतिंसका देवराज इन्द्रले यदि तपाईंलाई वर-दान दिन आउनुभयो भने यस समस्त लोकमा कुनप्रकारको वर याचना गर्नुहुन्छ ?

अङ्कुरले भन्यो–

२९८. "यदि तावतिंसका अधिपति देवराज इन्द्र आई मलाई वरदान दिन आएमा बिहान सबेरै सूर्योदय हुँदा मसँग स्मृति भइरहोस् अनि शीलवान याचहरूलाई दान दिन दिव्य भोजन प्रकट होस् ।

२९९. "मैले दान दिइरहँदा सिद्धियो भन्ने नहोस्, दान दिएपश्चात पश्चाताप गर्न नपरोस्, दान दिइरहँदा मेरो चित्त प्रसन्न रहोस् भनी इन्द्रसँग मैले यही वर याचना गर्नेछु ।

अङ्कुर साहुले आफ्नो विचार प्रकट गरिरहेको सुनेर सेनकले भन्यो–

३००. "अरूलाई सारा सम्पत्ति दान दिनुहुन्न । आफूलाई चाहिँदो मात्रामा राखेर मात्रै दान दिनुपर्छ । त्यसैले दान दिनु भन्दा त धन नै श्रेष्ठ हो । अति दान दिँदा कुलरक्षा हुँदैन ।

३०१. "पण्डितहरूले दान नदिने र अति दान दिनेहरू-लाई प्रशंसा गर्दैन । त्यसैले दान दिने भन्दा धन नै श्रेष्ठ हो । आफूसँग भएको प्रमाण बुझी दान दिनु पण्डितको धर्म हो ।

Downloaded from http://dhamma.digital

सेनकलाई अङ्कुर साहुले भन्यो–

३०२. "आहा रे ! मैले त दान दिने नै गर्छु । शान्त र सत्पुरषहरूले मसँग संगत गरे पनि हुन्छ । पानी पर्दा खाल्दोलाई भरिदिए झैं सबै याचकहरूलाई मैले सन्तर्पित गर्छु ।

३०३. "जो व्यक्ति याचक देख्दा प्रसन्न मुहार हुन्छ अनि दान दिएपछि प्रसन्न हुने व्यक्तिको घरमा बस्नु सुखकर हो ।

३०४. "जो व्यक्तिले याचक देख्दा अनुहार खुसी हुन्छ अनि दान दिएपछि प्रसन्न हुन्छ भने त्यो यज्ञको सम्पदा हो ।

३०५. "दान दिन अघि पनि मन प्रसन्न पार्छ, दान दिइरहँदा पनि प्रसन्न हुन्छ अनि दिइसकेपछि पनि प्रसन्न गरी बस्छ भने यो दान-सम्पत्ति हो ।

अङ्कुर साहुले यसप्रकारले दानदिन्थे–

३०६. " पुण्यको आकंक्षा भएका अङ्कुरको घरमा नित्य साठ्ठी हजार गाडा चामलको भोजन दान हुन्थ्यो ।

३०७. "साठ्ठी हजार बावर्चीहरूले नानाप्रकारका मोति र मणि-कुण्डल धारी अङ्कुरको आश्रयमा दानमय यज्ञ कार्यमा व्यस्त रहन्थ्यो ।

३०८. "साठ्ठी हजार पुरुषहरूले नानाप्रकारका मोति र मणि-कुण्डल धारी अङ्कुरको आश्रयमा दानमय यज्ञ कार्यमा व्यस्त रहन्थ्यो ।

Downloaded from http://dhamma.digital

३०९. "सोह्र हजार स्त्रीहरू सबैप्रकारका गहना लगाई अङ्कुरको महादान कार्यमा भोजन भाँडामा राख्ने अनि गर्नेकाम स्त्रीहरूले गर्दथिन् ।

३१०. "सोह्र हजार स्त्रीहरू सबैप्रकारका गहना लगाई अङ्कुरको महादान कार्यमा पन्यूँ र डाडु लिएर तयार भई बस्दथिन् ।

३११. "यस क्षेत्रीले चिरकालसम्म धेरै-धरै नै नानाप्रकारका वस्तुहरू श्रद्धासहित अनि गौरवपूर्वक आफ्नै हातले बारम्बार दान दिए ।

३१२. "धेरै महिना, पक्ष, ऋतु, वर्ष अनि चिरकालसम्म अङ्कुर साहुले महादान कार्य चलाए ।

३१३. "यसरी आफूले इच्छा गरे अनुरूप दान दिए । चिरकालसम्म दान दिएर अन्त्यमा ऊ मनुष्य देह त्याग गरी तावतिंस देवभवनमा जन्मे ।

३१४. "अहिले हाम्रो भगवान बुद्धको समयमा इन्दक भन्ने माणवकले आयुष्मान अनुरुद्ध महाथेर भिक्षाचारमा गइरहनु भएको बेलामा प्रसन्न चित्तले ठूलो चमचले एक चमच भोजन दान दिएकोले गर्दा अन्त्यमा ऊ पनि मनुष्य देह त्यागी तावतिंसमा जन्मे ।

३१५. "अङ्कुर देवता भन्दा पनि इन्द्रक देवता दशप्रकारका गुणमा प्रभावशाली थिए । ती दशप्रकारका गुणहरू

Downloaded from http://dhamma.digital

यसप्रकारका थिए– रूप, शब्द, गन्ध र स्पर्शमा मन आनन्दित गरी बस्दथ्यो ।

३१६. "आयु र यश, वर्ण र सुख अनि आधिपत्यतामा अङ्कुर भन्दा पनि अति नै प्रभावशाली थिए ।

३१७. "जब भगवान बुद्ध तावतिंस देवभुवनमा पाण्डु-कम्बल शिलासनमा पारिच्छत्तको मुनि नरोत्तम बस्नु भएको थियो ।

३१८. "त्यससमयमा दशहश्र लोकधातुका देवताहरू त्यहाँ सम्मिलित भएका थिए । सुमेरु पर्वत माथि बस्नु भएका सम्यकसम्बुद्धलाई सेवा तथा भावभक्ति गरिरहेको थिए ।

३१९. "त्यहाँ सम्मिलित भएका देवताहरूको तुलनामा सम्यकसम्बुद्धको जस्तो वर्ण कसैको पनि प्रभासित थिएन । सम्यकसम्बुद्ध समस्त देवताहरू भन्दा पनि प्रभासित हुनुहुन्थ्यो ।

३२०. "त्यसबेला त्यहाँ अङ्कुर बाह्र योजन टाढा भई बसेका थिए । इन्द्रक भने तेजवान भई बुद्धको नजिकै थिए ।

३२१. "अङ्कुर र इन्द्रकलाई भगवान बुद्धले देख्नु भई दान दिने क्षेत्र विषय लिएर कुरा गर्नका लागि यसो भन्नुभयो–

३२२. "भो अङ्कुर तिमीले पहिलेको जन्ममा दीर्घकालसम्म महादान दिएर आयौ । तर तिमी भने मदेखि टाढा बसिरहेका छौ । यहाँ मेरो अगाडि बस्न आऊ ।

Downloaded from http://dhamma.digital

३२३. "अभ्यस्त हुनुभएका सम्यकसम्बुद्धको प्रेरणापद वचन सुनेर अङ्कुरले यसो भन्यो– दक्षिणा लिने गुण शुन्य भएकाले मैले गरेको त्यसप्रकारको दान के गर्न ?

३२४. "थोरै मात्र दान दिएता पनि वहाँ इन्द्रक मभन्दा पनि अति नै तेजवान भयो। जस्तो कि तारागण मध्येमा चन्द्रमा झैं।

३२५. "उप्जाऊ नहुने कडा जमिनमा धेरै नै बीउ राखिएता पनि धेरै फल दिँदैन। त्यस खेटमा काम गर्नेले सन्तुष्टी पाउन सक्दैन।

३२६. "त्यसरी नै दुःशील (पापाचारी) लाई जति नै दान दिएता पनि त्यसको प्रतिफल महान् हुँदैन। दायकलाई सन्तुष्ट पार्न सक्दैन।

३२७. "उब्जाऊ हुने राम्रो खेटमा थोरै मात्र बीउ राख्दा अनि राम्रोसँग पानी पऱ्यो भने खेटमा काम गर्नेलाई सन्तोष हुने गरी फलिफलाउ हुन्छ।

३२८. "त्यसै गरी शीलवान, गुणवानप्रति थोरै मात्र गरेको पुण्यले धेरै फल पाउँछन्।

३२९. "कहाँ दान दिंदा महाफल पाउने हो त्यस विषय-मा ज्ञानपूर्वक विचार गरी दान दिने गर्नुपर्छ। ज्ञानपूर्वक परिक्षण गरी दान दिन जानेमा दायक स्वर्गमा जन्मिनेछन्।

धर्म-संग्राहकका उल्लेखित गाथा–

Downloaded from http://dhamma.digital

३३०. "यहाँ मनुष्यलोकमा जो दान-दक्षिणा लिने हुन्छन् तिनीहरूलाई ज्ञानपूर्वक परिक्षण गरी सुगतद्वारा प्रशंसितहरूलाई दान दिने गर्नुपर्छ। (धर्म) गुणद्वारा सम्पन्न भएकालाई दान दियो भने महानफल पाउनेछ। सुक्षेत्र भूमिमा बीउ वा बिजन राखे जस्तै हुन्छ।"

## १०. उत्तरमातु प्रेतनी

कङ्खारेवत महाथेर भन्ते गङ्गाको तीरमा दिवा विहारको निम्ति बसिरहनु भएको देखि उत्तरको आमा प्रेतनीले आफ्नै लामो केशले आफ्नो लाज छोपी भन्तेको अगाडि गई पिउनलाई पानी माँग्यो। यस विषयमा कुरा यस्तो छ–

३३१. "गङ्गाको किनारमा दिवा विहारको निम्ति बसिरहनु भएको भिक्षुको अगाडि दुर्वर्ण डरलाग्दो आफ्नो रूप देखाउँदै ती प्रेतनी त्यहाँ उभिरहिन्।

३३२. "जमिनसम्म नै अर्थात भूमिमै लचकिरहेको अति नै लामो केश भएकी, त्यही केशले आफ्नो लाज छोपी श्रमण (कङ्खारेवत) लाई भन्यो।

३३३. "म यहाँ प्रेतलोकमा जन्मेको पचपन्न वर्ष भइसकेर पनि खान र पानी पीउन पाएको छैन। भन्ते ! मलाई पानीको प्यास लागिरहेको छ। तपाईंले मलाई पानी दिनुस्।

कङ्खारेवत भन्तेले उत्तरमातु प्रेतनीलाई भन्नुभयो–

Downloaded from http://dhamma.digital

३३४. "हिमालयबाट बगी आएको यो गङ्गामा चीसो पानी छ। यो पानी तिमी आफैले लिएर पिउन सक्छौ। तिमीले मसँग किन पानी माँगेको ?

प्रेतनीले भनिन्–

३३५. "भन्ते ! यदि मैले गङ्गाको पानी पिउन खोजेमा त्यो पानी रगतमा परिवर्तन हुन्छ। त्यसैले तपाईंसँग मैले पानी माँगेको।

भन्तेले प्रेतनीसँग सोध्यो–

३३६. "शरीर, वचन र मनद्वारा तिमीले के पाप कर्म गरी आयौ ? कुन कर्मले गङ्गाको पानी तिम्रो निम्ति रगतमा परिवर्तन हुनेगरी विपाक भोग गर्न परेको ?

प्रेतनीले भनिन्–

३३७. "उत्तर भन्ने मेरो छोरा श्रद्धावान उपासक हो। उसले मेरो ईच्छा बिना नै श्रमणहरूलाई दान दिन्थ्यो।

३३८. "चीवर, भोजन, ओछ्यान, खात र विभिन्न वस्तु-हरू दान दिइरहँदा मेरो चित्त दुख्नाले उसलाई मैले गालि गर्थें।

३३९. "चीवर, भोजन, ओछ्यान, खात र विभिन्न वस्तुहरू जुन तिमीले मेरो इच्छा बिना नै दिइरहेकाछौ।

३४०. "हे उत्तर ! परलोकमा यही नै तिम्रो निम्ति रगत

Downloaded from http://dhamma.digital

होस् । त्यही कर्मको कारणले मेरो निम्ति गङ्गाको पानी रगत बन्ने विपाक भोग गर्नु परेको ।"

## ११. सुत्त प्रेत

एकदिन एकजना उपासक मरेर विमानक प्रेत भई जन्मे । त्यसबेला आफ्नी प्यारी श्रीमतीको याद आउँदा आफू बसेको विमानमा लिएर आए । त्यो विमानमा श्रीमानसँग सुख-भोग गरेको सातसय वर्ष बितिसकेको हुनाले उत्कण्ठित भई श्रीमान्लाई भन्यो–

३४१. "भो आर्यपुत्र ! यहाँ आउनु अघि मैले मकहाँ भिक्षाचारमा पाल्नु भएका भिक्षु (प्रत्येक बुद्ध) लाई धागो दान दिएको हुनाले कोटानुकोटी वस्त्र प्रकट भएको हो । त्यो भोग गर्न पाएको त्यही कर्मको फल हो ।

३४२. "फूलद्वारा राम्रोसँग सजाएर राखेको रमाइलो विमानमा नानाप्रकारका गहनाद्वारा विभूषित नरनारीहरूले सेवा गरिरहेकाछन् । नाश नहुने अपार धनसम्पत्तिले सम्पन्न भई वस्त्रलगाई मैले भोग गरिरहेको छु ।

३४३. "यहाँ मलाई सुख र आनन्द भएको धागो दान दिएर आएको हुनाले हो । त्यसैले म मनुष्य लोकमा गई पुण्य कर्म गर्छु । भो आर्यपुत्र ! त्यहाँ (मनुष्यलोक)मा मलाई पुऱ्याइदिनुस् ।

विमानक प्रेतले भन्यो–

Downloaded from http://dhamma.digital

३४४. "तिमी यहाँ आएर बसेको सातसय वर्ष भइसक्यो । तिमी त्यहाँ पुग्दा जीर्ण बुढी हुनेछ्यौ । त्यहाँ तिम्रो आफन्तहरू सबै नै मरिसके । त्यसैले तिमी त्यहाँ गएर के गर्ने ?

आइमाईले भनिन्–

३४५. "तिमीकहाँ आई सातसय वर्षसम्म दिव्यमय सुख-ऐश्वर्य भोग गरिसकें । त्यसैले फेरि पनि म मनुष्यलोकमा गई पुण्य कर्म गर्छु । भो आर्यपुत्र ! तिमीले मलाई त्यहाँ पुऱ्याइदिनु ।

३४६. "विमानक प्रेतले आफ्नी श्रीमतीलाई हातसमाई विमानबाट बाहिर लगी जन्मेको घरमा राख्न लैजाँदा असक्त बुढी भइन् । त्यसबेला विमानक प्रेतले भन्यो– यहाँ तिमीकहाँ आउनेहरूलाई पनि पुण्य कर्म गर्न लगाउनु, पुण्य कर्म गर्दा सुख पाउनेछ भनी भन्ने गर्नु ।

ती आइमाईले आफूकहाँ आउने-जाने गर्नेहरूलाई यसरी भन्ने गर्थिन्–

३४७. "राम्रो कर्म नगर्ने प्रेत भई दुःख पाएको अनि त्यस्तै गरी मानिसले पनि दुःख पाएको मैले आफ्नै आँखाले देखें । देवताहरू अनि मनुष्यहरू सुखपूर्वक प्रतिष्ठित हुन पाउनु तथा सुख भोग गर्न पाउनु भनेको पुण्यकर्मको प्रभावले नै हो ।"

## १२. कण्णमुण्ड प्रेतनी

हिमालय पर्वतमा कण्णमुण्ड भन्ने एउटा पोखरी थियो । त्यस पोखरीको नजिकै दिनभरी विमानमा बसी सुख-ऐश्वर्य भोग

Downloaded from http://dhamma.digital

गर्ने अनि रात परेपछि घचेट्दै लगे जस्तै त्यस कण्णमुण्ड पोखरीको छेउमा पुग्थ्यो । त्योबेला अति नै डरलाग्दो कुकुरले हाड मात्रै बाँकि हुनेगरी खान्थ्यो । अनि ती हाडहरू पोखरीमा खसाल्न बित्तिकै पुनः देवीरूप धारण गरी आफ्नो पुण्यको प्रतापले विमानमा बसी सुख-ऐश्वर्य भोग गर्ने विमानिका प्रेतनी अर्थात दिनभरी देवी हुने अनि सारा रात प्रेतनीहरूले दुःख भोग गरे जस्तै दुःख भोग गर्ने हुनाले विमानिका प्रेतनी भनेको हो । कण्णमुण्डको नजिकै बस्ने भएकिले कण्णमुण्ड प्रेतनी भन्ने नाउँ भएको हो । एकदिन वाराणसीका राजा त्यहाँ गएको बेला कण्णमुण्ड प्रेतनीले आफ्नो विमानमा लगेर दिव्य आहार-पानद्वारा खुबराम्रोसँग सेवा गरी आफ्नो अधिकारमा मोहित पारी राखेको एकसय पचास वर्ष बितिसकेको थियो । एकसय पचास वर्ष बितिसक्दा मात्रै वाराणसीका राजाले त्यहाँको सत्य घटना थाहा पाएर कण्णमुण्ड प्रेतनीसँग सोध्यो–

३४८. "सिँढीमा सुनको पाता लगाएको छ । विमानको चारैतिर सुनको बालुवा छरिएको छ । त्यहाँबाट सुगन्धित वासना आइरहन्छ ।

२४९. "विभिन्न वृक्षद्वारा घेरिएको छ । थरी-थरीका कमलका फूलहरू फुलिएका छन् । किसिम-किसिमको सुगन्धित मगमग वासना आउँछ । पोखरीमा सेतो कमलको फूल फुलेको छ ।

३५०. "मन प्रफुल्लित हुनेगरी सुगन्धमय मगमग वासनाको हावा प्रवाहित भइरहेको छ । हाँस, क्रौंच र चक्रवाक पंक्षीहरूको आवाजले गुञ्जायमान छ ।

Downloaded from http://dhamma.digital

३५१. "विभिन्न जातका पंक्षीहरू यहाँ धेरै छन् । विभिन्न जातका पंक्षीहरूको स्वर गुञ्जायमान छन् । नानाप्रकारका फलफूल फलिरहेका छन् अनि नानानप्रकारका फूलहरू पनि फुलिरहेका छन् ।

३५२. "यहाँ जुनप्रकारका नगरहरू छन् त्यसप्रकारका नगरहरू मनुष्यहरूकहाँ पनि छैनन् । सुवर्णमय र चाँदिका धेरै नै महलहरू छन् । चारैतिर चहकिलो भई टल्किरहेको छ ।

३५३. "यहाँ तिमीलाई सेवा गर्ने नोकर्नीहरू पाँचसय छन् । तिनीहरूको हातमा स्वर्णका बाला तथा हातहरू स्वर्णका आभूषणद्वारा सजिएका छन् ।

३५४. "तिमीसँग सुन र चाँदिका धेरै नै पलङ्गहरू छन् । ती पलङ्गहरूमा मृगचर्मका आसनहरू बिछ्याएका छन् । लाम्-लामा केशका भूवादार तन्नाद्वारा सजिएको छ ।

३५५. "समस्त चीज-बीजद्वारा सम्पन्न भएको जहाँ तिम्रो शयनागार हो त्यहाँ तिमी जान्छौ अनि आधारातमा तिमी आफ्नो शयनागारबाट उठेर जान्छौ ।

३५६. "भो भद्रा ! तिमी त्यहाँ जाँदा उद्यान भूभिमा पोखरीको छेउमा हरियो घाँसमा बसिरहन्छौ ।

३५७. "त्यहीबेला कण्णमुण्ड (कान काटिएका) कुकुर आई तिम्रो अङ्गप्रत्यङ्गका सबै मासु खाइदिन्छ बाँकी हाड पोखरी-मा खसालिंदा पुनः तिमी पहिलेकै रूप धारण गरी आउँछौ ।

Downloaded from http://dhamma.digital

३५८. "त्यसबेला अति नै आकर्षित पार्ने तिम्रो अङ्गप्रत्यङ्ग भएपछि तिमीले वस्त्र धारी भई मकहाँ आउँछौ ।

३५९. "तिमीले शरीर वचन र मनले कुन नराम्रो दुष्कर्म गरी आयौ ? जसले गर्दा कण्णमुण्ड कुकुरले टोक्न लगाउनका साथै अङ्गप्रत्यङ्गलाई ख्वाउनु पर्ने कर्म विपाक भोग्नु परेको ?

३६०. "पहिलेको जन्ममा म किमिल भन्ने नगरमा श्रद्धावान गृहस्थ उपासकको श्रीमती थिएँ । त्यसबेलामा म व्य-चारिणी तथा दुःशीलकी थिएँ ।

३६१. "म व्यभिचारिणी भएको थाहापाई श्रीमानले भन्यो– तिमीले म बाहेक अरूसँग अनाचार गरी हिँडेको राम्रो होइन अथवा ठीक होइन ।

३६२. "त्यसरी भन्दा मैले श्रीमानलाई विश्वास दिलाउन झूटो बोल्दै भने– मैले शरीर र वचनद्वारा अनाचार गरेको छैन ।

३६३. "यदि शरीर र वचनद्वारा तिमी बाहेक अरूसँग लागेमा कण्णमुण्ड कुकुरले मेरो अङ्गप्रत्यङ्गलाई ख्वाउनु पर्ने होओस् भनी भनेको थिएँ ।

३६४. "त्यही व्यभिचार र झूटो बोलेको दुई नराम्रो कर्म गरेँ । अहिले जुन विपाक भोग गरिरहेको छु त्यो सातसय वर्ष बितिसक्यो ।

३६५. "भो देव ! तपाईं मेरोप्रति धेरै ने उपकारक हुनुहुन्छ । मेरो कल्याणको निम्ति नै तपाई यहाँ आउनुभयो ।

Downloaded from http://dhamma.digital

तपाईंले कण्णमुण्ड कुकुरलाई मारिदिनाले अब म कण्णमुण्ड कुकुरको भयबाट मुक्त भएँ । त्यसैले अब म भय र शोकरहित भई बस्न पाउने भएँ ।

३६६. "भो देव ! तपाईंलाई मेरो नमस्कार छ । दुईहात जोड्दै बिन्ति गरी प्रार्थना गर्दछु कि मसँग रतिक्रीडामा रमाउँदै आनन्दित भई बस्नुस् ।

विमानिका प्रेतनीको कुरा सुनेर अस्वीकार्दै वाराणसी राजाले भन्यो–

३६७. "म तिमीसँग दिव्यमय रतिक्रीडामा रमाउँदै आनन्द मान्दै बसिसकेँ । त्यसैले भो सौभाग्यवती ! मैले तिमीसँग प्रार्थना गर्दछु कि मलाई चाँडै नै मेरो नगरमा पुऱ्याइदिनु ।"

## १३. उब्बरि प्रेत

Dhamma.Digital

पञ्चाल राष्ट्रमा कपिल भन्ने नगरमा चूलनी ब्रह्मदत्त राजाले राज्य चलाइरहेका थिए । वहाँ राजालाई औधी नै मनपराउने उब्बरी महारानी थिइन् । एकदिन चूलनी ब्रह्मदत्त राजाको स्वर्गारोहण हुँदा उब्बरि महारानी सँधै मसानमा गई विलाप गर्दै ब्रह्मदत्त कहाँ गयो भन्दै रुन्थिन् । त्यसबेला हाम्रो बोधिसत्व ऋषि प्रव्रजित हुनुकासाथै ध्यानलाभी भई दिव्य चक्षुद्वारा हेर्नु हुँदा उब्बरीको अवस्थालाई थाहा पाउनु भई शोकरहित गरिदिनु पऱ्यो भनी मसानमा जानुभयो र शोकबाट मुक्त गरिदिनु भयो ।

धर्म-संग्राहकका उल्लेखित गाथाहरू–

Downloaded from http://dhamma.digital

३६८. "राष्ट्रका प्रमुख हुनुहुने पञ्चाल देशका राजा ब्रह्मदत्त हुन् । बाँच्ने अवधि सकिएको हुनाले राजाको मृत्युभयो ।

३६९. "राजालाई दाह-संस्कार गरेको ठाउँ मसानमा महारानी उब्बरी त्यहाँ जाने गर्थिन् । त्यहाँ पुगी ब्रह्मदत्त कहाँ गयौ ? ब्रह्मदत्त देख्दिन भनी स्मरण गर्दै रुन्थिन् ।

३७०. "सुआचरणको गुणसम्पन्न ऋषिले अर्थात जो मसानमा जम्मा भइरहेका थिए तिनीहरूसँग मुनिले सोध्नुभयो–

३७१. "कसको निम्ति यहाँ मसानमा नानाप्रकारका सुगन्धयुक्त मगमग वासना आउने गरेको ? कस्को सम्झनामा आइमाई रोइरहेकी ? यस मनुष्यलोकबाट परलोकमा गएका ब्रह्मदत्त मेरो श्रीमानलाई देख्दिन । हाय् मेरो ब्रह्मदत्त ! भनी रोइरहेकी छन् ।

३७२. "त्यहाँ भेलाभएकाले भेलाहुनुको कारण लिएर भने– भो भदन्त ! ब्रह्मदत्तको यादमा ! भो मारिष ! ब्रह्मदत्तको निम्ति !

३७३. "राजाको उद्देश्य लिएर यहाँ मसानमा नानाप्रकार-का सुगन्धयुक्त मगमग वासना आइरहेको हो । वहाँकै निम्ति यहाँबाट टाढा गइसकेका श्रीमानको यादमा ब्रह्मदत्त देख्दिन, ब्रह्मदत्त कहाँ गयो भनी ब्रह्मदत्तको सम्झनामा रोइरहेकी हुन् ।

तिनीहरूको कुरा सुनेपछि उब्बरिप्रति अनुकम्पा राखेर भन्नुभयो–

Downloaded from http://dhamma.digital

३७४. "ब्रह्मदत्त नाउँ गरेका चौरासीहजार यस मसानमा दाह-संस्कार गरिसके । ती मध्येमा कस्को लागि तिमी यहाँ शोक गरिरहेकी ?

उब्बरिले भनिन्–

३७५. "जो पञ्चाल राष्ट्रका प्रमुख चूलनी राजाको छोरा हो । मैले इच्छाएको पुऱ्याइदिने स्वामीको सम्भनाले गर्दा म रोइहेकी हुँ, भन्ते !

उब्बरिको कुरा सुनेपछि तपस्वीले पुनः भन्नुभयो–

३७६. "पञ्चाल राष्ट्रका नायक चूलनी राजाका छोराहरू सबै नै ब्रह्मदत्त नाउँका हुन् । तिनीहरू सबै नै राजा हुन् ।

३७७. "क्रमानुसार तिमी सबैको नै अग्रमहारानी भइसकेकी हौ । पहिलोलाई त्यागेर पछिल्लोलाई सम्भेर किन पीड लिनुपरेको ?

तपस्वीको कुरा सुनेपछि संवेगी भई उब्बरिले भनिन्–

३७८. "भो मारिष ! तपाईंले चिरकालदेखि म स्त्रीरूपमा जन्मेको अर्थात संसारमा स्त्री भई धेरै नै पटक जन्मलियो भनी भन्नुभयो ।

तपस्वीले भन्नुभयो–

Downloaded from http://dhamma.digital

३७९. "तिमी स्त्री पनि भइसक्यौ, पुरुष पनि भइसक्यौ अनि पशुयोनिमा पनि जन्मिसक्यौ । हुन त विचार गरी हेरेमा सिमाना नै देखिंदैन ।

उब्बरिले भनिन्–

३८०. "घ्यू हालेर बालेको आगोसमान दग्ध भइरहेको यो मेरो मनमा पानी खन्याई आगो निभाई दिएसमान मेरो सारा-पीड शान्त गरी दियौ ।

३८१. "भित्री हृदयमा चूभिएको यो मेरो शोकको वाण निकाली दियौ । जो कि स्वामीको शोकमा डुबिएर बसेकालाई शोकबाट मुक्त गरिदियौ ।

३८२. "त्यसैले आज मैले (शोकरूपी) वाण निकाली दिएँ । शान्त तथा शीतलको भएँ । भो महामुनि ! तिम्रो कुरा सुनेर शोक गर्दिन अनि रुँदिन पनि ।

३८३. "श्रमणको सुभाषित कुरा सुनेपछि पात्र र चीवर लिई दरवार त्याग गरी अनागारिका भइन् ।

३८४. "दरवार त्यागी प्रव्रजित अनागारिका भई शान्त-दान्तका भई ब्रह्मलोकमा उत्पन्न हुने मैत्री भावना गरिन् ।

३८५. "गाउँ-गाउँ, नगर-नगर, राजधानी अनि ठाउँ-ठाउँमा विचरण गर्दै अन्तमा जहाँ उरुवेल भन्ने गाउँ हो त्यहीं मृत्युभयो ।

Downloaded from http://dhamma.digital

३८६. "स्त्री भई जन्मिने इच्छा परित्याग गरी, ब्रह्मलोकमा उत्पन्न हुने ध्यान गरेर ब्रह्मलोकगामी भए।"

Downloaded from http://dhamma.digital

# ३. चूल वर्ग

## १. अभिज्जमान प्रेत

वाराणसी देशमा चुन्दलिङ्ग भन्ने गाउँमा एकजना शिकारी थिए । ऊ जंङ्गलमा गई शिकार गरी मासु खाएर बाँकी भएको पाटमा पोको पारेर बाटामा मासु माग्न बसेका बालकहरूलाई एक-एक टुक्रा मासु दिन्थ्यो । एकदिन शिकारका निम्ति जङ्गलमा जाँदा शिकार नपाएकोले त्यहीं जङ्गलमा भएको उद्दालक भन्ने फूल टिपेर माला उनेर माला लगाए । धेरै फूलहरू लिएर फर्किरहेको बेला मासु लिन आशमा बसिरहेका बालकहरूलाई एक-एकवटा फूल दिए । ऊ एकदिन मरेर प्रेत भई जन्मे । प्रेत भई जन्मिँदा आफूले केही पाउने आश गरी चुन्दलिङ्गिक गाउँमा जाने क्रममा गङ्गाको पानीले खुट्टा नभिज्ने गरी गइरहेको बिम्बिसार राजाको महान्त्रीले देखेर सोधे–

३८७. "गङ्गाको पानीले खुट्टा नभिज्ने गरी तिमी यहाँबाट गइरहेका छौ । आधा शरीरको मथिल्लो भाग भने देवता समान छौ । तल्लो आधा भाग भने प्रेत जस्तै वस्त्ररहित छौ । भो प्रेत ! तिमी कहाँ जाने ? तिम्रो वासस्थान कहाँ छ ? महामन्त्री कोलियको कुरा सुनेर प्रेतले भन्यो–

**धर्म संग्राहकका** उल्लेखित गाथाहरू–

प्रेतले भन्यो–

३८८. "वाराणसी नजिकै वासभ गाउँको बीचमा चुन्दलिङ्ग भन्ने एउटा गाउँ छ । त्यही गाउँमा म जाँदैछु ।

Downloaded from http://dhamma.digital

३८९. "प्रसिद्ध महामन्त्री कोलियले उसलाई देखेर प्रेतको नाउँमा सत्तु, भोजन, पहेंलो एकजोड लुगा दान दियो । (दान कहिले दिएको ?)

३९०. "गङ्गा नदी पार तर्न नौकामा बसेर गइरहेको बेला नौकालाई गङ्गाको बीचमै राखेर त्यहाँ नौकामा बसेका एकजना नापितलाई त्यो वस्त्र दान दिएको थियो । नापितलाई त्यो वस्त्र दान दिनसाथै त्यो प्रेतले प्राप्त गरे ।

३९१. "दानको फल त्यो प्रेतले भोग गर्न पाउने हुनाले त्यही अवस्थामा राम्रो लुगा, गहनादि दान दिनाले उसले पाएको हो । त्यसैले प्रेतप्रति अनुकम्पा राखी समय-समयमा दान दिनुपर्छ ।

३९२. "कोही-कोही प्रेत झुत्रो लुगा लगाएर बसेका, कतिले आफ्नै केशले लाज छोपी एक ठाउँबाट अर्को ठाउँमा वा यताउता टाढा-टाढासम्म खाना खोज्न गइरहेका हुन्थे ।

३९३. "कोही-कोही टाढा-टाढा दगुर्दादगुर्दै खान नपाई फर्किरहेका थिए । कति त भोकाएका हुनाले रिङ्गाता लागेर त्यहीं भूँइमा पछारिएका थिए ।

३९४. "ती भूँइमा लडेकाहरू तथा भुँइमा ढलेकाहरू पहिलेको जन्ममा राम्रो कर्म (धर्म) गरी नआएकाले पेटमा आगोले पोले झैं भई भोकले गर्दा छटपटाइरहेका थिए ।

३९५. "पहिलेको जन्ममा हामीले घरका मालिक हुँदा आफूसँग दान-वस्तु छँदा पनि घरकि स्त्री, आमा-बुबा र

Downloaded from http://dhamma.digital

सन्तजनलाई दान दिने गरेनौं । आफ्नो निम्ति पुण्य कर्म गरी द्वीप बनाएनौं । हामी अधर्मी तथा पापी रहेछौं ।

३९६. "अन्न-पान धेरै भएर पनि केही पनि दान दिने गरेनौं । राम्रो मार्गमा लाग्ने प्रव्रजितहरूलाई पनि केही दान नदिकन बरु फाल्ने गऱ्यौं ।

३९७. "मङ्गल हुने कार्यमा नलागि अमङ्गल हुने कार्यमा लाग्यौं । मिठो-मिठो खाने चाहना गरी रसास्वादयुक्त भएको भोजन गऱ्यौं । आहार-भोजनादि दान दिनेलाई निन्दा गऱ्यौं अनि दानग्रहण गर्नेलाई पनि निन्दा गऱ्यौं ।

३९८. "अहिले हाम्रो गहनादि वस्त्र त्यहाँ घरका मान्छेले अनि दासीहरूले भोग गरिरहेकाछन् ।

३९९. "अब हामी प्रेत योनिबाट मुक्त भएपछि मनुष्य भई जन्मिंदा कन्जुस तथा निच कुलमा नै जन्मिनेछौं । बाँसको काम गर्ने, सिकर्मी, साथिभाइहरूबाट द्रोह गर्ने, चण्डाल कुलमा, दरिद्र कुलमा, नापित कुलमा तथा अवहेलित कुलमा बारम्बार जन्मिने छौं ।

४००. "जुन-जुन नीच कुल र दरिद्र कुल हो त्यहीं-त्यहीं जन्मिनु पर्ने कन्जुसहुनाको गति हो ।

४०१. "पहिलेको जन्ममा कन्जुस स्वभाव नभएका, यहाँ कल्याण हुने कार्य गर्ने दाताहरू मृत्युपश्चात स्वर्गलोकमा जन्मेकोले स्वर्ग भरिएका छन् । नन्दन वन प्रभासित छन् ।

Downloaded from http://dhamma.digital

४०२. "मनले चिताएको जस्तै विषय भोग गरी वेजयन्त प्रासादमा रमाइलो गरिरहेकाछन् । तिनीहरू त्यहाँबाट च्युत भए-पछि भोगसम्पत्ति सम्पन्न भएको उच्चकुलमा नै जन्मिनेछन् ।

४०३. "राम्रा-राम्रा कुटागार, प्रासाद, भुवादार नरम भएको ओछ्यान (बिस्तर) मा बसी मयुरको प्वाँखले पँखा लगाई बस्ने पाउने कुलमा यशस्वी भई जन्मिनेछन् ।

४०४. "भुँइमा बस्न नपर्ने गरी काखका बच्चा काखबाटै अरूकै काखमा बस्न पाउँछन् । अलङ्कारद्वारा अलङ्कृत भई धाइ-आमाद्वारा साह्यारसम्भार गराई सुखपूर्वक नै हुर्किनेछन् ।

४०५. "पुण्यकर्म नगर्नेले यसप्रकारका सुखभोग गर्न पाउनेछैन । पुण्यकर्म गर्नेले मात्रै त्यसप्रकारका सुखभोग गर्न पाउँछन् । तावतिंस देवलोकमा नन्दन भन्ने वनमा शोकरहित भई रमाइलो गरी बिताउँछन् ।

४०६. "पुण्यकर्म नगर्नेले यसलोकमा तथा परलोकमा सुखभोग गर्न पाउँदैन । पुण्यकर्म गर्नेले यसलोक र परलोक दुवै लोकमा सुखभोग गर्न पाउँछ ।

४०७. "त्यसैले देवलोकमा बसेकाहरूसँग बस्न चाहनेले धेरै नै पुण्यकर्म गर्नुपर्छ । पुण्यवान मात्रै स्वर्गमा भोगसम्पन्न भई आनन्दकासाथ बस्नपाउँछ ।"

Downloaded from http://dhamma.digital

## २. साणवासी थेर प्रेत

साणवासी थेर भन्ते पहिलेको एक जन्ममा वाराणसीका कितवस्स भन्ने राजाको छोरा भई जन्मेका थिए । त्यसबेला भिक्षाटन गर्दै आउनु भएका सुनेत्र प्रत्येक बुद्धले राजकुमारलाई देखेर पनि नमस्कार गरेन भनी ऐश्वर्याभिमानले मस्त भएकोले प्रत्येक बुद्धको हातमा भएको पात्रलाई लिएर भुंइमा फालेर फुटाली दियो । प्रत्येक बुद्धले करुणायुक्त चित्तद्वारा राजकुमारलाई हेर्नुभयो । प्रत्येक बुद्धले हेर्नुभएको देखेर राजकुमारले यसो भने– तिमीले मलाई यसरी हेरेर के नै गर्न सक्छौ ? भनी हेपेर हाँसेर गयो । फर्केर जानु बित्तिकै महानरकको अग्निले पोले झैं भई राजकुमारको शरीरमा जलन भयो । त्यही नै कष्टदायक पीडाले पीडित भई महानरकमा जन्मे । त्यस नरकमा चौरासी हजार वर्षसम्म नानाप्रकारका दु:ख-कष्ट भोग गरी त्यहाँबाट पुन: प्रेत भई जन्मेर दीर्घकालसम्म भोक र प्यासलाई सहेर त्यहाँबाट पनि मुक्त भई हाम्रो भगवान बुद्धको पालामा कुण्डि भन्ने नगर नजिकैरहेको केवट्ट भन्ने गाउँमा माछा मार्ने माझीको कुलमा जन्मे ।

त्यस जन्ममा उसले पहिले जन्ममा दु:ख-कष्ट भोग गरिआएको स्मरण गर्नसक्ने भए । त्यसैले ऊ ठूलो भएपछि आफन्तहरूसँग माछा मार्ने काम गरेन । तिनीहरूसँग जाँदा पनि माछा मार्नु पर्ला भनी कहीँ एकतिर गई लुकेर बस्थ्यो । जालमा परेका जिउँदो माछा देखे पानीमा लगेर छाडिदिन्थ्यो । त्यसैले उसलाई घरबाट निकालि दियो । घरबाट निकालि दिएपछि ऊ यताउता घुम्दै-फिर्दै जाँदा आनन्द भन्तेसँग भेटभयो । आनन्द भन्तेले ऊप्रति करुणा राखी प्रव्रजित गरिदिनुभयो । पछि भिक्षु

Downloaded from http://dhamma.digital

भई अर्हत हुनुभयो । अर्हत हुनुभएपछि बाह्रजना भिक्षुहरूसँग सानवासी भन्ने पर्वत माथि जानुभयो ।

धर्म-संग्राहकका उल्लेखित गाथाहरू–

४०८. "कुण्डि नगरस्थित साणवासी पर्वतमा बस्नुहुने भावितिन्द्रिय पोट्ठपाद नाउँका श्रमण थिए ।

४०९. "वहाँका आमा-बुबा र भाइ यमलोकको दुर्गतिमा परेका थिए । पापकर्मले गर्दा यसलोकबाट प्रेतलोकमा जन्मेका थिए ।

४१०. "तिनीहरू भोक र प्यासले गर्दा सियोले घोचिएको जस्तै भई दु:ख-कष्ट भोग गर्दै नाङ्गो र दुब्लो भई दुर्गतिमा परेका थिए । आफूले गरिआएको दरलाग्दो पापकर्मले गर्दा के गरुँ, कसो गरुँ भन्दै त्रसित भई (आफ्नो) छोराको अगाडि जान लाज मानिरहेका थिए ।

४११. "वहाँका भाइ (प्रेत)ले स्थविर आइरहनु भएको बाटोमा दुवै हात र दुवै खुट्टा टेकेर डराउँदै आफ्नो रूप देखाए ।

४१२. "स्थविरले वास्तै नगरि तथा केही नबोली गइरहनु भएको थियो । त्यो (प्रेत)ले आफूलाई चिनाउनको निम्ति स्थविरलाई भन्नुभयो–

४१३. "भन्ते ! तपाईंको आमा-बुबा यमलोकको दुर्गतिमा परेका छन् । पापकर्मले गर्दा प्रेतलोकमा परेकाछन् ।

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

४१४. "तिनीहरू अहिले भोक र प्यासले गर्दा सियोले घोचे समानको भई दु:ख-कष्ट भोग्दै नाङ्गो र दुब्लो भई दुर्गतिमा परेकाछन् । आफूले गरिआएको पापकर्मले गर्दा के गरुँ, कसो गरुँ भनी डरमानेर तपाईंको अगाडि आउन लाज मानिरहेकाछन् ।

४१५. "भो कारुणिक ! हामीप्रति अनुकम्पा राखी हाम्रो उपलक्ष लिई भोजनादि दान गरिदिनुस् । तपाईंले दान दिँदा डरलाग्दो कर्मबाट मुक्त भई जीवन यापन गर्न सक्नेछौं ।

प्रेतको कुरा सुनेर स्थविरले पुण्यकर्म गरिदिनुभयो ।

४१६. "अरू बाह्रजनासहित वहाँ स्थविर भिक्षाटनबाट फर्किनु भई भोजन गर्न भनी सबै एकैठाउँमा जम्मा हुनुभयो ।

४१७. "जम्मा भएका भिक्षुहरूलाई स्थविरले भन्नुभयो– मेरा आफन्तप्रति अनुकम्पा राखी तपाईंहरूलाई प्राप्त भएको भोजन मलाई जति दिनसक्नु हुन्छ त्यति दिनुस् । मैले संघ भोजन गराउँछु ।

४१८. "वहाँहरूले स्थविरलाई भोजन दिनुभयो । स्थविरले संघलाई निमन्त्रण गर्नुभयो । स्थविरले आमा-बुबा र भाइको नाउँमा भोजनादि दान दिएपछि **'इदं मे ञातीना होतु, सुखिता होन्तु ञातयो'** यो पुण्य मेरो आफन्तलाई प्राप्त होस्, यो पुण्यको प्रभावले वहाँहरू सुखी होउन्' भनी पुण्य दान गरी दिए ।

४१९. "तत्क्षणमै अनेक रस र व्यञ्जनयुक्त परिशुद्ध र उत्तम भोजन तिनीहरूको सामुन्ने प्रकट भयो ।

४२०. "अनि प्रेत भएका भाइले आफ्नो रूप देखाउँदै भन्यो- भन्ते ! तपाईंले दान दिनुभएको प्रभावले हामीलाई धेरै नै भोजन प्राप्त भएकोले वर्णवान, बलवान र सुखी भयौं। हेर्नुहोस् त अहिले हामी नाङ्गो छौं। भन्ते ! त्यो काम गरिदिनुस् जसले गर्दा हामीले वस्त्र लाउन पाउनेछौं।

४२१–४२२. "स्थविरले यताउताबाट धूलोमा फ्याँकि राखेको कपडा खोजेर ल्याई त्यसको चीवर सिलाएर आमा-बुबा र भाइको नाउँमा चारैदिशाबाट आउनु भएका संघको उद्देश्य लिई भोजनादि चीवर दान दिएपछि 'इदं मे ञातीना होतु, सुखिता होन्तु ञातयो' यो पुण्य मेरो आफन्तलाई प्राप्त होस्, यो पुण्यको प्रभावले वहाँहरू सुखी होउन्' भनी पुण्य दान गरी दिए।

४२३. "तत्क्षणमै तिनीहरूलाई त्यहाँ वस्त्रहरू प्रकट भयो। अनि त तिनीहरूले राम्रा-राम्रा वस्त्र लगाएर स्थविरको सामुन्ने आफ्नो रूप देखाए।

४२४. "भन्ते ! नन्द राजाको राज्यमा जति पनि वस्त्र छन्, त्यो भन्दा बढी हामीसँग वस्त्र छन्।

४२५. "कपासको, सुतिको, ऊनको र रेशमको वस्त्रहरू आकाशमा झुण्डिरहेका छन्।

४२६. "त्यो झुण्डिएको कपडाहरू मध्येमा हामीलाई जुन मन पर्छ त्यो लिएर लगाउन सक्छौं। भन्ते ! अब त्यो गरिदिनुस् जुन गरिदिंदा हामीले घर पाउनेछौं।

Downloaded from http://dhamma.digital

४२७. "स्थविरले पर्णकुटी बनाई चारैदिशाबाट पाल्नुहुने संघको उद्देश्य लिई दान दिनुभयो। स्थविरले आमा-बुबा र भाइको नाउँमा दान दिएपछि **'इदं मे ञातीना होतु, सुखिता होन्तु ञातयो'** यो पुण्य मेरो आफन्तलाई प्राप्त होस्, यो पुण्यको प्रभावले वहाँहरू सुखी होउन्' भनी पुण्य दान गरी दिए।

४२८. "तत्क्षणमै उनीहरूको निम्ति त्यहाँ घर प्रकट भयो। बस्नलाई राम्रोखालको चारैतिरबाट बराबर भाग गरी राखेको कुटागार थियो।

४२९. "यसप्रकारको घर मानिसहरूसङ्ग पनि छैन। जुन अहिले हामीसँग छ। अर्थात दिव्यलोकका जुनप्रकारको घर हो त्यस्तै प्रकारको घर हाम्रो निम्ति छ।

४३०. "समस्त ठाउँ नै झिलिमिलिकासाथै प्रभासित भइ-रहेको छ। भन्ते ! अब त्यो काम गरिदिनुस् जुन काम गरिदिंदा हामीले पानी पाउनेछौं।

४३१. "स्थविरले भाँडा भरी पानी राखी चारैदिशाबाट पाल्नुहुने संघको उद्देश्य लिई दान दिनुभयो। स्थविरले आमा-बुबा र भाइको नाउँमा दान दिएपछि **'इदं मे ञातीना होतु, सुखिता होन्तु ञातयो'** यो पुण्य मेरो आफन्तलाई प्राप्त होस्, यो पुण्यको प्रभावले वहाँहरू सुखी होउन्' भनी पुण्य दान गरी दिए।

४३२. "तत्क्षणमै तिनीहरूलाई त्यहाँ पानी प्रकट भयो। राम्रोसित बनाएको चतुष्कोणको धेरै नै गहिरो पोखरी बन्यो।

Downloaded from http://dhamma.digital

४३३. "राम्रोसित बनाएको घाट, चीसो पानी, शीतल सुवासना आउने नानाप्रकारका कमलको फूल र केशरादिले भरेको पोखरी बन्यो ।

४३४. "त्यहाँ तिनीहरू नुहाएर पानी पिएपछि आफूहरू स्थविरको सामुन्ने उभेर देखाए । भन्ते ! पानी त धेरै नै छ । अहिले हाम्रो खुट्टा फुलेको हुनाले दु:खिरहेको छ ।

४३५. "हामी यताउता घुमफिर गरिरहँदा काँढा भएको ठाउँ, चुच्चो-चुच्चो भएको ढुङ्गाको टुक्रा भएतिर हिँड्न पर्छ । भन्ते ! अब तपाईंले त्यो काम गरिदिनुस् जुन गरिदिंदा हामीले विमान पाउनेछौं ।

४३६. "स्थविरले एकजोड जुत्ता प्राप्त भएकोलाई नै चारै दिशाबाट पाल्नुहुने संघको उद्देश्य लिई दान दिनुभयो । स्थविरले आमा-बुबा र भाइको नाउँमा दान दिएपछि **'इदं मे ञातीना होतु, सुखिता होन्तु ञातयो'** यो पुण्य मेरो आफन्तलाई प्राप्त होस्, यो पुण्यको प्रभावले वहाँहरू सुखी होउन्' भनी पुण्य दान गरी दिए ।

४३७. "तत्क्षणमै प्रेतहरूको निम्ति रथ प्रकट भयो । भदन्त ! तपाईंले हामीप्रति अनुकम्पा राखी भोजन र वस्त्रादि दान दिनुभयो ।

४३८. "घर, पानी र वाहन सबै नै दान दिनुभयो । भो लोकका मुनि, कारुणिक भन्ते ! तपाईंलाई वन्दना गर्न हामी यहाँ आएका हौं ।"

Downloaded from http://dhamma.digital

## ३. रथकार प्रेतनी

काश्यप तथागतको समयमा रथकार प्रेतनी भन्ने कोही एकजना शीलाचरणमा सम्पन्न र कल्याण मित्रको संगतमा परी काश्यप तथागतको शासनमा श्रद्धासम्पन्न भई अति नै राम्रो एउटा घर बनाई त्यो घर संघलाई दान दिएका थिए । एकदिन उसको मृत्यु भयो । कुनै एक पापकर्मको कारणले गर्दा ऊ मरिसकेपछि पर्वतराज हिमालयमा रथकार दहको नजिकै विमानक प्रेत भएर जन्मे । संघलाई घर दान दिएको हुनाले समस्तप्रकारका रत्नजडित अति नै राम्रो, मनोरञ्जनात्मक, चित्त बुझ्दो खालको, रमणीय पोखरी अनि देवलोकको नन्दन वन समान शोभायमान विमानमा जन्मे । आफू स्वयम् पनि सुवर्णरूप, हेर्दै राम्रो रूप, प्यारो रूप तथा लोभ्याउने रूप थियो ।

राम्रोलाग्ने त्यो विमानमा दीर्घकालसम्म पुरुषविहिन भई बस्नुपरेकोले उदासिन तथा उत्कण्ठित भई (कण्णमुण्ड प्रेतनीको कथामा जस्तै) दिव्यमय एउटा आँप नदिमा खसालि दियो । त्यो आँपलाई नदीले बगाउँदै बनारसको नदीमा पुग्दा एकजना मानिसले त्यो आँप लिएर त्यसको रसमा भूलेर त्यो आँप भएको ठाउँलाई खोन्दै त्यहाँ पुगे । विमानिक प्रेतले देखेर उसलाई आफू बसेको विमानमा लिएर गइन् । त्यो माणवकले विमान देखेर सोध्यो–

४३९. "महानुभावकि भो देवी ! ज्वाज्वल्यमान भई चम्किरहेको, रत्नमय खम्बा, रमाइलो विमानमा जब चाहन्छौ तब गएर बस्छौ । चित्त नै आनन्द हुने गरी गगन मार्गमा गइरहेको चन्द्रमासमान छौ ।

Downloaded from http://dhamma.digital

४४० "तिम्रो रूपवर्ण स्वर्णसमान छ । तिम्रो रूप बलिरहेको आगोसमान हेर्दै रुचिकर छ । अतुलनीय उत्तम सिंहासनमा एक्लै बसिरहेका छौ । के तिम्रो श्रीमान छैन ?

४४१. "यो तिम्रो पोखरीको चारैतिर रङ्गविरङ्गका फूलहरू फुलिरहेकाछन् । धेरै नै कमलको फूलहरू फूलिरहेकाछन् । त्यसमा फोहर र भ्याउ पनि छैन । पोखरीको चारैतिर सुनकोधूलो ओछ्याइराखेको छ ।

४४२. "यी हँसहरू जहिले पनि पानीमा यताउता गइरहेको हेर्दा रमाइलो र राम्रो छ । सबैले मधुर स्वरले गुञ्जायमान हुने गरी एकैठाउँमा जम्मा भई परस्पर मिलेर कराइरहेकाछन् ।

४४३. "देवऋद्धिद्वारा अति नै प्रभासित भो यशस्वीनी ! नौकाबाट निहुरिएर तिमी पानीमा खेली रहन्छौ । घुँघडिएको लामो नीलो केश भएकि, हँसिलो मुहार, मनप्रिय हुने गरी कुरा गर्ने, सर्वाङ्ग सुन्दरी भई सबैतिर प्रभासित छौ ।

४४४. "यो विमानमा नराम्रो भन्नु पर्ने ठाउँ नै छैन । उभरखाभर नभएको समानरूपको जमिनमा छ । यो उद्यान वन पनि रमाइलो छ अनि आनन्ददायक छ । भो अति सुन्दरी नारी ! तिमीसँग रमाउँदै आनन्दपूर्वक बस्ने इच्छा छ ।

माणवकको कुरा सुनेर विमानिका प्रेतनीले भनीन्–

Downloaded from http://dhamma.digital

४४५. "यो दिव्यमय स्थानमा बसी भोग गर्न कुशलकर्म गर्नुपर्छ । कुशलकर्म गर्दा तिम्रो चित्त हमेसा यहीँ लगाउनु । यहाँ भोग गर्नको निम्ति पुण्यकर्म गऱ्यौ भने तिमीले चिताए जस्तै मलाई पाउनेछौ ।

**धर्म-संग्राहकका उल्लेखित गाथाहरू–**

४४६. "हुन्छ, मैले त्यसरी नै गर्छु भनी उसलाई भनेर त्यस विमानमा जन्म लिनलाई पुण्यकर्म गरे । पुण्यकर्म गरी त्यो माणवक विमानिक प्रेतनीकहाँ जन्मियो ।"

## ४. भुस प्रेत

महामोग्गल्लान भन्तेले चारजना प्रेतनीले महादुःख भोग गरिरहेको देखेर सोध्नुभयो–

४४७. "एक्लैबसी बारम्बार हमेशा बलिरहने भुसको आगो लिएर शीरमा खनाउँछौ । यी स्त्रीले भने आफ्नै मासु र रगत खाइरहेकी छे । तिमीले भने घिनलाग्दो दिसा खाइरहेकी छौ ।

स्थविरले सोधेको कुरालाई ठगी गर्ने व्यापारिको श्रीमतीले भनिन्–

४४८. "यसले पहिलेको जन्ममा आमालाई मारेर आएकी हुन् । यसले व्यापार गर्दा ठग्ने गर्थिन् । यसले आफूले नै मासु लिएर खाँदा पनि मैले खाएको छैन भनी छल्दथिन् ।

Downloaded from http://dhamma.digital

४४९. "म मनुष्यलोकमा मनुष्य भई जन्मेको बेला घरकी मालिक्नी हुँदा मेरो घरका सामानहरू कसैले नलगोस् भनी लुकाएर राख्थें।

४५०. "तिमीले माँगेको सामान मसँग छैन भनी झूटो बोलेर पठाइदिन्थें। यदि मसँग भएर पनि छैन भनेको भए मैले आची खान परोस् ।

४५१. "झूटो बोलेको त्यो कर्मको विपाक वासमती चामलको भात पनि मेरो निम्ति आची हुन्छ।

४५२. "उपयुक्त हुने गरी कर्मको फल भोग्नुपर्ने, विनाश नहुने अनि निष्फल नहुनेरहेछ। किरापरेको दुर्गन्धित फोहर खानु परेको र पिउन परेको छ।"

## ५. कुमार प्रेत

श्रावस्तीका उपासकहरू भेलाभई बुद्धप्रमुख भिक्षु महासंघलाई निमन्त्रणा गरी अति भव्यताकासाथ मण्डप बनाई रङ्गविरङ्गी कपडाको झण्डा फहराएर त्यस आसनमा बुद्धप्रमुख भिक्षुसंघ बस्नलगाई महादान दिए। त्यसरी दानादि पूजा गरिरहेको कुमार भन्नेको मन मैलो, कन्जुस स्वभाव अनि सहन नस्कनाले यी मुण्डकहरूलाई दान नदिनु यहाँ समस्त स्थानमा धूलो छड्नु नै बेस भनी भन्थ्यो। त्यस्तो कुरा सुनेर दाताहरूले दुःखित भई कुमारको आमाकहाँ गई यसले धेरै ठूलो अपराध गऱ्यो भनी कुरा सुनाए। तिनीहरूको कुरा सुनेर आमाले छोरासाथमा लिएर भगवानकहाँ गई क्षमा माँग्न लगाए। क्षमा माँगेपछि बुद्धप्रमुख भिक्षुसंघलाई सातदिनसम्म महादान दिई पूजा गरे। कडा बोली

Downloaded from http://dhamma.digital

बोलेको हुनाले (मृत्युपछि) गणिकाकि गर्भमा वास गरी मसानमा फाल्न लगाउने विपाक भोग्नु परेको थियो । सातदिनसम्म दान दिएर पूजा गरेको हुनाले साहुको घरमा अधिपति भएका थिए । साहु हुँदा दान दिई पुण्यकर्म गर्नाले इन्द्रको छोरा भई जन्मे ।

**धर्म संग्राहकका उल्लेखित गाथाहरू–**

४५३. "सुगतको ज्ञान आश्चर्य हो, शास्ताले जुन व्यक्तिको विषय लिएर भन्नुभयो– यहाँ कसै-कसैले भव्यरूपमा पुण्य गर्छ र कसै-कसैले थोरैमात्र पुण्य गर्छ ।

४५४. "मसानमा फालेर राखेको यो बालकले आफ्नै औंला चुस्दै रात्रीको समय बितायो । पुण्यवान हुनाले कुमारलाई यक्ष, भूत र सर्पादिद्वारा केही पनि दु:खकष्ट दिएन ।

४५५. "कुकुरले बच्चाको खुट्टा चाटेर गयो । काग र स्यालले चारैतिर घेरेर बसे । गर्भासयको मैललाई पंक्षीहरूले लिएर गए । कागले आँखामा भएको फोहर लिएर गयो ।

४५६. "यहाँ यसलाई रक्षा गर्ने कोही पनि छैन । न त रोग लाग्न नदिन कसैले केही नै गरिदिए । न त जन्म कुण्डल बनाइदिने कोही भए । न त धन खर्च गरिदिने कोही थिए ।

४५७. "मसानमा फालेर राखेको बच्चाले अति नै दु:ख पाइरहेको छ । नौनि घ्यूसमान नरम दुर्वल बच्चा बाँचिरहनु शंकाको विषय हो ।

४५८. "अन्धकार हटाइदिनुहुने, गम्भीर प्रज्ञावान, देव र

Downloaded from http://dhamma.digital

मनुष्यका पूज्य हुनुभएकाले बच्चालाई देखेर भन्नुभयो– "यो कुमार नगरका उच्चकुलमा सुख-ऐश्वर्य भोग गर्न पाउनेछन् ।"

बुद्धको वचनमा आश्चर्य मान्दै उपासकहरूले सोधे–

४५९. "अहिले यस्तो दुःख भोग गरिरहेको बालकले फेरि त्यस उच्चकुलमा दिव्यमय सुख भोग गर्न पाउनु कुन व्रत पालन गर्नाले, कुन ब्रह्मचर्य पालन गर्नाले अनि कुन कुशल कर्म गर्नाले त्यस्तो विपाक भोग गर्न पाउने ?

उपासकहरूको कुरा सुनेर भगवानले भन्नुभयो–

४६०. "बुद्धप्रमुख भिक्षुसंघलाई भव्यरूपमा जनताहरूले पूजा गरेका थिए । त्योबेला कुमारको मनोभाव दुषित हुनाले परिषदको अगाडि असभ्य भई कडा शब्द प्रयोग गरेको थियो ।

४६१. "त्यही समयमा आमाको कुरा मानेर उसले आफ्नो कुविचार हटाई मनमा प्रीति र प्रसन्न भाव जगाई जेतवन विहारमा आई तथागतलाई सातदिनसम्म दान दिएर सेवा गरे ।

४६२. "उसको त्यही व्रत, त्यही ब्रह्मचर्य अनि त्यही सुआचरणले गर्दा यस्तो राम्रो विपाक भोग गर्न पाउने हो । अहिले यस्तो दुःखभोग गरिरहे पनि यो उच्चकुलमा गई सुखभोग गर्न पाउने छ ।

४६३. "यसलोकमा यो सय वर्षसम्म जीवितरहेर सबै कामभोगहरू भोगेर शरीत्याग गरी मृत्यपश्चात देवराज इन्द्रको पुत्र भई जन्मिने छ ।"

Downloaded from http://dhamma.digital

# ६. सेरिणी प्रेतनी

कुरु राष्ट्रको हत्थिनिपुर नगरमा एउटी गणिका थिइन् । त्यस नगरमा उपोसथ गर्नको निम्ति भिक्षुहरू विभिन्न स्थानबाट आउनुहुन्थ्यो । वहाँहरूलाई दाताहरूले देख्नु भई तिल, नौनि, घ्यू र मह दान दिने वस्तुहरू जग्गा गरी दान दिन्थे ।

त्यो दान दिएकोलाई तिमीले पनि अनुमोदन गर्नु भनी मानिसहरूले ती गणिकालाई भन्थ्यो । श्रद्धारहित, धर्मप्रति अप्रसन्न, कन्जुसपनको धूलो टाँसिएकी हुनाले 'ती मुण्डन श्रमणहरूलाई किन दान दिनु पर्ने ? भनी भन्ने गर्थिन् । त्यसैले उसको जीवनमा उसले केही पनि दानपुण्य गरेका थिएनन् ।

एकदिन उनी मरेर प्रत्यन्त नगरको शौचालयमा प्रेतनी भएर जन्मिन् । हत्थिनिपुर नगरका एकजना उपासक व्यापारको निमित्त वास बस्न राती त्यहाँ पुगे । बिहान सवेरै उपासक शौचालयमा गए । शौचालयमा बस्ने प्रेतनीले उसलाई चिनेर आफ्नो रूप देखाए । उपासकले त्यो रूप देखेर सोधे–

४६४. "नाङ्गो शरीर, दुर्वर्ण अनि तिम्रो शरीरमा मासु र रगत नहुनाले पिञ्जरा जस्तै छौ । तिमी अति नै दुब्ली तथा अस्थिपञ्जर समान छौ । तिमी किन यहाँ उभिरहेकि ?

प्रेतनीले भनिन्–

४६५. "भदन्त ! म यमलोकको दुर्गती पुगेकि प्रेतनी हुँ । पापकर्मले गर्दा यहाँ म प्रेतलोकमा पुगेकि हुँ ।

Downloaded from http://dhamma.digital

उपासकले सोधे–

४६६. **"तिमीले शरीर वचन र मनले के पापकर्म गरेर आयौ ? के कर्मले गर्दा यहाँ प्रेतलोकमा विपाक भोग्नु गर्ने ठाउँमा पुग्नु परेकि ?**

प्रेतनीले भनिन्–

४६७. "घाटमा, तीर्थस्थलमा तथा खुल्ला ठाउँमा बस्ने श्रमण-ब्राह्मणहरूलाई मैले एक पैसा पनि दान दिएर पुण्य गरिन। दान दिने वस्तु भएर पनि मैले आफ्नो भलो हुने द्वीप बनाउन सकिन।

४६८. "पानीको प्यास लाग्दा नदीमा गई पानी पीउन खोज्दा पानी नभई बालुवा मात्रै हुन्छ। शीतल छाया भएको ठाउँमा बस्न जाँदा तातो हावा आई पोलिने हुन्छु।

४६९. "भन्ते ! आगोसमानको तातो हावाले मेरो शरीर पोल्नाले छटपटिन्छु।। यस्तैप्रकारले अरू-अरू पनि त्यो भन्द बढी पापको फल भोग गर्नबाट मुक्त भइन।

४७०. "हत्थिनिपुर पुग्नुहुँदा तपाईंले मेरो आमालाई भेटेर तिम्री छोरी यमलोकको दुर्गतीमा परेकी छे। पापकर्मले गर्दा प्रेतलोकमा प्रेतनी भएकी छे। मैले उसलाई भेटेर आएको छु भनी सुनाइदिनु।

४७१. "आमाले थाहा नपाउने गरी चौरासीहजार रुपियाँ खाटमुनि लुकाएर राखेको छु।

Downloaded from http://dhamma.digital

४७२. "त्यो रुपियाँ लिएर मेरो नाउँमा दान गरिदिनु अनि आमाले पनि त्यो रुपियाँ खर्च गरी आनन्दपूर्वका जीवन यापन गर्नु । मेरो उद्देश्य लिएर दान धर्म गरिदिएमा, पुण्यदान गरिदिएमा मैले चिताएको जम्मै सिद्ध भई यहाँ म सुखपूर्वक बस्न पाउनेछु ।

उपासकले भन्यो–

४७३. "हुन्छ, मैले भनिदिनेछु भनी हत्थिनिपुरमा पुगेपछि प्रेतनीको आमासँग भेट गरी भन्यो– यमलोकको दुर्गतिमा पुगी पापकर्मले गर्दा प्रेतलोकमा प्रेतनी भएकि मैले देखेर आएँ ।

४७४. "उसले मलाई चिनेर भन्यो– हत्थिनिपुरमा पुगेपछि मेरी आमालाई यसरी भनिदिनु– यमलोकको दुर्गतीमा परेकी पापकर्मले गर्दा प्रेतलोकमा प्रेतनी भएकी छे ।

४७५. "मैले आमालाई नदेखाई चौरासीहजार रुपियाँ खातको मुनि राखेको छु ।

४७६. "त्यो रुपियाँ लिएर मेरो नाउँमा दान गरिदिनु अनि आमाले पनि त्यो रुपियाँ खर्च गरी आनन्दपूर्वका जीवन यापन गर्नु । मेरो उद्देश्य लिएर दान धर्म गरिदिएमा, पुण्यदान गरिदिएमा मैले चिताएको जम्मै सिद्ध भई यहाँ म सुखपूर्वक बस्न पाउनेछु ।

४७७. "उपासकको कुरा सुनेपछि आमाले आफ्नी छोरीको उद्देश्य लिएर दान दिएपछि पुण्यदान गरिदिए । त्यस पुण्यदानद्वारा प्रेतनी सुखी भइन् । आमाको जीवन पनि सजिलैसित बित्यो ।"

Downloaded from http://dhamma.digital

## ७. (क) मिगलुद्दक प्रेत

राजगृहमा दिउँसो पनि राती पनि मृगहरू मारेर जीवन यापन गर्ने एकजना ब्याधा थियो । उसको एकजना उपासक साथी थियो । उसले आफ्नो साथीलाई प्राणीहिंसा नगर्नु भनेता पनि नमानेको हुनाले दिउँसो मारेता पनि राती नमार्नु अनि पुण्यकर्म गर्नु भनी भन्थ्यो । ब्याधाले साथीको कुरा मानेर राती मार्न छाडेर दिउँसा भने प्राणीहिंसा गर्न छोडेन ।

एकदिन ब्याधा मरेर राजगृह नजिकै वेमानिक प्रेत भई जन्मे । उसले दिउँसो महादुःख भोग गर्नुपर्थ्यो भने रातपरेपछि पञ्चकामगुणको सुख भोग गरी बस्थ्यो । त्यस अवस्थालाई आयुष्मान नारद भन्तेले देख्नुभई सोध्नुभयो–

४७८. "युवा नरनारीका सामुन्ने रमाइलो कामगुणको कारणले शोभायमान भइरहेको छ । तर दिउँसो भयो भने नानाप्रकारका यातना तिमीले भोग गरिरहन्छौ । पहिलेको जन्ममा तिमीले के गरी आयौ ?

विमानक प्रेतले भन्यो–

४७९. "रम्य राजगृहमा रमणीय गिरिब्बजमा म पहिलेको जन्ममा जहिले पनि हातमा रगत लागेको हुने कठोर स्वभावको ब्याधा थिएँ ।

४८०. "प्रत्येक प्राणीप्रति प्रदुष्ट चित्तले रोकटोक नहुने गरी, असंयमी, अतिं नै कठोर स्वभावको भई जहिले पनि परहिंसामा लागिरहन्थें ।

Downloaded from http://dhamma.digital

४८१. "त्यसबेला सुचित्त भएका श्रद्धावान उपासक एकजना मेरो साथी थियो । उसले मलाई अनुकम्पा राखेर हिंसा गर्नबाट रोक्ने गर्थ्यो ।

४८२. "भो साथी ! पापकर्म नगर्नु, दुर्गतिमा जाने काम नगर्नु । यदि पछिको जन्ममा सुख मन पराउँछौ भने ! असंयमी भई प्राणीहिंसा नगर्नु ।

४८३. "हितानुकम्पी, सुखको कामना गरी भनेको कुरालाई मैले सुनिन । उसको कुरा नसुनी मुर्ख भई दीर्घकाल-सम्म म पापकर्ममा लागिरहें ।

४८४. "धेरै बुद्धि भएका, मप्रति अनुकम्पा राखी फेरि भन्यो– यदि तिमीले दिउँसो प्राणीहिंसा गरेता पनि राती प्राणीहिंसा नगर्नु ।

४८५. "उसको कुरा मानेर मैले दिउँसो हिंसा गर्न छोडिन, राती भने हिंसा गर्न छाडेर संयमी भएँ । त्यही कर्मले गर्दा म राती सुखपूर्वक बस्न पाएको हुँ । दिउँसो भएपछि दुःख भोग गर्नु पर्ने भएँ ।

४८६. "त्यही कुशल कर्मद्वारा राती मैले अमानुषिय सुख भोग गर्न पाएँ अनि दिउँसो कुकुरहरूले झम्तेर मार्ने नै जस्तै गरी मेरो शरीरको मासु खाएर जान्छ ।

४८७. "जहिले पनि सुगतको शासनमा दृढ-चित्त गरी लागिरहने योगिहरू केवल लौकिक सुख मात्रै भोग गर्ने होइनन् अमृतमय निर्वाणका पनि लाभी हुन्छन् ।"

Downloaded from http://dhamma.digital

## ८. (ख) मिगलुद्दक प्रेत

राजगृहमा मागविक भन्ने एकजना धनसम्पत्तिद्वारा सम्पन्न भएर पनि दिन-रात मृगहरू मार्ने गर्थ्यो । उसको साथीले उसप्रति अनुकम्पा राखी हिंसा गर्न नहुने विषय लिएर उपदेश दिंदा पनि नमान्ने थिए । उपासकले श्रद्धा राख्ने अर्हत भन्तेकहाँ गई आफ्नो साथीले प्राणीहिंसा गर्दा भलो नहुने उपदेश दिन प्रार्थना गरे । वहाँ क्षीणाश्रवी भन्तेज्यूले उपासकको प्रार्थना स्वीकारेर मागविकको घरमा जानुभई प्राणीहिंसा गर्दा नराम्रो फल भोग्नु पर्ने अनि हिंसा नगर्दा राम्रो फल भोग्नु पाउने उपदेश दिनुहुँदा पनि हिंसा गर्न छोडेन । अनि भन्तेले भन्नुभयो– तिमीले दिनमा वा रातमा भए पनि हिंसा गर्न छोडनु । उसले "हवस् भन्ते" भनी राती हिंसा गर्नबाट विरत भए । अन्य कुरा ८. (क) मिगलुद्दकमा उल्लेख भएकै जस्तो हो ।

नारद भन्तेले विमानिक प्रेतसँग सोध्नुभयो–

४८८. "कुटागार र प्रासादमा भुवादारी ओछ्यानको पलङ्गमा बसेर पाँचप्रकारका राम्रोसित तूर्य वाद्यवाजन बजाउन लगाई रमाइलो गरी बसिरहेका छौ ।

४८९."अनि फेरि रात बितेर घाम उदायपछि मसानमा लगेर फाल्न लान्छ, त्योबेला तिमीले अति नै डरलाग्दो गरी दु:ख-कष्ट भोग गर्छौ ।

४९०. "शरीर, वचन र मनद्वारा तिमीले कुन दुष्कर्म गर्‍यौ, कुन कर्मको कारणले यस्तो विपाक, दु:ख भोग्नु परेको ?

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

विमानक प्रेतले भन्यो–

४९१. "रम्य राजगृहको रमणीय गिरिब्बजमा पहिलेको जन्ममा मैले असंयमित तथा निर्दयी भई मृग-शिकार गर्दथें ।

४९२. "त्योबेला मेरो एकजना सुहृदयी, श्रद्धावान उपासक साथी थियो । वहाँको घरमा गौतमका शिष्य आउनुहुन्थ्यो । वहाँबाट पनि मप्रति अनुकम्पा राख्नु भई पटक-पटक हिंसा गर्नबाट रोक्नुहुन्थ्यो ।

४९३. "भो मित्र ! दुर्गतिमा जाने कर्म नगर्नु । यदि अर्को जन्ममा सुख रुचाउँछौ भने असंयमित भई प्राणीहिंसा नगर्नु ।

४९४. "सुखको कामना गरी, हितानुकम्पक भई भन्नुभएको कुरा मैले सुन्न चाहिन । वहाँको कुरा नमानेर मूर्ख भई चिरकालसम्म मैले पाप कर्म गरिरहें ।

४९५. "धेरै बुद्धि भएका वहाँले मलाई अनुकम्पा राखी फेरि भन्नुभयो– यदि तिमीले दिउँसो प्राणीहिंसा गरेता पनि राती प्राणीहिंसा गर्न छोड्नु ।

४९६. "अनि राती हिंसाकर्म नगरि म संयमित भएँ । तर दिउँसो भने हिंसाकर्म गर्न छोडिन । त्यही कर्मले गर्दा राती सुखपूर्वक बस्न पाएँ अनि दिउँसो भने दुःख भोग गर्नु परेको ।

४९७. "त्यही कुशल कर्मले गर्दा राती अमानुषिय सुख भोग गर्न पाएँ अनि दिउँसो भने मलाई मार्ने नै जस्तो गरी कुकुरहरूले झम्तिँदै मेरो शरीरको मासु खाएर जान्छ ।

४९८. "सदैव सुगतको शासनमा दृढ-चित्त गरी लागिरहने योगिहरू केवल लौकिक सुख मात्रै भोग गर्न पाउने होइनन् अमृतमय निर्वाणका पनि लाभी हुन्छन् ।"

## ९. कूटविनिच्छयिक प्रेत

मगधका राजा बिम्बिसारले महिनाको छपटक उपोसथ शील ग्रहण गर्ने भएकोले अरूहरूले पनि वहाँकै अनुकरण गरी उपोसथ शील ग्रहण गर्थे । त्यसैले आफूकहाँ आउनेहरूसँग राजाले सोध्नुहुन्थ्यो– के तिमीहरूले उपोसथ शील ग्रहण गरेका छौ कि छैनौ ? त्यसरी सोध्ने क्रममा मुद्दा फैसला गर्नेसँग पनि सोध्नुभयो– उसले उपोसथ शील ग्रहण गरेको छैन नभनी गरेको छु भन्यो । अनि ऊसँग गएका साथीले सोध्यो– के तिमीले आज उपोसथ शील ग्रहण गर्‍यौ ? 'छैन साथी' राजादेखि डराएर मैले त्यसै भनेको हुँ । त्यसोभए मध्यान्नपछि भए पनि उपोसथ शील पालन गर । 'हुन्छ, मैले पालन गर्छु', भनी उपोसथ शील पालन गरे । मध्यरातमा वायुविकारले गर्दा उसको मृत्युभयो । त्यो व्यक्ति उपोसथ शील पालन गर्न भन्दा पहिले जालझेल गर्ने, कुरा लाउने र झूटो बोल्ने गर्दथ्यो । सारा रात शुद्धरूपले उपोसथ शील पालन गरेको हुनाले अतिउत्तम दिव्यसम्पत्तिसहित दशहजार कन्या भएको विमानमा विमानक प्रेत भई जन्मे ।

आयुष्मान नारद भन्ते गृद्धकुट पर्वतबाट तलतिर झरि-रहनु हुँदा त्यो विमानक प्रेतलाई देख्नु भई सोध्नुभयो–

४९९. "शीरमा फेटा बाँधेको छ, दिव्यमय फूलको माला लगाइराखेका छौ, हातमा अलङ्कारद्वारा विभूषित छौ । तिम्रो शरीर

Downloaded from http://dhamma.digital

मा श्रीखण्ड लेपन गरेको छ। अनुहारको वर्ण पनि प्रसन्न छ अनि भर्खरै उदाएको सूर्यसमान शोभायमान छौ।

५००. "जसले तिमीलाई सेवा गरिरहेकाछन् तिनीहरू पनि असाधारण दिव्यपरिषद हुन्। दशहजार कन्याहरूले तिमीलाई सेवा गरिरहेका छन्। तिनीहरूले पनि हातमा सुनको आभूषण लगाएका छन् अनि शीरमा पनि सुनकै फूलद्वारा सजिएकी छन्।

५०१. "तिमी त आश्चर्यरूपका महानुभावका रहेछौ। तर तिमीले आफ्नो पिठचूँको मासु चिथोर्दै खाइरहेका छौ।

५०२. "शरीर, वचन र मनद्वारा तिमीले के दुष्कर्म गरी आयौ ? कुन कर्मको कारणले यस्तो विपाक अर्थात आफूले नै आफ्नै पिठचूँको मासु चिथोर्दै खानु परेको ?

विमानक प्रेतले भन्यो–

५०३. "मैले जीवलोकमा आफ्नै अहित हुने आचरण गरेको थिएँ। चुकुलि, झूटो, ठगी र छकाउने गर्थें।

५०४. "त्योबेला म भेला भइरहेको सभामा गई सत्य बोल्नु पर्ने ठाउँमा, कल्याण हुने धर्मको मतलब नगरि अधर्मको व्यवहार गरेको थिएँ।

५०५. "जसले अगाडि एउटा कुरा पछाडि अर्कै कुरा गर्छ उसले मैले जस्तै नै आफ्नो पिठचूँको मासु आफूले नै चिथोर्दै खाए झैं खानु पर्ने हुन्छ। जस्तो कि आज मैले आफ्नै पिठचूँको

Downloaded from http://dhamma.digital

मासु खानु परेको छ ।

५०६. "भन्ते नारद ! तपाईं स्वयम्ले देख्नु नै भयो । त्यसैले अरूप्रति अनुकम्पा राखी त्यस्तो कुरा गर्नुपर्छ जुन कुशल हुने हो । चुक्लि कुरा नगर्ने अनि झूटो पनि नबोल्ने हुनुपर्छ । मैले जस्तै तिमीले पनि पिठ्यूँको मासु खान नपरोस् ।"

## १०. धातुविवण्ण प्रेत

भगवान बुद्ध महापरिनिर्वाणपछि मगधका राजा (बिम्बिसारको छोरा) अजाशत्रुले अस्थिधातु पूजा गर्न राजगृहमा ल्याएको थियो । त्यो अस्थिधातुलाई धेरैले नै पूजा गर्थ्यो भने निन्दा गर्नेहरू पनि कम थिएन । त्यहाँ राजगृह नगरमा धनसम्पत्तिले सम्पन्न साहुकि श्रीमती, छोरी र बुहारी प्रसन्न मनले फूल र धूपादि लिएर पूजा गर्न जाने गर्थिन् । तिनीहरू त्यसरी पूजा गर्न जाँदा साहु अप्रसन्न भई रिसाउँदै नानाप्रकारले निन्दा गर्थ्यो । निन्दा गरेता पनि तिनीहरूले धातु-पूजा गर्न नछोडेकाले मरणपश्चात तिनीहरू देवलोकमा जन्मे । त्यो साहु क्रोधी हुनाले समय नबित्दै मरेर प्रेतलोकमा जन्मे । एकदिन आयुष्मान महाकाश्यप सत्वहरूप्रति अनुकम्पक भई ऋद्धिद्वारा हेर्नु हुँदा धातु-पूजा गर्नेहरूको गति सुगति अनि निन्दा गर्नेहरू प्रेत भएको देख्नु भई त्यो निन्दक (विवण्ण) प्रेतसँग सोध्नुभयो–

५०७. "तिमी आकाशमा कुह्येको दुर्गन्धित भई बसेका-छौ । तिम्रो कुह्येको मुखमा किराले टोकिरहेको छ । पहिलेको जन्ममा तिमीले के कर्म गरी आयौ ?

Downloaded from http://dhamma.digital

५०८. "अनि फेरि तिमी स्वयम्ले नै छुराद्वारा मुखलाई काटिरहेका छौ । नुन पानिले बारम्बार छ्याप्दै मुखलाई काटि-रहेका छौ ।

५०९. "शरीर, वचन र मनद्वारा के दुष्कर्म गरी आयौ ? कुन कर्मले गर्दा यसप्रकारको दु:ख भोग्नु परेको ?

५१०. "रम्य राजगृह, रमणीय गिरिब्बजमा म धेरै नै धनधान्य र ऐश्वर्य सम्पन्न साहु थिएँ ।

५११. "त्यस जन्ममा मेरी श्रीमती, छोरी र बुहारी धातु-चैत्य पूजा गर्न कमलको फूल र धेरै मूल्य पर्ने सुगन्धित चूर्ण लिएर जाँदा तिनीहरूलाई मैले बाधा दिन्थें । मैले यही नै पापकर्म गरेको थिएँ ।

५१२. "चैत्यपूजा गर्नेलाई निन्दा गर्नेहरू म जस्तै छयासीहजार प्रेत भई अलग-अलग प्रकारका नरकसमान दु:ख भोग गरिरहेकाछन् ।

५१३. "सम्यकसम्बुद्धको अस्थिधातु राखी चैत्य बनाई राखेकोमा पूजा गर्नेलाई जसले निन्दा गर्छ, ऊ पुण्यकर्मबाट वञ्चित हुन्छ ।

५१४. "यी आइरहेका मालाधारी, वस्त्र र आभूषण लगाएकालाई हेर्नुहोस्, चैत्यमा फूलको मालाद्वारा पूजा गरेको हुनाले दिव्यसम्पत्तिमा समृद्ध र यशस्वी भए ।

Downloaded from http://dhamma.digital

५१५. "चैत्यपूजा गरेको फललाई देखेर आश्चर्य, अद्भूत र रोमाञ्चित हुँदै प्रज्ञावानहरूले वहाँ महामुनिलाई नमस्कार गरे तथा वन्दना गरे।

५१६. "म पनि यस प्रेतबाट मुक्त भएपछि मनुष्य भई जन्मिँदा अप्रमादि भई बारम्बार चैत्य पूजा गर्नेछु।"

Downloaded from http://dhamma.digital

# ४. महावग्ग

## १.अम्बसक्कर प्रेत

वैशालीका लिच्छवी राजा अम्बसक्करले एउटी विवाहिता स्त्रीप्रति आकर्षित हुनाले श्रीमानलाई दरवारमा काममा लगाई राख्यो । श्रीमान बाचुञ्जेल उसको श्रीमतीलाई आफ्नो श्रीमती बनाउन नमिल्नाले एउटा बहाना बनाई भन्यो– वैशाली नगरको बाहिर एउटा पोखरी छ । त्यो पोखरीमा भएको रातो फूल र पहेंलो माटो आजको सूर्यास्त पूर्व नै ल्याएर मलाई दिनु । यदि समयमै पुग्न नआएमा तिमीले प्राण-दण्ड पाउनेछौ ।

त्यो पोखरी भने वैशाली नगरबाट तीन योजन (२४माइल) टाढा थियो । प्राण-दण्ड पाउने भयले गर्दा वायुसमान दगरेर गई रातो कमलको फूल र पहेंलो माटो लिएर फर्कँदा नगरको द्वार बन्द गरिदियो । समयमै पुग्दा पनि द्वार बन्द गरिदिएकोले प्राण-दण्डबाट भयभीत भई त्यहीं नजिकै शूलिमा राजदण्ड भोगिरहेको माणवक अगाडि गई भन्यो– 'हेर, म समयमै आइपुगेको तिमीले देखेकै छौ ।' समयमै आइपुग्दा पनि द्वारपालले द्वार बन्द गरी दियो । त्यसैले मेरो लागि तिमी राजाको सामु साक्षी भई यो कुरा भनिदिनु ।

उसले भन्यो– म अहिले नै मर्ने हो कि भरै मर्ने हो मेरो मरणको समय निश्चित नहुनेले कसरी साक्षी बस्ने । तर यहाँ मध्यरातमा एकजना प्रेत आउँछ । उसलाई तिमीले साक्षी बकाउन लाउनु । ऊ बिहान राजाकहाँ जाँदा प्राण-दण्ड दिन आज्ञा हुँदा माणवकले भन्यो– महाराज ! म समयमै पुग्दा पनि द्वारपालले म आएको देखेर द्वार बन्द गरिदियो । यसको साक्षी

Downloaded from http://dhamma.digital

मध्यरातमा शक्तिशाली प्रेत त्यहाँ आउने गर्छ । तपाईले वहाँसँग सोध्नुस् । राजा स्वयम् त्यहाँ पुग्नुहुँदा **"जीव भो, जीवितमेव सेय्यो"** ति भनी शूलीमा राखेका व्यक्तिलाई भनिरहेको देखेर आश्चर्य मान्यो ।

धर्म संग्राहकका उल्लेखित गाथाहरू–

५१७. "वज्जिहरूको वैशाली भन्ने नगर थियो । त्यहाँ अम्बसक्कर लिच्छवि राजा थियो । नगर बाहिर प्रेतलाई देखेर **"जीव भो, जीवितमेवसेय्यो"** ति । भो ! बाँच है बाँच, बाँच्नु नै उत्तम हो । त्यसरी भनिरहेको सुनेर किन त्यसो भनेको भनी प्रेतसँग सोध्यो ।

५१८. "(शूलिमा उत्तानो परेर शास्ति भोगिरहनेको) न त बिछ्यौना छ, न त बस्ने ठाउँ छ अनि न त यसो-उसो चल्न नै सक्छ । खान, पिउन, लगाउन, परिभोग गर्न र परिचालन गर्न सक्ने शक्ति योसँग छैन ।

५१९. "यो भन्दा पहिला यसको जो आफन्त, चिन्ने-जान्ने साथीहरू थिए, जो अनुकम्पक थिए, अहिले यस अवस्थामा कोही पनि छैन । यसलाई सबैले छाडेर गइसक्यो ।

५२०. "विज्ञानरहित भई मृत्यु भइसकेकालाई मित्र भन्ने हुँदैन । जीवित अवस्थामा भोगसम्पत्ति नहुनेलाई हेला गर्छ । वास्ता गर्दैन भने मर्नलागेकोलाई वास्ता गर्ने को हुन्छ र ! धनसम्पत्ति सम्पन्न र समृद्ध हुँदा मात्र धेरै परिवार र मित्र हुन्छ ।

Downloaded from http://dhamma.digital

५२१."परिभोग विहिन, दु:खी, शूली भीत्रैसम्म पसि सकेको, रक्ताम्मे, उषा कालका घाँसको टुप्पोमा रहेको पानीको थोपा झैं तथा जीवनको घडि अहिले हो कि भरै हो जस्तै भइरहेको छ ।

५२२. "यसरूपले अति नै दु:ख भोग गरिरहेका, नीम काठको शूलिमा चढाई राखेको देखेर पनि भो यक्ष ! के कारण भनिरहेको ? बाँच है बाँच, बाँच्नु नै उत्तम हो ।

यक्षले भन्यो–

५२३. "भो महाराज ! यो मेरो रक्तसम्बन्धित व्यक्ति हो । म पहिले जन्मको कुरा सम्झन्छु । यसलाई देख्दा ममा करुणा जाग्नाले अधर्मी पापी भई यहाँबाट नरकमा जन्मिनु नपरोस् भनी त्यसो भनेको हो ।

५२४. "भो लिच्छवि ! यो व्यक्ति यहाँबाट च्युट भएमा सत्तुस्सद भन्ने घोर नरकमा जन्मिनेछ । दुष्कर्मी हुनाले भयङ्कर, अनिष्टकर र महासन्तापले सन्तप्त भई बस्नु पर्नेछ ।

५२५. "नरकमा पतन हुनु भनेको भयङ्कर, अत्यन्त दु:ख, अनिष्टकर र साह्रै नै कष्टप्रद छ । त्यसैले नरक भोग गर्नु भन्दा त यो शूलिले रोपिएर बसेको त कता हो, कता (धेरै) उत्तम भन्नुपर्छ ।

५२६. "यसले मेरो वचन सुनेर आफ्नो जीवन परित्याग गर्ने विचार नआवस् भनी यसको अगाडि केही पनि भनिन । अर्थात बाँचिरहँदा उसमा मर्ने विचार नआवस् भनी हो ।

Downloaded from http://dhamma.digital

राजाले भन्यो–

५२७. "यो व्यक्तिको कुरा त मैले जानें। तिमीसँग मैले अर्को कुरा सोध्न मन लाग्यो । यदि तिमीले मलाई अवसर दिएमा अनि नरिसाएमा तिमीसँग कुरा सोध्ने मन लागेको छ।

यक्षले भन्यो–

५२८. "अहिले म प्रतिबद्धको भएँ भनी तिमीले बुझेर मसँग तिमीले के कुरा सोध्ने मनमा लिएको हो सोधे पनि हुन्छ। मैले जाने अनुसार भन्नेछु । सोधेकोलाई नभन्नु भनेको त अप्रसन्न गराउने हुन्छ। तिमीले पहिले नै श्रद्धा राख्नु पर्ने हो तर तिमीले श्रद्धा राखेनौ।

राजाले भन्यो–

५२९. "मैले जे जति आँखाले देख्छु त्यो सबै नै मैले विश्वास गर्छु। त्यसैले देखेकोलाई पनि श्रद्धा नराखेमा, भो यक्ष ! तिमीले मलाई निग्रह गरे पनि हुन्छ।

यक्षले भन्यो–

५३०. "तिम्रो सत्य प्रतिज्ञा मेरो लागि भयो । धर्मको कुरा सुनेर प्रसन्न हुनु। तिमीले जुन धर्मको कुरा सुनिसकेको वा सुन्न नपाएकोलाई मैले जानेअनुसार सबै भन्नेछु । बुझ्नको निम्ति हो, मनमा द्वेष राख्नलाई होइन भनी मनमा राख।

राजाले सोध्यो–

Downloaded from http://dhamma.digital

५३१. "सजिएको सेतो घोडामा चढेर शूलिमा उत्तानो पारेर राखेकहाँ तिमी आइरहेकाछौ । यो तिम्रो वाहन अद्भूत र दर्शनीय छ । यो कुन कर्मद्वारा पाएको ?

यक्षले भन्यो–

५३२. "वैशाली नगरको बीच मार्गमा हिलोको एउटा खाल्डो थियो । त्यहाँ म एक्लैले चित्त प्रसन्न गरी हिलो भएको ठाउँलाई सफा गरेर त्यस खाल्डोमा मैले श्रीखण्डको मुढा (गोसिस) मा टेकेर जानु हुने गरी राखी दिएँ ।

५३३. "त्यो बाटोबाट म पनि जान्थें अनि अरू पनि जान्थ्यो । यो अद्भूत र दर्शनीय वाहन त्यही कर्मको विपाकले पाएको हो ।

५३४. "तिम्रो वर्ण सबैतिर प्रभासित छ । तिम्रो शरीर-बाट सुगन्धित वासना चारैतिर फैलिरहेको छ । महानुभाव सम्पन्न भएका हे यक्ष ! तिमीसँग ऋद्धिशक्ति पनि छ । तर तिमी नाङ्गो छौ । यस्तो हुनुपरेको के कर्मको विपाकले हो ?

यक्षले भन्यो–

५३५. "म अक्रोधित, नित्य प्रसन्न चित्तको भई मानिस भए ठाउँमा जाँदा नरम बोलि बोल्थें यो मेरो रूपवर्ण दिव्य भई प्रभासित भएको त्यही कर्मको विपाक हो ।

५३६. "धर्ममा बस्नेहरूलाई देख्दा मैले उनीहरूको यश र कीर्तिलाई अरूको अगाडि प्रसन्न हुँदै सुनाउँथें । यही कर्मको

Downloaded from http://dhamma.digital

विपाक हो, जुन कि मेरो शरीरबाट दिव्य सुगन्धित वासना चारैतिर फिजिरहेको ।

५३७. "मेरो साथी नदीमा नुहाइरहँदा नदी किनारमा वस्त्र देखेर मैले एकठाउँमा लुकाएको थिएँ । त्यसो गरेको केवल ठटचौली गर्नको लागि हो । उसप्रति मनमा द्वेष राखी गरेको होइन । तर त्यही कर्मको विपाकद्वारा कष्टपूर्वक नाङ्गो भई बस्न पऱ्यो ।

५३८. "जसले ठटचौली गर्दा पनि पापकर्म बन्यो भने ठटचौली नभई साँचै गरेको पापकर्मको विपाक झन उसले कस्तो भोग्ने होला ?

५३९. "नराम्रो विचार गरी जो मानिसले शरीरद्वारा कर्म गर्छ अनि बोल्छ भने ऊ मृत्यपछि अवश्य पनि नरकमा पतन हुनेछ ।

५४०. "यहाँ कसै-कसैले भने सुगतिको कामना गर्दै दान दिनमा लाग्ने, संग्रह गर्न जान्ने मृत्यु पश्चात अवश्य नै त्यो व्यक्ति स्वर्गमा जन्मिन्छ ।

यक्षको कुरा पत्यार नलागेर राजाले सोध्यो–

५४१. "मैले अर्को जन्ममा पाप र पुण्यको विपाकलाई कसरी थाहा पाउने ? त्यसलाई कुन आधारमा विश्वास गर्ने ? यस विषयमा मलाई कसले विश्वास दिलाउन सक्छ ?

यक्षले भन्यो–

Downloaded from http://dhamma.digital

५४२. "पाप र पुण्य नभएको भए सत्वहरूको निम्ति सुगति र दुर्गति हुने थिएन । पुण्य र पापको विपाक यही नै हो भनी देखेर वा सुनेर विश्वास गर्नुपर्छ ।

५४३. "मनुष्य लोकमा मानिसहरूले पुण्य र पाप यी कर्म नगरेको भए सत्वहरूको निम्ति सुगति वा दुर्गति अथवा सुखी र दुःखी हुने थिएन ।

५४४. "मनुष्य लोकमा मानिसहरूले जुन पुण्य र पाप-कर्म गर्छ त्यस कर्मद्वारा सत्वहरू सुगति वा दुर्गतिमा पर्छ अथवा मनुष्य लोकमा सुखी र दुःखी भएका हुन् ।

५४५. "आज मैले भोग गरिरहेको पुण्य-कर्म र पाप-कर्मको दुवै विपाक भोगिरहेको छु अर्थात मैले सुख पनि दुःख पनि भोग गरिरहेको छु । सुचरित्र हुने देवलोकमा जन्मिएर दिव्यमय सुख भोग गर्न पाउनेछन् । (कर्म र कर्म फल) दुवै विश्वास नगर्ने मूर्खजन नरकमा पतन भई दुःख भोग गर्नेछन् ।

राजाले सोध्यो– कर्म फलप्रति श्रद्धा हुनेले यसरी किन दुःख भोग गरिरहेको ?

यक्षले भन्यो–

५४६. "(वस्त्र लाउन पाउने) मैले आफ्नो निम्ति त्यस्तो कुनै कर्म गरी आएको छैन । मेरो उद्देश्य लिई दान गरिदिने कोही पनि छैन । त्यसैले म नाङ्गो भई कष्ट भोग गरिरहेको छु ।

राजाले सोध्यो–

Downloaded from http://dhamma.digital

५४७. "भो यक्ष ! त्यस्तो कुनै उपाय छ ? जुन गर्दा तिमीले वस्त्र लगाउन पाउनेछौ । के गर्दा तिमीले वस्त्र लगाउन पाउने हो त्यो कुरा मलाई भने पनि हुन्छ । तिमीले जे भन्छौ त्यो श्रद्धासहित मान्नेछु ।

यक्षले भन्यो–

५४८. "यहाँ (वैशाली) सुशील, विमुक्त, ध्यानी, इन्द्रिय-रक्षित, प्रातिमोक्षमा सुसंयमित, शान्त, उत्तम दृष्टिप्राप्त अनि अर्हत हुनुभएका कप्पितक नाउँको भिक्षु हुनुहुन्छ ।

५४९. "नरमबोलि बोल्ने, आज्ञाकारी, रूपवर्ण राम्रो हुनुभएका, आउने र जाने (मार्ग) राम्रोसँग जान्ने, सुविमुक्त हुने विषयमा राम्रोसँग कुरा गर्न सक्नुहुने, मैत्री विहारी, पुण्यरूपी खेतसमान अनि वहाँ देव र मनुष्यका निम्ति दक्षिणाको पात्र हुनुहुन्छ ।

५५०. "वहाँले क्लेश शान्त गरिसक्नु भयो, मिथ्या-वितर्कको धूवाँरहित हुनुभयो, दुःखबाट मुक्त हुनुभयो, आश्रवरहित हुनुभयो, भवबाट सुविमुक्त हुनुभयो, रागरूपी वाणरहित हुनुभयो, म र मेरो भन्नेबाट मुक्त हुनुभयो, शारीरिकादि कर्ममा बाङ्गोतिङ्गो हुनुहुन्न, क्लेश अभिसंस्कृत गर्नुहुन्न, समस्त प्रपञ्च क्षीण गर्नु-भयो, तीन विद्या लाभ गर्नु भएको छ अनि ज्ञानका ज्योति हुनुहुन्छ ।

५५१. "गम्भीर स्वभावको हुनाले वहाँलाई देख्दा पनि चिन्न सक्दैन । वहाँ मुनि भनी वज्जिहरूले चिनेका छन् । यक्ष

Downloaded from http://dhamma.digital

भूतहरूद्वारा वहाँ तृष्णा नभएका अनि कल्याणकारक भई लोकमा विचरण गर्नुहुने भनी परिचित हुनुहुन्छ।

५५२. "यदि तपाईंले मेरो उद्देश्य लिएर एक जोड वा दुई जोड वस्त्र वहाँलाई दान दिनुभएमा, दान दिएको वस्त्र वहाँले ग्रहण गर्नु हुँदा म वस्त्र-धारी भएको देख्नु हुनेछ।

राजाले सोध्नुभयो–

५५३. "वहाँ श्रमण कहाँ तथा कुन प्रदेशमा बस्नुभएको छ ? अहिले नै म वहाँको दर्शन गर्न जानेछु। आज मसँग भएको शंका वा उपशंका अनि दृष्टिरूपी जाल हटाउने छु।

५५४. "यहीं नै बाँदरहरू नाचिरहने वैशालीको जङ्गलमा देवताहरूद्वारा घेरिएर आफ्नो स्वभावमा अप्रमाद्वी भई विमुक्तिको रस तथा सत्य धर्मको उपदेश दिइरहनु भएको छ।

यक्षको कुरा सुनी त्यती नै बेला कप्पिटककहाँ जाने विचार गरी राजाले भन्यो–

५५५. "अहिले नै म त्यहाँ गई तिम्रो उद्देश्य लिई एकजोड वस्त्र दान दिन्छु। त्यो वस्त्र दान ग्रहण गराई तिमीले वस्त्र लगाएको हेर्नेछु।

यक्षले भन्यो–

५५६. "भो लिच्छवि राजा ! कुबेलामा प्रव्रजितकहाँ नजा-नु कुबेलामा जाने यो तिम्रो धर्म होइन। वहाँ एकान्तमा बस्नु

Downloaded from http://dhamma.digital

हुँदा तपाईंले वहाँको दर्शन गर्न जानुस् ।

५५७. "हुन्छ, म त्यसै गर्छु, भनी दासगणद्वारा घेरिएर लिच्छवि राजा त्यहाँबाट जानुभयो । अनि नगरमा पुग्नु भई आफ्नो गृहवासमा जानुभयो ।

५५८. "त्यसपछि गृहकार्य सिध्याएर स्नान र खानपिन गरेपछि यथोचित समयमा राम्रा-राम्रा आठजोड वस्त्र छानेर लिच्छवि राजाले दासीहरूलाई समात्न लगाई त्यहाँ जानुभयो ।

५५९. "वहाँ त्यहाँ पुग्नसाथ शान्त हुनुभएका श्रमणको दर्शन गर्नुभयो । त्यो बेला भिक्षा भोजन पश्चात वहाँ भन्ते वृक्षमुनि शान्तपूर्वक बस्नुभएको थियो ।

५६०. "लिच्छवि राजा त्यहीं जानुभई वहाँ भन्तेसँग कुशलाकुशल वार्तालाप गर्नुभयो । कुशलाकुशल वार्तालापपछि आफ्नो परिचय दिनुहुँदै भन्नुभयो– भन्ते ! म वैशालि राज्यको लिच्छवि राजा हुँ । म अम्वसक्कर लिच्छवि भनी परिचित छु ।

५६१. "भन्ते ! यो आठजोड वस्त्र तपाईंलाई दान दिन ल्याएको हुँ । ग्रहण गरिदिनुस् । तपाईंले ग्रहण गरिदिनु भएमा म सन्तोष हुनेछु । यो दान दिन म यहाँ आएको हुँ ।

"भन्तेले भन्नुभयो–

५६२. "तपाईंले त श्रमण-ब्राह्मणका निवासस्थानलाई टाढैबाट त्याग गरिदिने हुन् । तपाईंको घरमा भिक्षा आउनेहरू-को भिक्षापात्र लिएर फुटाइ दिनेहुन् । संघाति र चीवर लिएर

Downloaded from http://dhamma.digital

फालि दिनेहुन् ।

५६३. "अनि फेरि तपाईंले लट्ठी, बञ्चरो आदिद्वारा टाउकोमा हान्न वा आक्रमण गर्न जाने हुन् । यसप्रकारले श्रमण-ब्राह्मणहरूलाई दुःख-कष्ट दिने हुन् ।

५६४. "तपाईं दुबोको टुप्पोबाट एक थोपा तेल पनि दान दिने खालको होइन । बाटो बिर्सेकालाई बाटो पनि देखाइदिनु हुन्न । अन्धोका लट्ठी खोसेर लिने, कन्जुस र असंयमित हुनुहुन्छ । यसप्रकारका भएर पनि कुन कारण अनि के देख्नु भई दान दिन यहाँ आउनु भएको ?

राजाले भन्यो–

५६५. "तपाईले जुन भन्नुभयो त्यो साँचो हो । मैले श्रमण-ब्राह्मणहरूलाई जिस्काउने र दुःख दिनेगर्दछु । तर त्यसो गरेको त केवल ठटचौली मात्रै हो, मनमा द्वेष राखेर गरेको होइन । तै पनि यो मेरो अपराध हो ।

५६६. "एकजना यक्षले ठटचौली मात्रै गरेको पापकर्मले गर्दा असमान दुःख भोग गरिरहेको छ । युवक भएर पनि नग्न छ । नग्न भई यक्षले दुःख भोग गरिरहेको छ ।

५६७. "भन्ते ! त्यो यक्षलाई त्यस्तो अवस्थामा मैले देखेको हुनाले मेरो मनमा संवेग जाग्यो । त्यही कारण नै मैले दान दिन मनमा लिएको हुँ । भन्ते ! यो आठ जोड वस्त्र दान लिनुस् । यो दान त्यो यक्षले प्राप्त गर्न सकोस् ।

Downloaded from http://dhamma.digital

भन्तेले भन्नुभयो–

५६८. "बुद्धहरूद्वारा दानलाई धेरै नै प्रशंसा गर्नुहुन्छ । यसरी दान दिनु भनेको अक्षय धर्म हो । तपाईंले मलाई दान दिन ल्याउनु भएको आठ जोड वस्त्र ग्रहण गर्छु । तपाईंले दिनु भएको यो दान त्यो यक्षलाई प्राप्त होस् ।

५६९. "अनि लिच्छविले हात, खुट्टा र मुख पखालेर स्थविर भन्तेलाई आठजोड वस्त्र दान दिएर ग्रहण गराउन बित्तिकै यक्षको शरीरमा वस्त्र धारी भएको देख्यो ।

५७०. "तिनीहरूले श्रीखण्ड लगाएको शरीर, अनुहारको वर्ण उज्ज्वल, घोडामा चढिरहेको, राम्रो वस्त्र लगाएको, अलङ्कार-द्वारा अलंकृत, परिजनद्वारा घेरिएको महाऋद्धिले सम्पन्न भएको देखे ।

५७१. "त्यो रूप लिच्छविले देखेपछि सन्तुष्ट भए, प्रसन्न भए अनि अति नै प्रसन्न चित्तको भई आफूलाई अत्यन्तै सौभाग्यवान ठाने । यहींको यहीं नै कर्मको महाविपाकलाई आफ्नै आँखाले साक्षात्कार गरे ।

राजाले भन्यो–

५७२. "भो यक्ष ! तिमीले भने अनुसार नै म श्रमण-ब्राह्मणकहाँ गई दर्शन गरी दान दिन्छु । मैले दिन नसक्ने केही छैन । तिमीले मलाई धेरै नै उपकार गर्‍यौ ।

यक्षले भन्यो–

Downloaded from http://dhamma.digital

५७३. "भो लिच्छवि ! मेरो उद्देश्य लिई चतुर्प्रत्यय मध्ये वस्त्र दान दियौ । यो दान दिएको हुनाले अमोघ फल तिमीले पाउने छौ । त्यसैले म अमनुष्य भएर पनि मनुष्यको निम्ति साक्षी भई दिनेछु ।

राजाले भन्यो–

५७४. "भो यक्ष ! मेरो निम्ति तपाईं गतिसमान हो, साथी हो, आधार हो, मित्र हो अतः मेरो निम्ति तपाई देवता हुनुहुन्छ । मैले तपाईंलाई बिन्तिभाव गर्दै प्रार्थना गर्दछु कि मैले तपाईंको दर्शन बारम्बार गर्न पाउँ ।

यक्षले भन्यो–

५७५. "भो लिच्छवि ! यदि तपाईं अश्रद्धावान, कन्जुस र नराम्रो बाटो लागेमा तपाईंले मलाई कहिले पनि दर्शन गर्न पाउने छैन । दर्शन भएता पनि कुरा गर्न पाउने छैन ।

५७६. "यदि तपाईंले धर्मप्रति गौरव गर्नु हुन्छ, संग्रह गर्ने हुनुहुन्छ, दान दिन रुचाउनु हुन्छ अनि श्रमण-ब्राह्मणहरूका निम्ति पोखरीसरह हुनुहुन्छ भने मेरो दर्शन गर्न पाउनु हुन्छ ।

५७७. "राजाले आफूसँग राम्ररी कुरा गरिरहेको देखेर यक्षले भन्यो– शूलिमा दण्ड-भोग गरिरहेकोलाई चाँडै मुक्त गरिदिनुस् । जुन कारणले शूलिमा दण्ड भोग गरिरहेको छ उसको बारेमा म साक्षी भइदिन्छु ।

५७८. "दण्डित व्यक्तिलाई चाँडै नै शूलिबाट मुक्त गरि-

Downloaded from http://dhamma.digital

दिएमा उसले श्रद्धासहित धर्माचरण गर्दै जाँदा त्यो व्यक्ति अन्य कर्म विपाक र नरकबाट मुक्त हुनेछ अनि उसको निम्ति एकले अर्कोप्रति साक्षी बसेको हुन्छ ।

५७९. "कप्पितक भन्तेकहाँ जानुभई वहाँलाई समयमै दान दिने गर्नु, स्वयम् आफू नै वहाँको सम्मुखमा बसेर धर्मसाकच्छा गर्नुहोस् । वहाँले यस विषयमा कुरा गर्नु हुनेछ ।

५८०. "तपाईं स्वयम् भिक्षुकहाँ जानुभई, द्वेषरहित भई बोध हुनको निम्ति धर्मसाकच्छा गर्नुहोस् । जुन तपाईंले सुन्नुभएको वा सुन्नु नभएको धर्मको कुरा वहाँले सुनाउनु हुन्छ ।

५८१. "अनि त्यहाँ राजाले राम्रोसँग रहस्यमय कुरा गर्नुभयो । अमनुष्यलाई साक्षी राखेर आफ्नो ठाउँमा फर्किनुभई परिषदहरू भेला गराई भन्यो ।

५८२. "भो परिषदहो ! मेरो एउटा कुरा सुनिदिनुस् । मैले एउटा वर माँग्न चाहेको छु जुन पाउँछु भन्ने आश गर्दछु । शूलिमा रोपिएको तथा शूलि माथि दण्ड भोग गरिरहेको चल्नै नसक्ने चोर छ ।

५८३. "त्यो चोरले दण्ड भोग गरिरहेको बीस दिन भइसक्यो । शूलिमा दण्ड-भोग गरिरहेका त्यो न त मर्न सक्यो, न त आरामकासाथ बाँच्न सकेको छ । अब मैले उसलाई त्यो दण्डबाट मुक्त गरिदिने भएँ । मेरो यो इच्छालाई यहाँ भेला हुनुभएका संघहरूलाई सुनाएँ । अनुमोदन गरिदिनुस् ।

Downloaded from http://dhamma.digital

५८४. "त्यो व्यक्तिकहाँ जो कोही गई चाँडै नै दण्डबाट मुक्त गरिदिनु । धर्मपूर्वक भनेकोले यहाँ कसले के नै भन्न सक्छ । जुनरूपले थाहा पाएको हो त्यही अनुरूप गरिदिनु । जुन इच्छा गर्नु भएको हो त्यो संघद्वारा अनुमोदन गऱ्यौं ।

५८५. "राजा स्वयम् त्यहाँ जानुभई भन्नुभयो– भो साथी ! तिमी अब डराउनु पर्दैन भन्दै रोपिएको शूलि चाँडै निकालि दियो अनि वैद्यकहाँ लगी औषधी गरिदियो ।

५८६. "यसपछि राजा कप्पितक भन्तेकहाँ गई समयमै दान-धर्म गरी स्वयम् आफू अगाडि बस्नुभई यक्षले भनेको कुरा लिएर सोध्नुभयो ।

५८७. "चोर्ने काम गर्ने चोर शूलिमा दण्ड भोग गरिरहे-को आजले बीस दिन भइसक्यो । जस्मा कि त्यो शूलिद्वारा रोपि-एकोले न मर्न सक्यो, न त आरामपूर्वक नै बाँच्न सक्यो ।

५८८. "भन्ते ! मैले यक्षको वचनानुसार उसलाई मुक्त गरिदिएँ । अहिले त्यो मुक्त भइसक्यो । त्यस्तो कुनै कारण हुनसक्ला जुन कि त्यो नरकमा पतन हुनुनपर्ने ?

५८९. "भन्ते ! यदि त्यस्तो कुनै कारण छ भने मलाई भन्नुस्, तपाईंको वचनप्रति श्रद्धा राख्दै त्यो कारण मैले सुन्न चाहेको छु । भोग गर्न नपर्ने यहीं सबै सिद्धिएर जाने त्यस्तो कर्म नबन्ने छ र ?

भन्तेले भन्नुभयो–

Downloaded from http://dhamma.digital

५९०. "यदि दिन-रात अप्रमादी भई, श्रद्धावान भई अनि धर्मपूर्वक राम्रो आचरण गरेमा ऊ नरकबाट मुक्त हुन्छ। यहाँ

पनि कर्म विपाकबाट मुक्त हुन्छ।

५९१. "यो व्यक्तिको कुरालाई मैले जानें। अब यो अवस्थामा भन्ते ! मलाई पनि अनुकम्पा राख्नुस्। गम्भीर प्रज्ञावान भो भन्ते ! मलाई उपदेश दिनुस्, मलाई अनुशासन गर्नुस् जुन कारणले गर्दा म नर्कमा पतन हुन नपरोस्।

भन्तेले भन्नुभयो –

५९२. "चित्त प्रसन्न गरी आजै बुद्ध, धर्म र संघको शरणमा जानुस्। पञ्च शिक्षापदलाई अखण्डरूपले राम्रोसित ग्रहण गर्नुस्।

५९३. "प्राणीहिंसा चाँडै नै छोड्नुस्। लोकमा नदिए को नलिनुस्। झूटो नबोल्नुस्। मादक पदार्थ सेवन नगर्नुस् अनि आफ्नै श्रीमतीसँग सन्तोष हुनुस्। अर्को पनि सुख विपाक दिने अष्टाङ्ग उपोसथ शील पनि पालन गर्नुस्।

५९४. "विप्रसन्न चेतनाले ऋजु मार्गमा जानुभएकालाई चीवर, पीण्डपात्र, शयनासन, अन्नपान, खाद्यपदार्थ र वस्त्रादि दान दिनुस्।

५९५. "शीलसम्पन्न, वीतरागी र बहुश्रुतहरूलाई अन्नपानद्वारा सदैव अर्पण गरिरहनेलाई पुण्य वृद्धि हुन्छ।

Downloaded from http://dhamma.digital

५९६. "त्यसरी श्रद्धासहित दिन-रात धर्माचरण गरिरहँदा त्यो व्यक्ति नरकमा पतन हुनेछैन । यहाँ पनि कर्म विपाकबाट मुक्त हुन्छ ।

राजाले भन्यो–

५९७. "म आजै बुद्ध, धर्म र संघको शरणमा जान्छु । त्यही अनुरूप पञ्च शिक्षापदलाई अखण्डरूपले पालन गर्छु ।

५९८. "मैले चाँडै नै हिंसा त्याग्छु, लोकमा नदिएको लिन छोड्छु, झूटो बोल्दिन, मादक पदार्थ सेवन गर्दिन, आफ्नै श्रीमतीसँग सन्तोष भई बस्छु अनि फेरि सुख विपाक दिने अष्टाङ्ग उपोसथ शील पनि पालन गर्छु ।

५९९-६००. "चीवर, पिण्डपात्र, प्रत्यय, शयनासन, अन्नपान खाद्यपदार्थ र वस्त्रादि आसनहरू शीलसम्पन्न, वीतरागी र बहुश्रुतभएकालाई कम्पायमान नभई बुद्ध शासनमा बसी दान दिन्छु ।

६०१. "वैशालीका राजा अम्बसक्कर लिच्छवि एकजना उत्तम उपासक भए । श्रद्धावान, मृदु र उपकारी भई भिक्षु र संघलाई त्यसबेला देखि सेवा गर्ने भए ।

६०२. "शूलिमा दण्ड भोगेका निरोगी भएपछि स्वतन्त्र र सन्चो भएपछि उत्तम हुनुभएका कप्पितक भिक्षुकहाँ प्रव्रजित हुन गए । दुवैले श्रमण्य फल प्राप्त गरे ।

Downloaded from http://dhamma.digital

६०३. "यसरी सत्पुरुषको संगत र सत्य थाहा पाएपछि महाफल प्राप्त गरे । शूलिद्वारा रोपिएका दण्डित व्यक्तिले अग्रफल (अर्हत) लाभ गरे । अम्बसक्करले पहिलो फल (श्रोतापत्ति) लाभ गरे ।"

## २. सेरीसक प्रेत

अङ्ग र मगधवासी व्यापारिहरू एकहजार वयल गाडामा सामान भरेर सिन्धु राज्यको सोविरभूमि व्यापार गर्न जाँदा बाटो भूलेर मरुभूमि कान्तारमा पुगे । तिनीहरूको साथमा आमा-बुबाको सेवा गर्ने, शीलवान अर्हत उपनिश्रय भएको एकजना उपासक पनि थियो ।

त्यो उपासकप्रति अनुकम्पा राखी सेरिसक यक्षले विमान देखाउँदै भन्यो– तिमीहरू यो मरुभूमिको कान्तारमा छायाँ र पानी नभएको ठाउँमा कसरी आइपुग्यौ ?

**धर्म संग्राहकका उल्लेखित गाथाहरू–**

६०४. "यक्ष र व्यापारीहरू समागम भएको यस मरुभूमिको बीच मार्ग (वण्णु पथ) मा तिनीहरूसँग भएको सुभाषित कुरा सबैले सुन्नुहोस् ।

६०५. "पहिलेको जन्ममा पायासि भन्ने राजा कोही पनि नभएको सेरीसक विमानमा प्रमुदित भई भुमस्थ देवहरू मध्येमा यशस्वी भई जन्मे । अमनुष्य भएर पनि मनुष्यहरूलाई भन्यो ।

Downloaded from http://dhamma.digital

६०६. "तिमीहरू मर्ने हो कि, बाँच्ने हो भन्ने शंसय लिई बसेका छौ । अमनुष्यहरूको वासस्थान जङ्गल, पानी नभएको, खाने पदार्थ नभएको कान्तार, दुर्गमस्थलमा मार्ग भूल्नाले मरुभूमिको बीच मार्गमा परेर सशंकित र भयभीत छौ ।

६०७. "यहाँ न त फलफूल छ, न त कण्डमूल छ, यहाँ खानको निम्ति केही पनि नउम्रेकोले के खाने ? सबै तिर तातो, पोल्ने, कडाखालको धूलो र बालुवा बाहेक यहाँ अरू केही छैन ।

६०८. "उजार भूमि, तातिएको फलामसरह, सुख पतक्कै नभएको, नरकसमान, चिरकालदेखि पिसाचहरूको वासस्थान, पुरानो आवासगृह जस्तै अनि ऋषिहरूले श्राप दिइराखेको भूमि प्रदेश जस्तै यो ठाउँ हो ।

६०९. "अतः तिमीहरू के कारण, के आशा लिएर यो प्रदेशको दुष्परिणाम नहेरि सहसा यहाँ भित्र आएको ? लोभ, भय अथवा बाटो भूलेर यहाँ आएको ?

व्यापारीहरूले भने-

६१०. "हामी मगध र अङ्गका सार्थबाहु तथा व्यापारीहरू गाडामा विभिन्न सामान राखी धन कमाउने उद्देश्य लिएर सिन्धु देशको सोविरभूमि जान आएका हौं ।

६११. "दिउँसो गरमी हुने अनि प्याससहन नसक्नाले साँढेआदि सबैप्रति अनुकम्पा राखी राती जाने उचित ठानेर आउँदै गर्दा हामी यहाँ आइपुग्यौं ।

Downloaded from http://dhamma.digital

६१२. "बाटो भूल्नाले ज्ञान नभएका अन्धो जस्तै भई आकुलव्याकुल हुँदै बाटो थाहानपाउँदा जङ्गलमा पऱ्यौं । त्यहाँ-बाट हामी दुर्गम मरुभूमिमा दिशा पत्ता नलाग्नाले सशकित छौं ।

६१३. "भो यक्ष ! पहिला कहिले पनि नदेखेको यो उत्तम विमानमा तपाईलाई देख्दा हामी मर्ने छैनौं, बाँच्न पाउने भयो भनी धेरै हर्षित छौं अनि सौमनस्ययुक्त भई गद्-गद् भइरहेका छौं ।

यक्षले भन्यो–

६१४. "बेतको डोरीले बाँधी (वेत्ताचर) किल्लाको भरले जानु पर्ने मार्ग (सङ्कुपथ) यहाँ जस्तै समुद्र पारी पनि बालुवाको भूमि छ । नदी र पर्वतको सिमाना भएको किल्लालाई पार गरी त्यहाँ धन कमाउन जानु ।

६१५. "त्यस ठाउँमा गई, त्यहाँ भएका विदेशीहरूसँग भेटेर तिनीहरूको इच्छानुसार सामान बेच्न जाऊ । (त्यहाँ जानु अघि) यहाँ तिमीहरूले जुन देखेका छौ, सुनेका छौ अनि आश्चर्यित हुनुपर्ने के-के हुन् भनी तिमीहरूबाट सुन्न चाहन्छु ।

यक्षको कुरा सुनेर व्यापारीहरूले भने–

६१६. "भो कुमार ! मनुष्यका सम्पूर्ण सम्पत्तिले नभ्याउने यो विमान भन्दा पनि आश्चर्य न त सुन्न पाएका छौं, न त हेर्न पाएका छौं । यहाँको अनुपम दृष्य देख्दा हामी तृप्त नै हुन सकेका छैनौं ।

Downloaded from http://dhamma.digital

६१७. "माथिबाट बगेर आएको नदीको पानी पोखरीमा परेको छ। त्यहाँ सबै ठाउँमा कमलको फूलहरू फूलिरहेकाछन्। यी वृक्षमा सदैव नै फलहरू फलिरहेका छन्। अति नै लालायित हुने गरी सुगन्धित वासना पनि प्रवाहित भइरहेको छ।

६१८. "मणि र रत्नजडित खम्बाहरू छन्। शीला र मुगाजडित पर्खाल पनि छ। मूल्यवान रक्तवर्णको पत्थरजडित खम्बाबाट ज्योति निस्किरहेको छ।

६१९. "हजार खम्बाको माथि अवस्थित अतुलनीय आनुभावको विमान अति नै राम्रो छ। यो विमानको भित्तामा, खम्बामा र सिँढीमा नानाप्रकारका रत्नजडित छन्। विमानको चारैतिर सुवर्णमय फलद्वारा घेरिएको छ। सिलिंगमा सुनको पाताले सजिएको छ।

६२०. "यो विमानको सिंढी र फलेकमा राम्रोसित पोलेर सफा गरेको सुन जस्तै चमकदार छ। हेरे-हेरेको ठाउँमा एकसँग अर्को मेल खाने, मिल्ने गरी, बल्लियो हुने गरी अनि अति नै चहकिलो भई चम्किरहेकोले मनमोहक छ।

६२१. "रत्नको विमानमा धेरै नै खाद्य पदार्थ, पिउने पदार्थ अनि मृदङ्ग, भेरी र तूर्य आदिको वाद्यको आवाज सदैव नै बजिरहेको छ। अप्सराहरूको समूहले स्तुति र अभिवादन गरिरहेका छन्।

६२२. "वैश्रवण महाराजकहाँ नलिन्या भन्ने क्रिडास्थलमा रमाइलो मानेर बसे झैं अचिन्तनीय सम्पूर्ण गुण समुत्पन्न उत्तम

Downloaded from http://dhamma.digital

र मनोरम विमानको प्रासादमा नारीहरूसँग तपाईं अनि तिनीहरू रमाइरहेका छन् ।

व्यापारीहरूले सोधे–

६२३. "भो यक्ष ! तपाईं देवता हो कि यक्ष हो ? मनुष्य हो कि देवराज इन्द्र हो ? हामी सार्थबाहु तथा व्यापारीहरूले सोधिरहेका छौं भन्नुस् तपाईंको नाउँ के हो ?

यक्षले भन्यो–

६२४. "म सेरीसक नाउँको यक्ष हुँ । वैश्रवण महाराजको वचन पालन गरी यो मरुभूमि कान्तारको मार्गमा  अवस्थित यो प्रदेशको आरक्षा गर्न गुप्तरूपले बसिरहेको छु ।

व्यापारीहरूले सोधे–

६२५. "तपाईंको इच्छानुसार पुगेको छ । यो स्वयम्ले गर्दा पाएको कि देवताले दिएको ? हामी सार्थबाहु तथा व्यापारीहरूले सोधिरहेका छौं, भन्नुस् तपाईलाई यसरी पर्याप्त-रूप ले ऐश्वर्य कसरी प्राप्त भएको ?

यक्षले भन्यो–

६२६. "न त यो मैले बनाएको हो, न त ईश्वरले नै दिएको हो । न त आवश्यकतानुसार नै परिणत भएको हो । यो त मैले पापकर्म नगरी पुण्यकर्म गरेको हुनाले पर्याप्तरूपले प्राप्त भएको हो ।

Downloaded from http://dhamma.digital

व्यापारीहरूले सोधे–

६२७. "तपाईंले के व्रत लिनुभयो ? कुन ब्रह्मचर्य पालन गर्नुभयो ? कस्तो सुआचरणद्वारा यस्तो प्राप्त भयो ? म सार्थबाहु तथा व्यापारीले सोधिरहेको छु– तपाईंले यो विमान कसरी पाप्त गर्नुभयो ?

आफूले यथोचित पुण्य गरी आएको विषय उल्लेख गर्दै यक्षले भन्यो–

६२८. "जब म कोशल राज्य चलाइरहेको थिएँ । त्योबेला सबैले मलाई पायासि राजा भनेर चिन्दथ्यो । त्यसबेला म नास्तिक दृष्टि, कन्जुस, उच्छेदवादि, पापी तथा अधर्मी थिएँ ।

६२९. "बहुश्रुत, धर्मकथिक, प्रसिद्ध श्रमण कुमारकाश्यप हुनुहुन्थ्यो । वहाँले मलाई धर्मोपदेश गर्नहुँदा ममा भएको दृष्टिरूपी काँढा निस्कियो ।

६३०. "त्यो बेला मैले वहाँको उपदेश सुनेर उपासकत्व-को ज्ञान पाएँ । प्राणीहिंसाबाट विरत भएँ । नदिएको नलिने भएँ । मद्यपान नगर्ने भएँ । झूटो नबोल्ने भएँ । आफ्नै श्रीमतीसँग मात्रै सन्तोष भएँ ।

६३१. "मेरो त्यही व्रत, त्यही ब्रह्मचर्य अनि त्यही सुआचरणको यो विपाक हो । त्यही निर्दोष कर्मद्वारा यो विमान प्राप्त भएको हो ।

व्यापारीहरूले भन्यो–

Downloaded from http://dhamma.digital

६३२. "पुण्यवानहरू जहाँ-जहाँ जान्छ त्यहीँ-त्यहीँ नै इच्छाएको पुग्ने हुनाले आनन्द मानेर बस्छन् भनी जुन सत्य कुरालाई प्रज्ञावान नरहरूले भन्ने गर्छन् त्यो पण्डितहरूको वचन सत्य नै रहेछ।

६३३. "काटमार गर्ने, बाँध्ने, शोक, पीडा, र हानी हुने काम यहिँ गरिनाले, पापकर्म पनि त्यहीँ-त्यहीँ गरिनाले तिनीहरू दुःखबाट कहिले पनि मुक्त हुँदैनन्।

(तिनीहरू कुराकानि गरिरहेको बेला सिरिसक भन्ने वृक्षबाट सिपाटिक एउटा फल खस्यो । त्यो खसेको देखेर यक्षसहित समस्त परिवारका मनमा दुःखको भाव प्रकट भएको देखेपछि व्यापारीहरूले सोधे–)

६३४. "पानीमा कुनै एउटा चीज खस्दा पानी चले झैं अहिले यो क्षणभरमै शोकले भरिएको मुहार तपाईंसहित अरूको पनि भइरहेको छ। तपाईहरूले किन दुःख मान्नु भएको ?

यक्षले भन्यो–

६३५. "भो तात ! यो सिरिसवनबाट दिव्यमय वासना प्रवाहित भइरहेको छ। त्यो दिव्यमय वासना विमानको चारैतिर मात्र प्रवाहित भएको होइन, यहाँको प्रभावद्वारा रात र दिनमा कहिले पनि अन्धकार हुँदैन।

६३६-६३७. "यो सिरीस वृक्षको फल सय वर्षमा मात्र एउटा खस्छ । त्यसबेला मानिसहरूको पनि सय वर्ष बितेको हुन्छ। जब म यहाँ (भूमि देवताहरूकहाँ) जन्मेँ त्यो बेला मैले

Downloaded from http://dhamma.digital

देखेँ कि यो विमानमा पाँचसय वर्षपछि आयु क्षीण र पुण्य क्षीण हुनेहुँदा त्यही शोकले गर्दा हामी मूर्छित भयौं ।

व्यापारीहरूले सोधे–

६३८. "यहाँ जतिले जन्म लिए तिनीहरूले किन शोक गर्नु पर्ने ? त्यतिको राम्रो अतुलनीय विमान प्राप्त भएको छ । तपाईंहरूको आयु पनि लामो छ । शोक भनेको तिनीहरूले गर्नु पर्छ जसको आयु कम हुन्छ अनि पुण्य पुगेको हुँदैन ।

व्यापारिहरूको कुरा सुनेर प्रसन्न भई यक्षले भन्यो–

६३९. "भो तात ! तिमीले मलाई योग्यरूपले नै उपदेश दियौ जुन कि मलाई मनपर्ने कुरा गऱ्यौ । त्यसैले भो तात ! मेरो तरफबाट तिमीहरू सुरक्षित छौ । अब तिमीहरू जहाँ जानु पर्ने हो त्यहा निर्धक्क भई जानु ।

कृतज्ञको भावले व्यापारीहरूले भने–

६४०. "हामी सिन्धु राज्यको सोवीरभूमिमा इच्छानुरूप धनार्जन गरी तपाईंको नाउँमा सम्पूर्ण त्याग गरी अति नै भव्य गरी तपाईंको नाउँ राखी सेरीसक उत्सव मनाउने प्रतिज्ञा गर्छौं ।

यक्षले भन्यो–

६४१. "तिमीहरूले सेरीसक उत्सव नमनाउनु । तिमीहरू को मनमा जे छ त्यो पुरा हुन्छ । पाप-कर्म नगरी धर्म-शिक्षा लिनु ।

Downloaded from http://dhamma.digital

६४२. "तिमीहरूसँग बहुश्रुत, शीलवान, व्रतसम्पन्न, श्रद्धावान, त्यागी, सुआचरण-सम्पन्न, बुद्धिमान अनि दुवै लोकमा उपकार हुने जान्ने-बुझ्ने उपासक छ ।

६४३. "जानी-जानी झूटो नबोल्ने, अरूको प्राणघात गर्ने चित्त नभएका, चुक्ली कुरा नगर्ने, नरम बोली बोल्ने अनि मधुर बोली बोल्ने हुन् ।

६४४. "गौरव गर्न जान्ने, विनम्र, विनीत, निष्पाप, अधि-शीलमा विशुद्ध, आर्यवृत्तिका, धर्मानुसार आमा-बुबालाई पालन-पोषण गर्ने हुन् ।

६४५. "मलाई थाहा छ कि उसले आफ्नो निमित्त होइन, आमा-बुबाका निमित्त भोग्य-वस्तु संग्रह गरिरहेको छ । आमा-बुबा बितेपछि निर्वाण पुग्ने (बुद्धशासनमा) ब्रह्मचर्यको आचरण गर्नेछन् ।

६४६. "सीधा स्वभावको, बाङ्गो-तेङ्गो स्वभाव नभएको, शठ स्वभाव नभएको, छलकपट नगर्ने, माँगेर लिनुहुने पनि वचन प्रकट गरी याचना नगर्ने, सुकृत कर्मकारी अनि धार्मिक व्यक्तिलाई कहाँ दुःख हुन्छ र !

६४७. "भो व्यापारीहो ! त्यो उपासकको कारणले गर्दा नै म तिमीहरूको अगाडि प्रकट भएको हुँ । त्यसैले (उसलाई रक्षा गरे झैं तिमीहरूलाई पनि रक्षा गर्छु) । धर्म-रक्षा गर्नु सिक । तिमीहरूले जङ्गलमा बाटो भूलेकोले अन्धो सरह भै यहाँ आइपुग्यौ । यो मरुभूमिको कान्तारमा तिमीहरू अनाथ भई भष्म

Downloaded from http://dhamma.digital

हुने थियौ । तिमीहरूले अरूलाई अपमान वा पीडा दिनु भनेको सजिलो छ । सत्पुरुषहरूसँग सत्संगत गर्नु भनेको सुखकर हुन्छ ।

व्यापारीहरूले सोधे–

६४८. "भो यक्ष ! उसको नाउँ के हो ? उसले के काम गरिरहेको छ ? आमा-बुबाले उसलाई के नाउँ लिएर बोलाउँछन् अनि ऊ कुन गोत्रको हो ? जसलाई कि अनुकम्पा राख्न तपाईं यहाँ आउनुभयो । उसलाई हामीले पनि चिन्न चाहेकाछौं । उसको लाभ हो, जो तपाईंका प्रिय हुन् ।

यक्षले भन्यो–

६४९. "उसको नाउँ सम्भव हो । ऊ एकजना नापित हो । केश खौरिने र केश कोर्ने काम गरी जीविका चलाउने उपासक हो । ऊ तिमीहरूको काम गरिदिने सेवक हो । उसलाई तिमीहरूले चिनेको छ । सुआचरण युक्तलाई अपमान नगर्नु ।

व्यापारीहरूले भन्यो–

६५०. "भो यक्ष ! जो व्यक्तिको कुरा लिई तपाईंले भन्नुभयो उसलाई हामीले चिन्यौं । उसँग त्यस्तो गुण छ भनी हामीलाई थाहा थिएन । भो यक्ष ! तपाईंको कुरा सुनेर अबदेखि हामीले प्रसन्न भई उसलाई पूजा गर्नेछौं ।

यक्षले भन्यो–

Downloaded from http://dhamma.digital

६५१. "युवक, प्रौढ र बुढाहरू जतिपनि योसँग आएकाछन् तिनीहरू सबै विमान माथि आऊ । कन्जुस भई गरेको पुण्यको फल हेर ।

**धर्म-संग्राहकका उल्लेखित गाथाहरू–**

६५२. "पहिला म जान्छु, पहिला म जान्छु भनी त्यहाँ आएकाले भनेता पनि पहिला नापित उपासकलाई विमान माथि लगेपछि मात्र अरूलाई विमान माथि लग्यो । (विमानको सौन्दर्य देखेर तिनीहरूले भन्यो–) यो विमान देवराज इन्द्रको जस्तै छ ।

६५३. "त्यहाँ तिनीहरू सबैले नै म पहिला जान्छु, म उपासक हुँ भन्ने भावलाई देखाउँदै भने– प्राणीहिंसाबाट विरत छु । लोकमा नदिएको लिनबाट विरत छु । मद्यपानबाट विरत छु । झूटो बोल्नबाट विरत छु अनि आफ्नै श्रीमतीसँग सन्तोष छु ।

६५४. "तिनीहरू सबैले म पहिला जान्छु, म उपासक हुँ भन्ने भाव देखाएपछि पटक-पटक यक्षको प्रभाव र ऋद्धिको प्रशंसा गर्दै अनुमोदन गर्दै फर्के ।

६५५. "तिनीहरू सिन्धु राज्यको सोविरभूमिमा गई धन कमाउने मनमा राखे अनुसार अनि प्रार्थन गरे अनुरूप धन आर्जन गरी इच्छानुसार मनज्ञ धन लाभ गरी विघ्नबाधारहित, आनन्दकासाथ पाटलिपुत्रमा फर्केर आ-आफ्नो ठाउँमा गए ।

६५६. "तिनीहरू सबै आनन्दकासाथ घरमा पुगी छोरा, श्रीमती तथा परिवरहरूसँगको भेटपछि आनन्द, प्रीति, प्रसन्न

Downloaded from http://dhamma.digital

तथा सुप्रसन्न भई सेरीसक महोत्सव गरी सेरिसक भन्ने धर्मशाला (परिवेण) बनाए ।

६५७. "सत्पुरुषको संगतले यस्तो शुभ-फल प्राप्त भयो । धर्मगुणको सेवनले गर्दा महामङ्गल भयो । एकजना उपासकको कारणले गर्दा ती सबैको नै भलो भयो ।"

## ३. नन्दक प्रेत

भगवान बुद्ध परिनिर्वाण हुनुभएको दुईसय वर्षपछि सुरट्ठ भन्ने देशमा पिङ्गल नाउँका राजा थिए । वहाँ राजाका नन्दक भन्ने सेनापति मिथ्यादृष्टि, विपरितदर्शी अनि पुण्यादिको केही फल छैन भनी मिथ्याविचारको भई समय त्यसै खेर फालिरहेका थिए । सेनापतिको छोरीलाई सुयोग्य कुलमा विवाह गरी पठाए । नन्दक सेनापति मृत्युपश्चात विमानक प्रेत भई जन्मे । पिताको मरणपश्चात आफ्नो पिताको सुगतिकामना गर्दै क्षीणाश्रव स्थविर भन्तेलाई वर्ण-गन्ध-रसयुक्त मालपुवा अनि परिशुद्ध सुगन्धित जलदान गरे । त्यो दानको प्रभावले उसलाई दिव्यमय जल र अपरिमित मालपुवा प्रादुर्भाव भयो । एकदिन पिङ्गल राजा धर्माशोक राजासँग भेट गरी फर्किरहँदा नन्दक प्रेतले निर्माण गरेको मार्गबाट गई प्रेतसँग भेट हुँदाको विषयमा–

**धर्म-संग्राहकका उल्लेखित गाथाहरू–**

६५८. "सुरट्ठ भन्ने राष्ट्रका अधिपति पिङ्गल नाउँको राजा थिए । एकदिन वहाँ मौर्य धर्माशोक राजाको उपस्थानपछि सुरट्ठमा फर्किंदै थिए ।

Downloaded from http://dhamma.digital

६५९. "मध्याह्न समयमा मृदु भूमिको मार्गबाट गर्मीको महसुस गर्दै गइरहेका थिए । त्योबेला प्रेतले निर्माण गरेको रमणीय मरुभूमिको मार्ग देखे ।

६६०. "राजाले सारथिलाई बोलाई भन्नुभयो- भो सारथि ! यो मार्ग रमणीय, क्षेम, उपद्रवरहित र रमाइलो छ । यो मार्गबाट गएमा सुरट्ठमा चाँडै पुग्नेछौं ।

६६१. चतुरङ्गिनि सेनासहित त्यो मार्गबाट गइरहँदा एकजना मान्छेले डराउँदै राजालाई भन्यो ।

६६२. "भो महाराज ! हामी जुन मार्गबाट जानुपर्ने हो त्यो मार्ग नभई अर्कै मार्गबाट गइरहेका छौं । यो मार्गबाट गइरहँदा मलाई डर लागिरहेको छ अनि रौं नै ठाडो-ठाडो भइरहेको छ । अगाडि जाने मार्ग भने देख्छ तर पछाडि फर्केर हेर्‍यो भने केही पनि देख्दैन ।

६६३. "हामी जानु पर्ने मार्ग नभई अर्कै मार्गबाट गइरहेका छौं । (मलाई लाग्छ) हामी यमपुरुषको नजिकै पुग्यौं । अमनुष्यको गन्ध अनि डरलाग्दो प्रेतको आवाज पनि सुनिन्छ ।

६६४. "सुरट्ठका राजा संविग्न हुँदै सारथिलाई भन्यो- हामी मार्ग भूलेर अर्कै मार्गबाट गइरहेकाछौं । डर लागेकोले रौं पनि ठाडो-ठाडो भइरहेको छ ।

६६५. "हामी मार्ग भूलेर अर्कै मार्गबाट गइरहेकाछौं । यमपुरुषको नजिकै पुग्यौं । अमनुष्यको गन्ध अनि डरलाग्दो प्रेतको आवाज पनि सुनिन्छ ।

Downloaded from http://dhamma.digital

६६६.. "त्यही समय राजा हाथी माथि चढी चारैतिर हेर्नुहुँदा नीलो रङ्ग जस्तै रमणीय बरवृक्षले बादलको छायाँ लागे जस्तै त्यो वृक्षको छायाँ देख्नुभयो ।

६६७. "राजाले सारथिलाई बोलाएर सोध्नुभयो– नीलो रङ्ग जस्तै रमणीय बादलको छायाँ लागे जस्तै ठूलो देखिने त्यो के हो ?

६६८. "भो महाराज ! बादलको छायाँ जस्तै नीलो रङ्ग देखिने त्यो बरवृक्ष हो ।

६६९. "बादलको छायाँ जस्तै पृथ्वीमा परेको त्यो ठूलो नीलवर्णको बरवृक्षनिर सुरट्ठका राजा पुग्नुभयो ।

६७०. "त्यहाँ पुगेर हाथीबाट ओर्लिनुभई मन्त्री र परिजन -सहित वृक्षमुनि राजा बस्नुभयो । त्यहाँ पानीले भरिएको भाँडा, ठाउँ-ठाउँमा मधुर र स्वादिष्ट मिष्टान्न देखे ।

६७१. " त्यहाँ समस्त अलङ्कारले अलङ्कृत सुरट्ठ राजाको साम्नु उभेर भन्यो ।

६७२. "भो महाराज ! तपाईंलाई स्वागत छ । अतः तपाईं उचित ठाउँमा नै आइपुग्नुभयो । भो देव ! पानी पीउनुस्, भो अरिन्दम ! यी मिष्टान्न खानुस् ।

६७३. "मन्त्री, परिजन र राजाले मिष्टान्न र पानी पीउनु भएपछि सोरट्ठका राजाले सोध्यो–

Downloaded from http://dhamma.digital

६७४. "तपाईं देवता हो कि गन्धर्व हो अथवा पुरिन्दद इन्द्र हो ? चिन्न नसक्नाले तपाईसँग सोधिरहेको छु। तपाईंलाई हामीले कसरी चिन्ने ?

प्रेतले भन्यो–

६७५. "म न देवता हुँ, न गन्धर्व हुँ अनि न त म पुरिन्दद इन्द्र हुँ। महाराज ! म सुरट्ठ देशबाट यहाँ प्रेत भई जन्में।

राजाले सोध्यो–

६७६. "सुरट्ठ देशमा पहिलेको जन्ममा तपाईंले कुन शील लियौ ? तपाईंको आचरण कस्तो थियो ? कुन अथवा कस्तो ब्रह्मचर्य पालन गर्नाले यस्तो आनुभाव भएको ?

प्रेतले भन्यो–

६७७. "भो महाराज ! अरिन्दम ! ! राष्ट्रवर्धन ! ! ! अमात्य परिजन, ब्राह्मण र पुरोहितहो ! मेरो कुरा तपाईंहरूले सुन्नुस्–

६७८. "भो देव ! सुरट्ठ देशको म एकजना मिथ्यादृष्टि, दुःशील, कन्जुस, श्रमण-ब्राह्मणप्रति आक्रोश गर्ने तथा पाप विचारका थिएँ।

६७९. "जो दानधर्ममा लाग्नेहुन्थ्यो तिनीहरूलाई मैले रोक्थें। अरूले दानकार्य गर्दा विघ्नबाधा पुऱ्याउँथे।

Downloaded from http://dhamma.digital

६८०. "दानको विपाक छैन, संयमको फल कहाँ छ र, आचार्य पनि छैन, सत्वहरू स्वभावले नै दान्त वा अदान्त हुन्छ। अदान्तलाई कसले दान्त पार्न सक्छ र ?

६८१. "सबै सत्वहरू एकैसमानका हुन् । ठूला-बडालाई मान-सम्मान गरेर कहाँ पुण्य लाग्छ र ? वीर्य र बल भनेको पनि छैन । पुरुषार्थ भनेको पनि छैन ।

६८२. "दानको फल पनि छैन । वैरीलाई विशोधन गर्न सक्दैन । मानिसलाई लाभ हुने लाभ भइहाल्छ । कर्मले गर्दा सुख पाउने होइन । इश्वरले सुख दुःख दिने होइन । हुनुपर्ने स्वतः नै हुन्छ ।

६८३. "आमा-बुबा, दाजु-भाइ, आफन्त भनेको पनि कोही होइन । यो लोक बाहेक अर्को लोक छैन । महादानको पनि फल छैन । यज्ञको पनि फल छैन । राम्रो पुण्य-कर्म पनि आफूसँग आउने होइन ।

६८४. "जो कसैले मान्छे मारे पनि, अरूको टाउको छिनाले पनि कसैले कसैलाई मारेको होइन । सातवटा प्वाल भएकोमा शस्त्र घुसारे जस्तै हो ।

६८५. "जीवलाई छेदन-भेदन गर्न सक्दैन । अष्टकोण र गोलाकार पाँचसय योजनसम्म लम्बिएको जीवलाई कसले मार्न सक्छ र !

६८६. "जस्तो कि धागोको डल्लोलाई फ्याँकि दिँदा धागोको डल्लो फुस्केर जाने हो त्यो जीवको प्राण पनि गाँठो

Downloaded from http://dhamma.digital

नभएको जस्तै स्वात्त भाग्छ ।

६८७. "जस्तै कि एउटा गाउँबाट अर्को गाउँमा गए समान त्यो जीवको प्राण अरूको शरीरमा पस्छ ।

६८८. "जस्तै कि एउटा घरबाट निस्केर अर्को घर पस्ने समान त्यो जीवको प्राण अरूको शरीरमा पस्छ ।

६८९. "जो मुर्ख हुन् अथवा पण्डित हुन् तिनीहरू चौरासीहजार महाकल्पसम्म संसार-चक्रमा घुमफिरगर्दै अन्तमा दुःखबाट मुक्त हुन्छ ।

६९०. "सुख-दुःख भनेको नाप-तौलसमान हो । सबै जान्ने-बुझ्ने जिन हो । यहाँका सत्वहरू मोहित भई बसेका हुन् ।

६९१. "पहिलेको जन्ममा म यस्तो दृष्टिको थिएँ । मोहको डालोले छोपिएर प्रमादि भई बस्ने हुँ । म मिथ्यादृष्टि, दुःशील कन्जुस र आक्रोसक थिएँ ।

६९२. "छ महिनापछि म मरेर अति नै डरलाग्दो दुःख-कष्ट भोग्नु पर्ने घोर नरकमा पतन हुनेछु ।

६९३. "चतुष्कोणमा चारद्वार भएको त्यहाँ एकैसमानको फलामे पाताले पर्खाल घेरिएको अनि फलामको पाताले नै छाएको छ ।

६९४. "त्यहाँ फलामे पाताको नै भूमि हुन्छ । सय-योजनसम्मको समस्त ठाउँमा आगोको ज्वाला फैलिरहेको हुन्छ ।

Downloaded from http://dhamma.digital

६९५. "एकलाख वर्ष बितेपछि एउटा शब्द सुन्न पाउनेछ कि अब एकलाख वर्ष बित्यो । भो महाराज ! त्यो नरकवासीका आयु भने एकलाख कोटी वर्षको रहेछ ।

६९६. "जो मिथ्यादृष्टि, दु:शील तथा आर्यलाई निन्दा गर्छ ती व्यक्तिहरू कोटीशतसहश्र वर्ष नरकमा पतन हुन्छ ।

६९७. "पापकर्मले गर्दा दीर्घकालसम्म त्यहाँ मैले दु:ख भोग्नुपर्ने हुनाले धेरै ने पीड लागिरहेको छ ।

६९८. "त्यसैले भो महाराज ! अरिन्दम तथा राष्ट्रवर्धक ! मेरो कुरा सुन्नुस्– महाराज ! भद्रस्वभावकि मेरी छोरी छ ।

६९९. "उपोसथ शील पालन गर्नमा लागिरहने, संयमित, दानदिने स्वभावकी, कन्जुस स्वभाव नभएकी, खुल्ला हृदयकी अनि राम्रो काममा लागिरहन्छे ।

७००. "अखण्डरूपले शिक्षा पालन गर्दै बुहारी भई बसेकिछिन् । भाग्यवान सम्यकसम्बुद्ध तथा शाक्यमुनिका उपासिका हुन् ।

७०१. "शीलसम्पन्न, स्मृतिवान, तलतिर मात्रै आँखा लगाई जानुहुने, गुप्तद्वार, सुसंयत एकजना भिक्षु त्यो गाउँमा भिक्षा जानुहुन्छ ।

७०२. "महाराज ! घरैपिच्छे भिक्षाटनमा जानुहुने आफ्नो घरमा आइपुग्नु हुँदा भद्रस्वभावकी उत्तराले देखिन् ।

Downloaded from http://dhamma.digital

७०३. "भाँडामा पानी राखी, विभिन्नप्रकारका रोटी र मालपुवा वहाँलाई दान दिएपछि भनिन्– भन्ते ! मेरो बुबा बित्नुभयो । त्यसैले यो पुण्य वहाँलाई प्राप्त होस् ।

७०४. "तत्क्षणमै देखिने गरी विपाक प्रकट भयो । वेश्रवण देवराजले जस्तै मैले पनि इच्छानुसार मनपरेको भोजन गर्न पाइरहेको छु ।

७०५. "भो महाराज ! अरिन्दम, राष्ट्रवर्धक ! तपाईले सुन्नुस्– सदेवलोकका उत्तम वहाँ बुद्ध हुन् । अरिन्दम ! तपाईं-सहित सबै छोरा-छोरी र परिवार वहाँको शरणमा जानुस् ।

७०६. "भो अरिन्दम ! अष्टाङ्गिकमार्गद्वारा अमृतफल लाभ गर्न सक्ने तपाईंसहित सबै छोरा-छोरी र परिवार धर्मको शरण-मा जानुस् ।

७०७. "भो अरिन्दम ! चारमार्गमा जानुहुने, चारमार्ग फलमा प्रतिष्ठित हुनुभएका, प्रज्ञा र शीलसमाहित हुनुभएका तपाईंसहित सबै छोरा-छोरी र परिवार संघको शरणमा जानुस् ।

७०८. "प्राणघाट गर्न चाँडै नै त्याग्नु, लोकमा नदिएको लिने बानी त्याग्नु, जाँड-रक्सी नपीउनु, झूटो नबोल्नु अनि आफ्नै श्रीमतीसँग सन्तोष हुनु ।

राजाले भन्यो–

७०९. "भो यक्ष ! तपाईं हाम्रो निम्ति हितानुकम्पि हुनुहुन्छ । भो देव ! तपाईं हाम्रो निम्ति कल्याणकारी हुनुहुन्छ ।

Downloaded from http://dhamma.digital

तपाईंले भने जस्तै गर्नेभएँ। हाम्रो निम्ति तपाईं गुरु हुनुहुन्छ।

७१०. "म बुद्धको शरणमा जान्छु, अनुत्तर धर्मको शरणमा जान्छु अनि उत्तम हुनुभएका संघको शरणमा जान्छु।

७११. "मैले चाँडै नै हिंसा त्यागछु, लोकमा नदिएको लिने छैन, मद्यपान गर्ने छैन, झूटो बोल्ने छैन अनि आफ्नै श्रीमतीसँग मात्रै सन्तुष्ट हुन्छु।

७१२. "मसँग भएको पाप विचारलाई महावायुले धूलो उडाएर लगे झैं, वेग गतिवान नदीले बगाए झैं बगाइदिन्छु।

७१३. "यति भनिसकेपछि सुरट्ठका राजा पापकर्मबाट विरत भई, भगवान बुद्धलाई नमस्कार गरी रथारोहण गरी आफ्नो देशमा फर्किनु भयो।"

## ४. रेवती प्रेतनी।

वाराणसी देशमा नन्दिय भन्ने उपासकको रेवती नाउँकि श्रीमती थिइन्। उपासक नन्दिय दान-धर्ममा लागिरहन्छ भने श्रीमती रेवती भने दान-धर्ममा रुचि थिएन। नन्दिय उपासक दानधर्ममा जीवन बिताउँदै एकदिन भगवान बुद्धप्रमुख भिक्षुसंघलाई ऋषिपतन महाविहारमा ठूल्ठूलो गरी चारवटा कोठा बनाई ओढ्ने, ओछ्याउने, खातादि राखेर पानी तर्पण गरी दिए। नन्दिय उपासकले पुण्य गरेको हुनाले मृत्यु पश्चात तावतिंस देवलोकमा एकहजार अप्सराहरूद्वारा सेवा गराई बस्नेभए। रेवतीलाई नरकमा लानु पहिले पुण्यको फल कस्तो हुन्छ भन्ने

Downloaded from http://dhamma.digital

देखाउनको निम्ति वेस्सवण देवराजाको आज्ञानुसार दुईजना यक्षहरूले लिन आउँदा ती यक्षहरूले रेवतीलाई भन्यो–

७१४. "हे रेवती ! उठ, तिमीले दान र शीलमयको दैलो लगाएनौ । तिमी अति नै पापी तथा अधर्मी भयौ । त्यसैले अब हामीले यहाँबाट तिमीलाई दुर्गतीमा खसाल्न लिन आएका हौं । जहाँ कि दुःख भयो भनी यहाँ आउन पाउँदैन । त्यहाँ पापकर्मको फल भोग गर्न नसकेसम्म दण्ड भोग्नु पर्ने नरकमा लाने भयौं ।

७१५. "त्यसो भनेपछि राता-राता आँखा भएका अति नै डरलाग्दा दुईजना यमदूतहरूले रेवतीको दुईतिर दुइजनाले पाखुरासमाती पहिला देवलोकमा नन्दिय देवताकहाँ लग्यो ।

त्यहाँ देव विमानमा नन्दियलाई देखेर रेवतीले सोधिन्–

७१६. "सूर्यको वर्णसमान जाज्वल्यमान भई चम्किरहेको, हेर्दै मन रमाउने, राम्रोसित सुनको जालिले घेरिएको छ । पूरै विमानमा अप्सराहरू छन् । तिनीहरूको शरीर पनि सूर्य जस्तै चम्किरहेको छ । त्यहाँ बस्ने तिनीहरू को हुन् ?

७१७. "शरीरमा श्रीखण्ड लगाएका अप्सराहरू छन् । भित्र-बाहिर सर्वत्र नै विमान शोभायमान छन् । सूर्यको वर्णसमान देखिने अनि यो स्वर्गको बिमानमा आनन्दपूर्वक बसिरहेका को हुन् ?

यक्षहरूले रेवतीलाई भन्यो–

Downloaded from http://dhamma.digital

७१८. "दानपति, उदार चित्त, कन्जुसीपन नभएका वनारस देशमा बस्ने नन्दिय नाउँको उपासक हो । विमानै परिपूर्ण गरी बसेका अप्सराहरू हुन् । सूर्यरश्मिसमान चम्केका ऊ नै (नन्द) हो ।

७१९. "शरीरमा श्रीखण्ड चूर्णलगाएकि आइमाईहरू, उभयपक्षले नै विमान शोभायमान भइरहेको छ । सूर्यसमान वर्ण देखिने अनि स्वर्गमा रहेको विमानमा आनन्द लिएर बस्ने ऊ नै (नन्दिय) हो ।

यक्षहरूलाई रेवतीले भनिन्–

७२०. "म नन्दियको श्रीमती हुँ । घरपरिवारमा वहाँ सबैका मालिक हुन् । अब म आफ्नो श्रीमानसँग रमाइलो गरी बस्छु । नरक त मलाई हेर्नै मन लाग्दैन ।

यक्षहरूले रेवतीलाई भन्यो–

७२१. "मनुष्यलोकमा तिमीले पुण्य नै गरेको छैन । तिमी पापी-अधर्मी भएकीले अब तिमीलाई नरकमा लान्छौं । कन्जुस, रिसाउने तथा पापी-अधर्मी देवतासँग बस्न पाउँदैन ।

(यसरी कुरा गरिरहँदा ती यक्षहरू त्यहाँबाट अन्तर्धान भए । तिनीहरू जस्तै नै नरकपाल दुईजनाले संसवक भन्ने गुथ नरकमा खसाल्न लैजाँदै गरेको देखी रेवतीले सोधिन्)

७२२. "अति नै दुर्गन्धित बगिरहेको यो के हो ? कसरी यत्तिका घिनलाग्दो देखिएको ?

Downloaded from http://dhamma.digital .

नरकपालहरूले भने–

७२३. "सयजना मान्छे डुबेर जाने अति नै गहिरो खाल्डो हो । यसलाई संसवक नरक भनिन्छ । हे रेवती ! तिमीले अब यहाँ हजार वर्षसम्म दु:ख भोग्नु पर्नेछ ।

रेवतीले सोधिन्–

७२४. "शरीर, वचन र मनद्वारा मैले के नै दुष्कर्म गरेकि छु र ? किन म सयजना मानिस डुब्ने गहिरो संसवक खाल्डोमा खस्नु पर्ने ?

नरकपालहरूले भने–

७२५. "श्रमण-ब्राह्मण र याचकहरूलाई झूटो बोलेर तिनीहरूलाई छलेर पठायौ । तिम्रो त्यही पापकर्मले गर्दा यो प्रकट भएको हो ।

७२६. "रेवती ! त्यही पापकर्मले गर्दा एकसय जना मानिस डुबेर जाने गहिरो संसवक नरकमा तिमी एकहजार वर्षसम्म दु:ख भोग्नु पर्नेछ ।

७२७. "त्यहाँ तिम्रो हात पनि काटि दिनेछ, खुट्टा पनि काटि दिनेछ, कान पनि काटि दिनेछ, नाक पनि काटि दिनेछ अनि फेरि काग आदि हिंस्रक पंक्षीहरू सबै मिलेर तिम्रो शरीरको मासुलाई थुँग्दै-लुछ्दै खानेछन् ।

तिनीहरूको कुरा सुनेपछि रेवती भनिन्–

Downloaded from http://dhamma.digital

७२८. "तिमीहरूसँग मैले प्रार्थना गर्दै पुकार्दछु, मेरो निम्ति अति नै राम्रो हुनेछ कि मलाई पुनः एकपल्ट मनुष्य लोकमा लैजानुस् । मैले त्यहाँ दान दिनेछु, धेरै नै कुशल कर्म गर्नेछु, संयमित हुनेछु अनि शान्त-दान्तकि हुनेछु । जुन कर्म गर्दा सुख हुने हो अनि पछि फेरि पश्चाताप गर्नु पर्दैन ।

नरकपालहरूले भने–

७२९. "तिमी पहिला बेहोशी भई हिँड्यौ, अहिल भने तिमी रुँदै छौ तथा चिच्याउँदै छौ । स्वयम् आफूले गरेको कर्मको विपाक तिमीले भोग गर्नु नै पर्छ ।

७३०. "दण्ड त्यागीहरूलाई उत्तमप्रकारले खाने-पिउने, लगाउने दान दिनुपर्छ, क्रोधी र अधर्मीहरू स्वर्गमा देवताहरूसँग बस्न पाउने छैन भनी मनुष्यलोकबाट देवलोकमा गई त्यहाँको कुरा मलाई भन्न आउने को नै थियो र !

७३१. "म यहाँबाट मुक्त हुँदा मनुष्ययोनिमा जन्म लिई खुल्ला हृदयले शील सम्पन्न गर्छु, दान दिन्छु, सुआचरण गर्छु, संयमी हुन्छु अनि शान्त-दान्तकि हुन्छु ।

७३२. "शुद्ध मनले वृक्षारोपण गरी आरामस्थल बनाई दिन्छु । दुर्गमस्थानलाई सुगम बनाईदिन्छु । पानीको निम्ति कुवा तथा पोखरी आदि बनाइदिन्छु ।

७३३. "औंसी, पूर्णिमा, कृष्णपक्षको अष्टमी अनि शुक्लपक्षको अष्टमीमा अष्टाङ्गउपोसथ शीलसम्पन्न गर्नेछु ।

Downloaded from http://dhamma.digital

७३४. "आफू स्वयम्ले नै देखिसकेको हुनाले उपोसथव्रत सदा नै पालन गर्नेछु । संयमित भई बस्नेछु । दान दिनमा बेहोशी भई बस्दिन ।

७३५. "सारा शरीर थरथर काम्दै विलाप गरिरहँदा पनि उसलाई त्यहींबाट खुट्टा माथि शीर तलपारेर घोर नरकमा खसालि दियो ।

७३६. "पहिला म लोभी हुनाले श्रमण-ब्राह्मणहरूलाई निन्दा र गालि गर्थें अनि आफूले नै श्रीमानलाई छलेको हुनाले घोररूपी नरकमा दुःख भोग्नु पऱ्यो ।"

## ५. उच्छु प्रेत

एकजना मानिसले एकभाडी उखु बोकेर उखु खाँदै गइरहेका थिए । त्यसबेला शीलवान, कल्याण-धर्मी उपासक आफ्नो बच्चाहरूसँगै त्यो व्यक्तिको पछिपछि गइरहेका थिए । बच्चाहरूले उखु खान पऱ्यो भन्दै पिरोलेको हुनाले उखुको मालिककहाँ गई उखु माग्न जाँदा नसुने भैं गरी गइरहे । उपासकले पटक-पटक भनिरहँदा मन अप्रसन्न गरी एउटा उखु पछाडिबाट फालि दियो । ऊ एकदिन मृत्यु पश्चात लोभी स्वभावको हुनाले उखुको बारीमा नै प्रेत भई जन्मियो । उखु खान पऱ्यो भनी उखु लिनखोज्दा उसलाई त्यही उखुकै पातले हिर्काउँदा ऊ त्यहीं भूँइमा मूर्छित भई लड्दथ्यो । आयुष्मान मोग्गल्लान राजगृहमा भिक्षाटन जानुहुँदा बाटोमा त्यो प्रेतले देखेर वहाँ भन्तेसँग सोध्यो–

७३७. "यहाँ मेरो धेरै ठूलो उखुको खेत छ । अलिकति

Downloaded from http://dhamma.digital

पुण्यकर्मले गर्दा यहाँ म जन्म लिएको होइन होला । तर मैले यो उखुको परिभोग गर्न पाउँदिन । भन्ते ! भन्नुस न यो कुन कर्म को विपाक हो ?

७३८. "उखु खानपऱ्यो भनी लिन खोज्दा उखुको पाटले पिट्दा घाउ हुन्छ अनि म हैरान हुन्छु । जति नै प्रयास गरेपनि केही गर्दा पनि खान पाउँदिन अनि काटीएको खम्बा झैं धलेर विलाप गरिरहनु पर्छ । भन्ते ! भन्नुस न यस्तो हुनुपरेको कुन कर्मको विपाक हो ?

७३९. "म बलहिन भई जमीनमा लर्नपुग्छु, माछालाई जमिनमा राख्दा छट्पटिए झैं छट्पटिन्छु अनि रुँदारुँदै आँसु नै सुकेर जान्छ । भन्ते ! भन्नुस न यस्तो हुनुपरेको कुन कर्मको विपाक हो ?

७४०. "भोक र प्यासले गर्दा शरीर गलेर जान्छ । जहिले पनि सन्त्रस्त भई बस्नुपर्छ । भदन्त ! मैले तपाईंसँग यसको कारण सोध्दैछु– के गर्दा मैले यो उखु खान पाउँछु ?

मोग्गल्लान भन्तेले भन्नुभयो–

७४१. "पहिलेको जन्ममा तिमी मानिस भएर जन्मिंदा तिमी स्वयम्ले गरिआएको कर्म छ । यस विषयमा मैले तिमीलाई कुरा भन्छु सुनिसकेपछि तिमीले बुझ्नु ।

७४२. "तिमीले उखु खान्दै गइरहेका थियौ । त्योबेला एकजना मान्छेले उखु माग्नलाई तिम्रो पछिपछि आई तिमीसँग

Downloaded from http://dhamma.digital

कुरा गर्न आएको थियो । तर तिमीले भने ऊसँग केही पनि कुरा गरेनौ ।

७४३. "तिमी ऊसँग कुरा नगरे पनि उसले भने तिमीसँग एउटा उखु दिनु न भनी पटक-पटक माँग्यो । उसलाई तिमीले पछाडिबाट एउटा उखु फ्याँकि दियौ । त्योबेला तिमीले गरिआएको त्यो कर्मको यो विपाक हो ।

७४४. "अब तिमी यहाँबाट फर्केर पछाडिबाट उखु लिएर जति खान सक्छौ उति खानु । त्यसरी लिंदा तिमीले सन्तोष हुनेगरि खान पाउने छौ, प्रसन्न हुनेछौ अनि खुसिले गद्गद् हुनेछौ ।

७४५. "उखुको खेतमा गई हात पछाडि पारेर लिंदा लिनसकेकोले जति खान चाहेको थियो त्यति खानपायो । खान पाएकोले प्रसन्न भए तथा खुसिले गद्गद् भए ।"

## ६. कुमार प्रेत

कोशल राजाको दुईजना छोराले परस्त्रीसँग व्यभिचार गरी हिँड्ने भएकाले मृत्यु पश्चात गुह्यानको पछाडि प्रेत भई जन्मे । आधी रातमा तिनीहरू धेरै नै डरलाग्दो गरी रोएको मानिसहरूले सुनेर बुद्धप्रमुख भिक्षुसंघलाई महादान दिएपछि भगवानसँग त्यस्तो सुन्नु परेको कारण सोधे । सोधेको विषय लिएर भगवानले भन्नुभयो–

७४६. "मैले यस्तो सुनेको छु, हिमालयको नजिकै श्रावस्ती नगर छ । त्यहाँ दुईजना राजकुमार थिए ।

Downloaded from http://dhamma.digital

७४७. "तिनीहरू सँधै कामस्वादमा मस्त भई त्यसैलाई मात्र अभिनन्दन गरिरहन्थ्यो । वर्तमान विषयमा मात्रै प्रलुब्ध भई तिनीहरूले भविष्यमा के हुने हो भन्ने विषयमा सोच्दैसोचेन ।

७४८. "तिनीहरू मनुष्यत्वबाट च्युत भई परलोक हुँदा यहाँ जन्मे । तिनीहरू पहिले जन्ममा दुष्कर्मी हुनाले यहाँ ठूल्ठूलो स्वर निकाल्दै विव्हल भई रोइरहेका हुन् ।

७४९. "दान दिने सामग्री धेरै हुँदा पनि अनि प्राप्त हुँदा पनि आफ्नो हित-सुखहुने केही पनि गरेका थिएनौं ।

७५०. "जुन कारणले गर्दा हामी राजकुलबाट च्युत भई भोक र प्यासले मुक्त नहुने प्रेत भई जन्म लियौं । हामीले के कस्तो पापकर्म गरी आयौं ?

७५१. "हामी पहिला यो ठाउँका मालिक हौं । अहिले हामी यहाँ भएर पनि मालिक होइनौं । मानिस हुँदा सम्पन्न कुलका थिएँ । तर अब हामी अधोगतिमा परी भोक र प्यासले यताउता घुमफिर गरिरहेकाछौं ।

७५२. "ऐश्वर्यमत्ता हुँदा यस्तो दुष्परिणाम हुनेछ भन्ने थाहा पाई ऐश्वर्यमत्ता हुनबाट त्याग गर्नु । शरीर भेद पश्चात प्रज्ञावान व्यक्ति स्वर्गमा जन्म लिन पाउँछ ।"

## ७. "राजपुत्त प्रेत

भगवान बुद्ध जेतवन विहारमा बस्नुहुँदा राजपुत्रको विषय लिएर भन्नुभयो– अतीत कालमा कितवस्स भन्ने राजाको छोराले

Downloaded from http://dhamma.digital

प्रत्येकबुद्धप्रति अपराध कर्म गरेको हुनाले धेरै वर्षसम्म नरक भोगपछि बाँकिरहेको कर्मफल भोग गर्न प्रेत भई जन्मियो। त्यसैले उसलाई राजपुत्र प्रेत भन्यो। अन्य विषय साणवासि प्रेतको कथामा आएजस्तै नै हो। त्यसबेला शास्ताले थेर भन्तेको आफन्त प्रेत भएको कुरा निकालेर भन्नुभयो– "केवल तिम्रो आफन्तहरू मात्र प्रेत भएको होइन। यो भन्दा पहिला तिमी पनि प्रेत भई महादुःख भोग गरी आइसक्यौ।" थेर भन्तेले प्रार्थना गर्दै भगवानसँग सोध्नुहुँदा वहाँले भन्नुभयो–

७५३. "पहिलेको जन्ममा रूप, शब्द, गन्ध, रस र स्पर्शको भोग विषयप्रति मनमा कुरा खेलाउँदै त्यही भोग विलाशमा रमाउँदै गरेको कर्मको विपाक हो।

७५४. "राजगृहको उद्यानमा प्रवेश गरी यताउता घुम-फिर गर्दै असाधारणरूपले नाच्दै, गीत गाउँदै साथीभाइहरूसँग रमाइलो गर्दै रतिक्रीयामा लागेका थियौ।

७५५. "आफूले आफूलाई शान्त-दान्त गर्नु भएका, सुसमाहित, लज्जा-युक्त, भिक्षाचारबाट प्राप्त भएको भोजनद्वारा जिवन निर्वाह गर्नुहुने सुनेत्त प्रत्येकबुद्ध देख्यौ।

७५६. "हात्तीबाट ओर्लेर, भन्ते! भिक्षा प्राप्त भयो भनी सोधेर पात्र लिएर क्षेत्रियले माथि फालिदियो।

७५७. "त्यो पात्र भूईंमा खसेपछि फुटेको देखेर हाँसेर गयो। प्रत्येकबुद्धले करुणावान भएर भन्नुभयो– राजपुत्र! किन यसरी गरेको? म भिक्षुलाई तिमीले किन यस्तो गरेको?

Downloaded from http://dhamma.digital

७५८. "त्यो कठोर कर्मले गर्दा दुःख भोग गर्नुपरेको थियो। जसले गर्दा नरकमा पतन हुनु पऱ्यो।

७५९-७६०. "उत्तानो पारेर पनि, घोप्टो पारेर पनि खुट्टा माथि शीर तल पारेर पनि दायाँ-बायाँबाट पनि मूर्खले दुःख भोग गरेको चौरासीहजार वर्ष भइसकेको थियो। पापकर्मले गर्दा धेरै नै नरक भोग्नुपरेको थियो।

७६१. "पापकर्मले गर्दा दशसहस्र वर्षसम्म धेरै नै दुःख-भोग गर्नुपरेको थियो।

७६२. "निर्दोषी, सुआचरणसम्पन्न प्रत्येकबुद्धलाई दुःख दिएको पापकर्मले गर्दा कष्टपूर्ण दुःखभोग गर्नुपरेको थियो।

७६३. "तिनीहरू त्यहाँ धेरै नै वर्षसम्म दुःखभोग गरेपछि त्यहाँबाट भोक र प्यासले मुक्त नहुने प्रेतकुलमा जन्मे।

७६४. "ऐश्वर्यमदले उत्पन्न हुने दुष्परिणाम थाहापाई ऐश्वर्य मदबाट मुक्त भई आफू सुरक्षित हुनेतिर लाग्नु।

७६५. "जसले बुद्धप्रति सभक्तिपूर्वक गौरव राख्छ, उस-लाई यहींको यहीं नै देखिने गरी प्रशंसित हुनपाउँछ भने शरीरभेद पश्चात स्वर्गमा जन्मिन्छ।"

## ८. (क) गूथ खादक प्रेत

श्रावस्ती नजिकैरहेको एउटा गाउँमा एकजना गृहस्थले कुलूपक भिक्षुलाई विहार बनाई दान दियो। त्यो विहारमा

Downloaded from http://dhamma.digital

विभिन्नस्थानका भिक्षुहरू आएर बस्दथ्यो । गाउँका मानिसहरूले ती भिक्षुहरूलाई चित्त प्रसन्न गरी दान दिएको देख्दा कुलूपक भिक्षुले सहन नसक्नाले इर्ष्यालु भई विहार दाताको तरफबाट गालि गर्न लगाउँदथ्यो । कुलूपक भिक्षु मरेपछि त्यहीँ शौचालयमा प्रेत भई जन्मे । विहार दाता पनि त्यहीँ शौचालयमा भिक्षुको शीर माथि बस्ने प्रेत भई जन्मे । एकदिन आयुष्मान महामोग्गल्लान भन्तेले तिनीहरूलाई देखेर सोध्नुभयो–

७६६. "गूथ नरकबाट माथि आएर दुःख मान्दै बस्ने तिमी को हौ ? निशंसय तिमीहरूले पापकर्म गरी आयौ, मैले तिमीहरूलाई कसरी चिन्ने ?

प्रेतले भन्यो–

७६७. "भदन्त ! यमलोकको दुर्गतीमा परेको म प्रेत हुँ । पापकर्मले गर्दा त्यहाँबाट म प्रेतलोकमा पुगेँ ।

भन्तेले सोध्नुभयो–

७६८. "तिमीले शरीर, वचन र मनद्वारा कुन पाप-कर्म गऱ्यौ ? कुन पाप-कर्मले गर्दा यहाँ यसरी दुःख भोग्नु परेको ?

प्रेतले भन्यो–

७६९. "म इर्ष्यालु, कुल-मात्सर्यी, कन्जुस र उपहास गर्ने हुँ । मैले बनाई दिएको विहारमा बस्नुहुने आवासिक भिक्षु लोभी भई मेरो घरमा आउँदथ्यो ।

Downloaded from http://dhamma.digital

७७०. "वहाँकै कुरा सुनेर मैले आगन्तुक भिक्षुहरूलाई उपहास गर्थें । त्यही पापकर्मले गर्दा प्रेत भई विपाक भोग गरिरहेको छु ।

७७१. "मित्रको रूपमा अमित्र, जो तिम्रो कुलूपक भिक्षु हो त्यो मूर्खले शरीर त्यागपछि कुन गतिमा पुगे ?

प्रेतले भन्यो–

७७२. "उसको पापकर्मले गर्दा उसको शीर माथि कुल्चेर बसिरहेको छु । ऊ प्रेत भई जन्मेर मेरै परिचारक भएको छ ।

७७३. "जुन भन्तेले दिसा गर्नुहुन्छ त्यो मेरोलागि भोजन हुन्छ अनि जुन मैले दिसा गर्छु त्यो खाएर नै ऊ बाँचिरहेको छ ।"

## ९. (ख) गूथ खादक प्रेतनी

यी स्त्रीको कथा पनि माथि उल्लेखित गूथ खादक प्रेतको जस्तै नै हो ।

मोग्गल्लान भन्तेले सोध्नुभयो–

७७४. "गूथ नरक माथि दुःख मान्दै बस्ने तिमी कोहौ ? निशंसय तिमीले पापकर्म गरिआयौ । तिमीलाई मैले कसरी चिन्ने ?

प्रेतनीले भनिन्–

Downloaded from http://dhamma.digital

७७५. "भदन्त ! यमलोकको दुर्गतीमा परेकि म प्रेतनी हुँ। पापकर्मले त्यहाँबाट म प्रेतलोकमा पुगेकी हुँ।

भन्तेले सोध्नुभयो–

७७६. "तिमीले शरीर, वचन र मनद्वारा कुन पाप-कर्म गर्‍यौ ? कुन पाप-कर्मले गर्दा यहाँ यसरी दु:ख भोग्नु परेको ?

प्रेतनीले भनिन्–

७७७. "म इर्ष्यालु, कुल-मात्सर्यी, कन्जुस र उपहास गर्ने हुँ। मैले बनाई दिएको विहारमा बस्नुहुने आवासिक भिक्षु लोभी भई मेरो घरमा आउँदथ्यो।

७७८. "वहाँको कुरा सुनेर मैले आगन्तुक भिक्षुहरूलाई उपहास गर्थें। त्यही पापकर्मले गर्दा प्रेतनी भई विपाक भोग गरिरहेकी छु।

७७९. "मित्रको रूपमा अमित्र, जो कि तिम्रो कुलूपक भिक्षु हो त्यो मूर्खले शरीर त्यागपछि कुन गतिमा पुगे ?

प्रेतनिले भन्यो–

७८०. "उसले गरेको पापकर्मले गर्दा उसको शीर माथि कुल्चेर बसिरहेकी छु। ऊ प्रेत भई जन्मेर मेरै परिचारक भएको छ।

Downloaded from http://dhamma.digital

७८१. "जुन भन्तेले दिसा गर्नुहुन्छ त्यो मेरोलागि भोजन हुन्छ अनि जुन मैले दिसा गर्छु त्यो खाएर ऊ बाँचिरहेको छ ।

## १०. गण प्रेत

श्रावस्तीका एकसमुहका मानिसहरू श्रद्धारहित, अप्रसन्न, मैल-चित्त, दीर्घकालसम्म दानादि सुचरित्रबाट टाढारहनाले मृत्युपश्चात नगरको नजिकै प्रेतयोनिमा जन्मे । महामोग्गल्लान भिक्षामा जानुहुँदा ती प्रेतहरूलाई देखेर सोध्नुभयो–

७८२. "नाङ्गो, दुर्वर्णरूपका, तिमीहरूको शरीरमा मासु र रगत नहुनाले पिञ्जरा समानका छौ । तिमीहरू धेरै दुब्लो तथा अस्थिपञ्जरसमान छौ । भो मारिष ! तिमीहरू यहाँ किन उभिरहेको ?

प्रेतहरूले भने–

७८३. "भदन्त ! यमलोकको दुर्गतीमा परेका हामि प्रेत हौं । पापकर्मले गर्दा त्यहाँबाट हामि प्रेतलोकमा पुगेका हौं ।

भन्तेले सोध्नुभयो–

७८४. "तिमीहरूले शरीर, वचन र मनले के पापकर्म गऱ्यौ ? कुन कर्मले गर्दा विपाक भोग्नुपर्ने प्रेतलोमा यहाँबाट जानु परेको ?

प्रेतहरूले भने–

Downloaded from http://dhamma.digital

७८५. "घाटमा, तिर्थस्थलमा, खुल्लास्थानमा बस्ने श्रमण-ब्राह्मणहरूलाई एकपैसा पनि दान दिएर पुण्यकर्म गरेनौं। दान दिने वस्तु भएर पनि हामीले आफ्नो लागि भलो हुने द्वीप बनाउन सकेनौ ।

७८६. "पानीको प्यास बुझाउन नदीमा गई पानी पिउन लाग्दा त्यहाँ पानी नभई बालुवा मात्रै हुन्छ। शीतल हुने छायाँ भए ठाउँमा बस्न जाँदा तातो हावाले पोल्छ।

७८७. "भन्ते ! हामीलाई आगो समान तातो वायु शरीरमा लाग्दा पोल्छ। यस्तैप्रकारले अन्य त्यो भन्दा पनि धेरै पापको फल भोग्नबाट हामी मुक्त छैनौं।

७८८. "अतः भोक लागेको हुनाले योजन-योजनसम्म टाढा-टाढा आहारको निमित्त खोज्दै यताउता दगुरिँछौं। तर केही पनि खान नपाउनाले फर्केर आउनुपर्छ। अहो ! हामीले पुण्य गरी आएनौं।

७८९. "भोक लाग्नाले रिँगाता लागेर मूर्छा हुन्छौं र जमिनमा नै पछारिन्छौं। कहिलेकहीं उत्तानो परेर ढल्न पुग्छौं अनि कहिलकहीं अधोमुख भई पछारिन्छौं।

७९०. "यिनीहरू पनि त्यसरी नै पतित हुन्छन्। जमिनमा नै पछारिन्छ अनि एक-आपसको काँधबाट काँध मिलाउँदै टाउकोले टेकी बस्नुपर्छ। अहो ! हामीले पुण्य गरी आएनौं।

७९१. "भन्ते ! यस्तैप्रकारले अरू-अरू यो भन्दा पनि धेरै नै पापको फल भोग्नबाट हामी मुक्त छैनौं। दान दिने वस्तु छँदा

Downloaded from http://dhamma.digital

पनि हामीले आफ्नो लागि भलो हुने द्वीप बनाएनौं ।

७९२. "अब हामीहरू यहाँबाट मुक्त भएपछि मनुष्य-योनिमा आउँदा उदार चित्तद्वारा धेरै नै पुण्यकर्म नगरि कहाँ बस्छौं र !"

## ११. पाटलिपुत्त प्रेत

श्रावस्ती र पाटलिपुत्तका धेरै मानिसहरू भेला भई व्यापार गर्नको निमित्त सुवर्णभूमिमा जान पानीजहाजमा बसेर गए । समुद्रको बीचमा पुग्दा एकजना उपासक बिरामी भई मऱ्यो । मरणको पूर्वघडीमा आफ्नी श्रीमतीको मायामा परेर प्राण त्याग गरे । उसले पुण्य गरिराखेको भएता पनि देवलोकमा नजन्मि विमानिक प्रेत भई जन्मे । उपासकको श्रीमती पनि एकदिन सुवर्णभूमिमा जाने पानीजहाजमा बसेर गइरहँदा प्रेतले आफ्नी श्रीमतीलाई चिनेर आफ्नै शक्तिले आफू बसेको विमानमा लगेर उसँग रमाइलो गरिबसे । उसले त्यहाँ सयवर्ष बिताएपछि त्यो प्रेतलाई प्रार्थना गर्दै भन्यो– भो मारिष ! म यहाँ बसेर पछिको लागि केही पनि पुण्यकर्म गर्न पाएन । त्यसैले मलाई पाटलिपुत्तमा लग्नु । श्रीमतीको प्रार्थना सुनेर प्रेतले भन्यो–

७९३. "तिमीले नरक, पशुपंक्षी, प्रेत, असुर, मनुष्य र देवताहरू देखिहाल्यौ । आफूले गरिआएको कर्मको विपाकलाई तिमी स्वयमले नै हेरिहाल्यौ । तिमीलाई केही पनि हानी नहुने गरी पाटलिपुत्तमा लैजान्छु । तिमी त्यहाँ गई कुशलकर्म गर्नु ।

श्रीमतीले भनिन्–

Downloaded from http://dhamma.digital

७९४. "भो यक्ष ! मेरोलागि तपाईं उपकारक हुनुहुन्छ । भो देव ! मेरो लागि तपाईंले भलो चिताउनुहुन्छ । मेरो लागि तपाईं गुरु हुनुहुन्छ । तपाईंले भन्नुभए जस्तै नै गर्नेछु ।

७९५. "म स्वयम्‌लेनै कर्मविपाक भोग गरिरहेकालाई देखिसकें । नरक, पशुपंक्षी, प्रेत, असुर मनुष्य र देवताहरू पनि मैले देखिसकें । त्यसैले मैले धेरै नै पुण्यकर्म गर्नेछु ।"

## १२. अम्बवन प्रेत

श्रावस्ती देशमा एकजना गृहपतिको श्रीमती र एउटी छोरी थिए । सम्पत्ति विनाश हुनाले गरीब भयो । उसकी श्रीमती पनि एकदिन मृत्युभयो । अनि आफ्नी छोरीलाई आफूसँग मिल्ने साथीकहाँ राखेर एकजना साहुकारसँग एकसय रुपियाँ सापट लिएर त्यही रुपियाँले व्यापार गरी पाँचसय रुपियाँ कमाएर फर्किरहँदा बीच बाटोमा डाकुहरूले उसलाई मार्‍यो । धनप्रति मन लगाएर मृत्यु भएकोले प्रेत भई जन्मे । पिताको मृत्यु भएको खबर सुनेर एकदिन आफ्नो पिताको नाउँमा पुण्यकर्म गर्न जेतवन विहारमा गई भगवान बुद्धसहित भिक्षुसंघलाई यागु, आँप र वस्त्र दान दिएर प्रार्थना गरिन्– भो भगवान ! यो तपाईंलाई दिएको दान मेरो पितालाई प्राप्त होओस् । "त्यस्तै होस्" भनी भगवानले अनुमोदन गर्नुभयो । पिताको उद्देश्य लिएर दान दिनसाथ प्रेतलाई विमानसहित आँपको वगैंचा, कल्पवृक्ष, पोखरी तथा महादिव्य सम्पत्ति प्राप्त भयो ।

केही दिनपछि व्यापारीहरू भेला भई व्यापार गर्न जाँदा

Downloaded from http://dhamma.digital

प्रेत भएको मार्गबाट गए । विमानक प्रेतले आफूलाई प्राप्त भएको विमानसहित समस्त वस्तु र आफ्नो रूप तिनीहरूलाई देखाउँदा व्यापारीहरूले सोधे–

७९६. "एकैसमानको घाटमा रहेको तिम्रो यो पोखरी रमणीय छ । पोखरीमा धेरै नै पानी छ । सुपुष्पित फूलहरूमा भमराहरू गुनगुनाउँदै बसिरहेका छन् । मन नै रमाइलो हुने यो विमान तिमीले कसरी पायौ ?

७९७. "यहाँ तिम्रो आँपको बगैंचा रमणीय छ, सबै ऋतुका फलहरू फलिरहेका छन् । राम्रोसँग फूलेको फूलमा भमराहरू गुनगुनाउँदै त्यसमा बसिरहेका छन् । यो विमान कसरी तिमीले पायौ ?

प्रेतले भन्यो–

७९८. "शीतल छायाँ र रमाइलो लाग्ने यी सबै मेरी छोरीले पाकेको आँप, यागु र पानी दान दिएकी हुनाले यहाँ मैले पाएको हुँ ।

छोरीको पनि विवाह भएपछि छोरा एउटा पाएर उसले यसरी भनिरहन्थिन् –

७९९. "दान, दम, संयमको विपाकलाई यहींको यहीं भोग गर्न पाउने कर्मलाई हेर त– म पहिला आर्यकुलमा दासी भई बसेकि थिएँ । अहिले म यो घरकी बुहारी हुनुकासाथै मालिकनी पनि भएँ ।"

Downloaded from http://dhamma.digital

## १३. अक्खरुक्ख प्रेत

श्रावस्तीका एकजना उपासक गाडामा पुरा माल-सामान राखी विदेशमा गई आफ्नो सामान बेचेपछि त्यहीँ देशको सामान लिएर फर्किंदा जङ्गलको बीच हिलोमा गाडाको चक्का फस्दा निकाल्न सकेन । त्यसबेला एकजना मान्छे दाउरा लिन भनी त्यतैतिर जाँदा त्यहाँको घटना देखेर उसप्रति अनुकम्पा राखी रुखको लट्ठि बनाई त्यस खाल्डोबाट निकालेर पठायो ।

एकदिन त्यही मानिस मरेर त्यहीँ जङ्गलमा भूमि-देवता भई जन्म्यो । आफ्नो कर्मानुसार भूमि देवता भएको देखेर राती उपासकको घरमा गई दैलो अगाडि उभिएर यसरी भन्यो–

८००. "दाताले जुन दान दिन्छ त्यो दान नै परलोकमा अवश्य फल पाउँछ । यो वा त्यो श्रद्धापूर्वक दान दिनुपर्छ, दान दिंदा दुवै लोकमा अनर्थबाट वा दुःखबाट बच्नेछ । दान दिंदा दुवै लोकमा ऊसँगै जान्छ । प्रमादी नहुनु तथा जागरण भई बस्नु ।"

## १४. भोगसंहरण प्रेतनी

राजगृहका चारजना आइमाईहरू व्यापारको सामानमा मिसावत गरी, छल्कपट गरी अनि अधर्मी भई भवभोग सम्पत्ति कमाएर बसेकी थिइन् । तिनीहरू मरेपछि नगरको बाहिर प्रेतनी भई दुःखाभिभूत हुँदै यसरी कराउँथिन्–

८०१. "हामीले धर्म वा अधर्मपूर्वक भवभोग सम्पत्ति जम्मा गर्‍यौं । त्यो सम्पत्ति भने अहिले अरूले भोग गरिरहेका छन् । हामी भने दुःखका भागीदार भयौं ।"

Downloaded from http://dhamma.digital

## १५. सेट्ठिपुत्त प्रेत

कोशलका राजा प्रसेनजित मध्यरातमा सुत्छु भनी शयनागारतिर जानुहुँदा चारजना साहुका छोराहरू व्यभिचारी तथा भोगमा मदमस्त भएका मृत्यु पश्चात लोहकुम्भी नरकमा भोग गरिरहँदा चिच्याउँदै कराएको शब्दहरू 'सा, अ, 'दु, र न सुनेर भयभीत हुँदै भगवान बुद्धकहाँ गई त्यो शब्द सुनाएर सोध्नु हुँदा ती अपूर्ण अक्षरलाई पूर्ण गरी आज्ञा हुनुभयो–

पहिलोले भनेको–

८०२. "जम्माजम्मी गर्दा साठ्ठीहजार वर्ष परिपूर्ण भइसक्यो नरक भोग गरिरहेको यो दु:खबाट कहिले मुक्त हुने ?

दोस्रोले भनेको–

८०३. "भो साथी ! अन्त भनेको नै छैनरहेछ, कहीले अन्त हुने हो ! अन्त हुने थाहा पाउन सकेन । तिमी र मैले त्यस्तै पापकर्म गरिंदा अहिले त्यसको फल प्रकट भइरहेको हो ।

तेस्रोले भनेको–

८०४."आफूसँग जे छ, त्यो दान दिएनौं । दुर्जीवित भई बसें । दान दिने वस्तुहरू छँदा पनि दान दिएनौं । आफ्नो निम्ति द्वीप बनाउन सकिन ।

चौथोले भनेको–

Downloaded from http://dhamma.digital

८०५. "अब म यो नर्कबाट मुक्त भएपछि मनुष्य भई जन्मिंदा शीलवान र उदार-चित्तको भई धेरै नै कुशल कर्म गर्नेछु ।"

## १६. सट्ठिकूट प्रेत

गुलेली हान्नमा निपुण एकजना मान्छेले गङ्गा नदीको किनारमा वृक्ष मुनि बसिरहनु भएका सुनेत्त प्रत्येकबुद्धलाई देखेर वहाँको टाउकोमा गुलेलीले हान्दा टाउकोमा लागेर टाउको फुट्यो । वहाँ त्यहीं निर्वाण हुनुभयो । त्यो पापी मरेपछि अवीचि नरकमा एकलाख वर्षसम्म दुःख भोग गरेपछि बाँकि भएको विपाक फल भोग्न राजगृह नगरको नजिकै प्रेत भएर जन्म्यो । बिहान, दिउँसो र सन्ध्याको समयमा साट्ठीहजार चुच्चोको गद्दासमान ढुङ्गाले त्यो प्रेतको शीरमा हान्दा शीर नै छिन्नभिन्न हुन्थ्यो । अति नै दुःखाइले गर्दा भूँइमा ढल्थ्यो । अनि फेरि प्रेतले माथि हेर्दा शीर माथि नै गद्दासमानको देख्दा डराउँदै भाग्थ्यो । त्यो घटना आयुष्मान महामोग्गल्लान भन्तेले देखेर सोध्नुभयो–

८०६. "तिमी बहुला झैं अथवा डराएको मृग झैं भई किन दगुरिरहेको ? अतालिंदै किन कराएको ? पक्कै पनि तिमीले पापकर्म गरी आएको हुनुपर्छ ।

प्रेतले भन्यो–

८०७. "भदन्त ! यमलोकको दुर्गतीमा परेको म प्रेत हुँ । पापकर्मले गर्दा त्यहाँबाट म प्रेतलोकमा पुगेको हुँ ।

८०८. "सबैतिर परिपूर्ण साट्ठीहजार चुच्चोको गद्दा-

Downloaded from http://dhamma.digital

समान ढुङ्गा मेरो शीरमा खस्दा मेरो शीर फुट्छ ।

भन्तेले सोध्नुभयो–

८०९. "तिमीले शरीर, वचन र मनले के पापकर्म गऱ्यौ ? कुन कर्मले गर्दा विपाक भोग्नुपर्ने यहाँबाट प्रेतलोकमा जानुपरेको ?

८१०. "सबैतिर परिपूर्ण भएको साठ्ठीहजार चुच्चोको गद्दासमान ढुङ्गा तिम्रो शीरमा खस्दा शीर छिन्नभिन्न हुन्छ । (तिमीले के गरेको हुनाले यस्तो भोग्नु परेको ?)

प्रेतले भन्यो–

८११. "भाविततिन्द्रिय, निर्भयी, वृक्षमुनि ध्यानरत सुनेत्त सम्बुद्धलाई मैले देखें ।

८१२. "मैले वहाँलाई गुलेलीले हानी शीर फुटाइ दिएँ । त्यही कर्मले गर्दा यो दुःख-विपाक भोग्नु पऱ्यो ।

८१३. "सबैतिर परिपूर्ण साठ्ठीहजार चुच्चोको गद्दासमान ढुङ्गा मेरो शीरमा खसेर शीर नै छिन्नभिन्न हुन्छ ।


भन्तेले भन्नुभयो–

८१४. "भो घृणित पुरुष ! "सबैतिर परिपूर्ण साठ्ठीहजार चुच्चोको गद्दासमान ढुङ्गा तिम्रो शीरमा खसेर शीर छिन्नभिन्न हुनु त धर्मपूर्वक नै भोग्नु परेको रहेछ ।"

पेतवत्थ समाप्त

Downloaded from http://dhamma.digital

## अनुवादकको संक्षिप्त परिचय



| | | |
|---|---|---|
| नाम | : | भिक्षु बोधिसेन महास्थविर |
| जन्म मिति | : | वि.सं. २००७ माघ २५ गते (शुक्ल प्रतिपदा) |
| जन्म स्थान | : | गाबहाल, पाटन |
| गृहस्थ नाम | : | बुद्धरत्न बज्राचार्य |
| पिताको नाम | : | महन्त बज्राचार्य |
| माताको नाम | : | केशरी बज्राचार्य |

आफू ६ वर्षको हुँदा पिता महन्त बज्राचार्य सहित दुवै माता (जेठी आमा र कान्छी आमाले) गृहस्थाश्रम त्याग गरी कुशिनगर भारतमा श्रद्धेय भिक्षु चन्द्रमणि महास्थविरको आचार्यत्वमा प्रव्रजित जीवन ग्रहण गर्नुभयो । उहाँहरूकै अनुकरण गरी २०२३ साल बैशाख महिनामा भिक्षु अतुलसेन महास्थविरको आचार्यत्वमा बहुजन बौद्ध आनन्द विहार सोनादा, (दार्जीलिङ्ग) भारतमा श्रामणेर हुनुभयो ।

| | | |
|---|---|---|
| उपसम्पदा (पूर्ण भिक्षुत्व) | : | २०२७।७।२१ का दिन मालनदी उदक सीमा । |
| उपाध्याय | : | भिक्षु धर्मधर महास्थविर । |
| आचार्य | : | भिक्षु अतुलसेन महास्थिर । |

### निर्माण कार्य

| | | |
|---|---|---|
| १. विहार निर्माण सदस्य | : | बहुजन बौद्ध आनन्द विहार, सोनादा (दार्जीलिङ्ग) |
| २. विहार जिर्णोद्धार सदस्य | : | बौद्ध संघाश्रम, मालबजार (जलपाइगुडी) भारत |
| ३. विहार जिर्णोद्धार प्रमुख | : | सुदर्शन, बनेपा, (काभ्रे) । |
| ४. विहार संस्थापक | : | बोधिचर्या, बनेपा (काभ्रे) । |

| | | |
|---|---|---|
| शिक्षा | : | माध्यामिक शिक्षा, दार्जीलिङ्ग । |
| धार्मिक शिक्षा | : | सूत्र-विनय विशारद (बी. ए.) सिलिगुडी (दार्जीलिङ्ग) |
| भ्रमण | : | भारत, भुटान, बर्मा, थाईल्याण्ड र श्रीलंका । |
| संस्था | : | भू पू अ. ने. भि. महासंघ अध्यक्ष, बु. ज. स. स. धर्मानुशासक, बोधिचर्या ज्ञानमाला संघका धर्मानुशासक, बोधिचर्या परियत्तिको केन्द्राध्यक्ष र पूर्वाराम बिहारका धर्मानुशासक । |
| म्यानमार सरकारबाट उपाधि | : | महासद्धम्म जोतिकधज |
| इच्छा | : | धर्म प्रचार, धर्म ग्रन्थहरू लेख्ने र मित्रता । |

Downloaded from http://dhamma.digital